नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६६/०६७ चैत्र पूर्णिमा/अधिकमास-३७ | अंक १२/१३ | The Ananda Bhoomi (Year 37, Vol. 12/13)
बु.सं. २५५३ | ने.सं. ११३० | A Buddhist Monthly : April/May 2010

*प्रमुख सल्लाहकारः*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ.कु.वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ.कु.वि.संस्था)

*सल्लाहकारः*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगीः*
मिलन श्रेष्ठ, जुजुभाई तुलाधर, संघरत्न शाक्य

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद

*लेखा व्यवस्थापनः*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*आवरण सज्जाः*
फलसमान शाक्य

*सम्पादन सहयोगीः*
भिक्षु जनक, विश्व शान्ति विहार

*सम्पादक/प्रकाशन संयोजकः*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरूः*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु चन्दिमो, भिक्षु जवन, अ.इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्ग), विजय गुरूङ्ग (लमजुङ्ग), शेखर शाक्य (नारायणगढ) ।

*मुद्रणः*
डट्स प्रिन्टिङ्ग हाउस, प्रयागपोखरी, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**अत्ता हि अत्तनो नाथो, कोहि नाथो परोसिया ।**
**अत्तना व सुदन्तेन, नाथं लभति दुल्लभं ।।**

व्यक्ति आफ्नो मालिक-नाथ आफै हो । आफूबाहेक अरू नाथ को छ र ? आफैले आफूलाई दमन गर्नेलाई दुर्लभ नाथ (निर्वाण) प्राप्त हुन्छ ।

*- धम्मपद, १६०*

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू. १५०/- | एकप्रति रू. १५/- | वार्षिक ग्राहक बनी सहयोग गरौं ।

गताङ्कमा प्रकाशित




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फाय्क्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

## विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सम्पादकीय | | ३ |
| २. | प्राचीन ब्राह्मण धर्म | सत्यनारायण गोयन्का | ४ |
| ३. | भारतमा बन्दैछ लुम्बिनी | प्रकाश पन्थी | ६ |
| ४. | बुद्धस्थललाई विवादित गर्ने षडयन्त्र | कोण्डन्य | ८ |
| ५. | धर्मनिरपेक्षता गणतन्त्रको आधार | टिकाराम यात्री | ११ |
| ६. | धर्मको आवरणमा झिँगा | खगेन्द्र संग्रौला | १३ |
| ७. | सदाग्रह र हिन्दूत्व | सीके लाल | १५ |
| ८. | राज्य-धर्म बारे काँग्रेस | नरहरि आचार्य | १८ |
| ९. | धरानको परियत्ति परीक्षामा जाँदा | उर्मिला सापकोटा | २१ |
| १०. | असेवनाच बालानं एतं मंगल मुत्तमं | सामणेर धम्मघोष | २३ |
| ११. | अयोध्यामा भगवान् बुद्ध | ईश्वर मान सिंह | २४ |
| १२. | दयाकरूणाले कहिले प्राथमिकता पाउन? | केशरी वज्राचार्य | २५ |
| १३. | निर्णय प्रकृयाको लागि बुद्धशिक्षा | शिशिल चित्रकार | २७ |
| १४. | प्रकृतिको दृष्टिमा मान्छे | डा. गणेश माली | २८ |
| १५. | मैत्रीकेन्द्र बाल आश्रमको संक्षिप्त चिनारी | ले. बि. राउत | २९ |
| १६. | निर्वाण कामना | भिक्षु उत्तम | ३० |
| १७. | दशपारमिता-२ | आचार्य भिक्षु कुमार काश्यप महास्थविर | ३१ |
| १८. | Main Cause Behind Suffering | Bhikshu Upatissa | 33 |
| १९. | बौद्ध गतिविध | | ३५ |
| २०. | हिन्दूराष्ट्रको नाममा साम्प्रदायिक हिंसा ...... | सन्तोष पौडेल | ४० |

# सम्पादकीय

## समयमै संविधान बनोस्, शान्ति छाओस्

दिन कट्नु, दिन ढल्नु स्वाभाविक हो, परिवर्तनशील प्रवाहको गतिसँगै हामी र हामीसँग आवद्ध सबै सबै एक स्वरूपबाट अर्को स्वरूपमा परिणत हुँदै, परिवर्तित चक्रिय पद्धत्तिअनुरूप आजबाट भोलि, भोलिबाट पर्सि, एकहप्ता, एकमहिना, छमहिना गर्दै एकवर्ष कट्नु पनि कुनै अस्वाभाविक प्रकृया होइन तर त्यसको ख्याल गर्न समय मापनसँगै नयाँ वर्षको गिन्ति गर्छौं । यसै क्रममा वि. सं. २०६६ पार भई वि. सं. २०६७ मा प्रवेश गरेका छौं । फगत औपचारिकतालाई निरन्तरता दिनुभन्दा समयको गतिसँगै परिवर्तनलाई आत्मसात गर्दै व्यक्तिस्वयंले विकास, अभिवृद्धिलगायत अगाडि बढ्नुभन्दा पछाडि पछाडि ढकेलिने कार्यलाई चटक्क त्याग्न सकौं, हृदय परिवर्तन गरी व्यवहारमा परिवर्तन ल्याउन सकौं, नैतिकवान होऔं, समाज, धर्मलगायत राष्ट्रप्रति जिम्मेवारी भावनाको बोध गरी विकासतर्फ अघि बढौं भन्ने भावनासहित नयाँ वर्षको शुभकामना आदान-प्रदान गर्नु रचनात्मक पक्ष होला ।

६७ सालसँगै सबैमा कौटुहलता जागिरहेको मूल इस्यू भनेकै संविधान समयमै आउनु पर्‍यो भन्ने हो । दशवर्षीय जनयुद्ध तथा ६२/६३को दोस्रो जनआन्दोलनसँगै वृहत शान्तिसम्झौतापछि अन्तरिम संविधान-०६३ हुँदै नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक-गणतान्त्रिक राज्यका रूपमा अगाडि बढाउने निर्णयसहित वर्तमान संविधान सभासम्मको ऐतिहासिक कठिन यात्रा तय भएको हामी सबैलाई थाहा भएकै कुरा भयो । देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य पुनःसंरचनामा परिणतहुँदै जनताले नै संविधान निर्माण गर्ने संविधान सभाजस्तो युगान्तकारी ऐतिहासिक जिम्मेवारी वहन गरी संविधान लेखनकार्यको यो अत्यन्त संवेदनशील संक्रमणकाल यंचिञ्चितसुखद्रूपमा अगाडि बढिरहेको छैन, यो वास्तविक सत्य हो । जेठ १४, २०६७ भित्रमा नयाँ संविधानको घोषणा होला, राजनीतिक स्थीरता आउला अनि राज्यमा दीगोशान्ति छाउला भनी भारी आशा बोकेका जनताहरु जति जति दिन नजिकिंदै छ, त्यति त्यति निराश र निरस भएका छन् ।

यथार्थतः देशमा शान्तिलाई सुनिश्चिता दिन संविधान निश्चित समयमा आउन सकेन भने के होला, कसो होला भन्ने जनताको ठूलो चिन्तालाई बेवास्ता गरी द्वन्द्वको समाधान द्वन्द्वबाटै हुन्छ भन्ने हठवादीतापूर्ण विधिव्यवहार प्रदर्शन हुँदैजानु, कुर्सी मोह र सत्तालिप्साका लागि गणितीय खेल रच्नु, वृहत शान्ति सम्झौतालाई सम्बद्ध पक्षले परिपालन नगरी शक्तिसंचय र आआफ्नो अस्तित्व कायम गर्दैजानेजस्ता प्रतिकूल परिदृश्यको रिहलसल भइरहनु, हिंसात्मक गतिविधिलाई निरन्तरता दिँदैजाने मानसिकतामा कमी नआउनु आदि पक्ष शान्तिपूर्ण निकासका लागि बाधक एवं प्रत्यूत्पादक कदम हुनसक्छ । यसउसले जिम्मेवार भनाउँदा नेता, राजनेताहरू साँच्चै देश र जनताको सदैव हितसुख चाहने हो भने व्याप्त द्वन्द्व निराकरणार्थ दीर्घकालीन समाधानका लागि सम्बद्ध सबै सबैले जसरी हुन्छ समयमै संविधानको घोषणा गर्न मिलन विन्दूमा आवद्ध हुनसक्नु आजको प्रमुख आवश्यकता हो तर यसमा सम्बद्ध संघसंस्थाले जे जसरी, जुनरूपबाट अगाडि बढ्नुपर्ने हो, त्यसमा पुनर्विचार गर्नैपने भएको छ ।

यो संवेदनशील घडीमा धर्मनिरपेक्षता, संघीयताविरूद्ध विष वमन गर्नेहरू एकपछि अर्को विभिन्न आकार प्रकारान्तरमा सल्बलाउँदै छन् । अतिवादीहरू देशी र विदेशी शक्तिलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रस्तुत गर्ने गरिरहेका छन् । सरकारमा बहालवालादेखि परदेशी राजनैतिक नेता तथा थरिथरिका साधुबाबासन्यासीहरू नियोजित रूपमै नेपाललाई पुनः हिन्दू राष्ट्र गर्नुपर्छ, जनमत संग्रह गर्नुपर्छ भन्नेजस्ता नारालाई घन्काउने दुस्साहस गरिरहेका छन् । यसउसले खवदारीसहित धर्मनिरपेक्षतावादीहरूले निरन्तर सजगता अपनाउँदै धर्मनिरपेक्षताको सुनिश्चिताका लागि आवश्यक पहलकदमलाई निरन्तरता दिइरहनु अपरिहार्य विषय भएको छ ।

जनताका भनाउँदा सरकार, नेता, राजनीतिक दल अनावश्यक 'शक्ति द्वन्द्व' हावी गराउनुमै तँछाडमछाड गरिरहनु, एकले अर्कोलाई निमिट्यान्न पार्न दाउँपेचमा अल्झिनुजस्ता अहितकर विषयबाट माथि उठ्नु सक्नुपर्छ । अनिमात्र विद्यमान 'शक्ति द्वन्द्व' ले निकास पाई त्यागभावनासहितको सहमति, सहकार्य तथा मैत्रीपूर्ण भाव जगाई बेलैमा परिवर्तनगामी जनताले चाहेअनुरूप बेलैमा संविधान घोषणा गर्न सकिने छ । बेलैमा संविधान घोषणा गर्न, त्यसका लागि आपसि सहमति गर्न मैत्रीभावसहित अगाडि बढ्न सकोस्- यही हार्दिक शुभकामना ।

# प्राचीन ब्राह्मण धर्म



✍ सत्यनारायण गोयन्का

भगवान् श्रावस्तीमा विहार गरिरहनुभएको थियो । त्यस समयमा कोशलका धेरै युवक, बूढो तथा धनी धनी ब्राह्मणहरु भगवान्को धर्म सुन्न आए । तीमध्ये एकजनाले प्रश्न सोधे कि आजकल पनि पुरातन ब्राह्मण धर्मअनुसार जीवन जिउने कोही ब्राह्मण छ ?

भगवान्ले उत्तर दिनुभयो– आजकल त्यस्तो ब्राह्मण छैन । ती ब्राह्मणहरूले पुरातन ब्राह्मण चर्याको विषयमा भगवान्बाट सुन्न चाहे । भगवान्ले उनीहरूलाई त्यस विषयमा सविस्तार वर्णन गर्नुभयो ।

पुराना ब्राह्मण ऋषी आत्मसंयमित र तपस्वी हुन्थे । उनीहरूले पाँच प्रकारका इन्द्रिय सुखलाई त्यागेर आफ्नो कल्याण हुने काम गर्दथ्यो । ती ब्राह्मणहरूसंग धन-धान्य, पशु तथा सुनचाँदी केही हुँदैनथ्यो । स्वअध्ययन अर्थात् आफूभित्र जान्नु नै उनीहरूको धन थियो र यस धर्मलाई पालन गरेर यसको सुरक्षा गर्दथ्यो ।

गृहस्थीहरु श्रद्धापूर्वक उनीहरूका लागि खाना पकाएर ढोकामा राख्थे । कोही ब्राह्मणले माग्न आयो भने योग्य सम्झेर दान दिन्थे । समृद्ध जनपद तथा राष्ट्रको मानिसहरूले विभिन्न प्रकारका रंगीन वस्त्र, विछ्यौना र निवास स्थान बनाएर दान गर्दथे । ब्राह्मणलाई कुनै नियम थिएन, तिनीहरूले धर्मको रक्षा गर्दर्थ्यो भने धर्मले तिनीहरूको रक्षा गर्दथ्यो । सबै गृहस्थका घरमा उनीहरूको प्रवेशका लागि ढोका खुल्ला थियो । प्राचीन समयका ब्राह्मणहरु अठ्चालीस (४८) वर्षसम्म बाल-ब्रह्मचारी रहन्थ्यो र विद्या र आचरणलाई राम्ररी पालना गर्दथ्यो ।

गृहस्थ ब्राह्मणहरु आफ्नो जीवनको लागि अन्य स्त्रीसमक्ष जान्दैनथे, परस्पर प्रेम भएका स्त्रीसंग आफ्नो जीवन बिताउँथे । यिनीहरु ब्रह्मचर्य, शील, सरलता, नम्रता, तप, सौजन्य, अहिंसा तथा क्षमा आदि मनपराउँथे तीमध्ये ब्रह्मा कहलिएका ब्राह्मण गृहस्थ जीवनमा प्रवेश नै गर्दैनथे तिनीहरु आजीवन अखण्ड ब्रह्मचर्यको पालना गर्दथे । यिनीहरूको आचरण अनुसरण गर्ने अन्य विज्ञ व्यक्तिहरु ब्रह्मचर्य, शील र क्षमाको प्रशंसक हुन्थे र धार्मिक रीतिपूर्वक चामल, घ्यू, तेल मागेर ल्याउँथे र यज्ञ गर्दथे । भगवान्ले यो पनि बताउनुभयो कि यज्ञमा गाईको बलि दिइदैनथे । भगवान्ले गाईको गुण बारे वर्णन गर्नुभयो । आमा, बुबा, दाजु, भाइ तथा अन्य साथी भाई झैं गाई पनि हाम्रो परम मित्र हो । गाईलाई जोतिन्छ त्यसको गोबरमा वनस्पति तथा औषधि उब्जिन्छ । उब्जेको अन्न खाएर नै बल, सुख र वर्ण हामीले प्राप्त गर्दछौं । त्यसैले गाईको हत्या गरिँदैन । सुकुमार, महाकाय, वर्णवत र यशस्वी ब्राह्मण आफ्नो धर्मको साथ-साथै कर्तव्य पालन गर्न तत्पर थिए त्यसैले त्यस समयका प्रजा सुखी थिए ।

दुर्भाग्यले यो अवस्था बिग्ऱ्यो । ब्राह्मणहरु तपश्या र त्यागको प्राचीन नैतिक जीवनबाट पतित भए र तिनीहरूको अधो पतन भएको एउटा सजीव चित्र पनि भगवान्ले प्रस्तुत गर्नुभयो । भगवान्ले भन्नुभयो राजाको विशाल सम्पत्तितर्फ ब्राह्मणको ध्यानाकर्षण भयो । राजाको वरिपरि रहने सुन्दर स्त्रीहरु, राम्रा बुट्टेदार रथ, थुप्रै कोठाहरु भएको दरबार, अलंकृत पहिरणतिर आकर्षित हुँदै गयो । तिनीहरूको दाँजोमा आफ्नो सादा-रूखो जीवनमा केही रस देखेन, मनमा कामनाहरु उब्जिन थाले । र विस्तारै सुन्दर नारीहरूप्रति आकर्षित भए । यस प्रकार पुरातन समयका सात्विक ब्राह्मणहरूको पतन आरम्भ भयो । र ठग विद्याद्वारा राजालाई आफ्नो वशमा राखे । आफूले मन्त्र रचेर इक्ष्वाकु राजाकहाँ गएर भने कि राजा तिमी धन-धान्य सम्पन्न छौ, यज्ञ गर । तिमी सम्पत्तिशाली छौ, यज्ञ गर । र राजाले ब्राह्मणको कूरा स्वीकार गरी अश्वमेघ, नरमेघ, सम्मापास, वाजपेय र निरर्गल नामका यज्ञहरु गरे र पुरोहित ब्राह्मणहरूलाई धन दिए । गाई, खाता, वस्त्र, आभूषणधारी स्त्री, असल घोडा, सुसज्जित बुट्टादार रथ र धन-धान्यले भरपूर भव्य भवन ब्राह्मणहरूलाई दक्षिणास्वरूप प्रदान गरे । यस वर्णनबाट स्पष्ट हुन्छ कि पूर्वकालीन ब्राह्मण यसप्रकारका विलासी सामग्रीहरु दानमा लिईदैन थिए होलान् । त्यागी जीवनको लागि जति आवश्यक थियो त्यति नै दक्षिणा

स्वीकार गर्दथ्यो । यहाँ यो पनि स्पष्ट हुन आउँछ कि राजालाई राज्य वैभव बढ्ने र युद्धमा जित्ने प्रलोभन देखाएर हिंस्रक यज्ञहरु रचेका हुन् । यसको बदला आफूलाई विलासमय, वैभवमय जीवन यापन गर्ने मार्ग खोल्यो । यसप्रकार त्यागी, तपश्वी ब्राह्मणहरूको पतन भयो । यति मात्र होइन कि कोही उचाईबाट चिप्लेर लड्यो भने कति तल खस्छ भन्ने थाहा हुँदैन । यस्तै भयो र अधोपतन घोर अधोपतनमा बदल्यो ।

धन प्राप्त भएपछि ब्राह्मणहरूले त्यसको संग्रह, परिग्रह गर्ने काम शुरू गऱ्यो । आफ्नो इच्छा पूरा गर्न निमग्न हुन थाले, तृष्णा बढ्दै गयो ।

नयाँ मन्त्र रचेर तिनीहरु फेरि इक्ष्वाकु राजा समक्ष भेट्न गए । यस मन्त्रमा अधिक बल छ । यसबाट राज्य वैभव अधिक समृद्ध हुन्छ भन्ने आश्वासन दिए । एकातिर आफ्नो तृष्णा बढ्यो अर्कोतिर राजाको तृष्णा बढ्यो र यज्ञको नाममा हुने अर्थ अनर्थमा बदल्यो । यसबाट एउटा अनुमान गर्न सकिन्छ कि पूर्वकालका ब्राह्मण निरामिष भोजन गर्दथे । हिंसात्मक यज्ञ यसकारण गर्न लगायो होला कि उनीहरु पनि अरूले झैं मांस-भक्षण गर्न सकून् । सामान्यतया मासु खानु एकदम लज्जास्पद कुरा हुन गयो होला । परन्तु देवताको प्रसादको रूपमा खायो भने मानिसहरूले केही भन्दैन भन्ने सोचे । यसप्रकार ब्राह्मणहरूले मासु खान थाले । अन्य प्राणीहरूको मासु खाँदा खाँदा गाईको मासु खाने इच्छा पनि प्रबल भयो होला । त्यस समय सम्म सायद भारतमा गाईको हत्या गरिंदैन थियो । जुन गाईले दिएको दूधबाट बनिने अनेक परिष्कार यति स्वादिष्ट हुन्छ भने गाईको मासू त झन कति स्वादिष्ट होला भन्ने सोचेर गो-मेघ यज्ञ जस्ता नयाँ मन्त्र रचे होलान् । र यस्तो यज्ञ गऱ्यो भने राजाले अपार राज्य वैभव प्राप्त गर्नेछ भन्ने आश्वासन दिएर लोभी पुरोहित र लालची राजाको गठवन्धनबाट देशमा पहिलो पटक गाईको हत्या गरियो ।

गाईको हत्या गर्नको लागि नयाँ मन्त्र रचेर राजासमक्ष आए र जस्तो पानी, पृथ्वी, सुन तथा अन्य धन छ त्यस्तै नै गाई पनि मनुष्यको लागि नै हो । त्यो पनि उपभोग गर्ने वस्तु हो । यसरी प्रेरित गरेर गाईको हत्या गर्ने यज्ञ गरायो र राजाले पनि उनीहरूको कुरा सुनेर हजारौं गाई हत्या गरेर यज्ञ गरे ।

यस कार्यदेखि देवता, पितृ, इन्द्र र असुरहरूले यस अधार्मिक कार्यप्रति विद्रोह गरे । यसअघि सायद गाईको हत्या हुँदैन थियो । भगवान् बुद्धले गाईको गुणबारे वर्णन गर्नुभएको छ, कि गाईले कसैको हिंसा गर्दैन न खुट्टाले न सिंगले न अन्य कुनै अंगबाट । गाई भद्र हुन्छ, गाग्रीभरी दूध दिन्छ । त्यस्तो गाईलाई सिंग समातेर अन्य शस्त्रको प्रयोग गरी हत्या गरायो ।

जबसम्म यज्ञ केवल अन्न, तेल, घ्यू, तील तथा अन्य दालका प्रकारबाट हुन्थ्यो तबसम्म यज्ञ गर्न लायक थियो । तर जब यज्ञमा अधिक पशुहरु बलि दिन थाल्यो तब पवित्र यज्ञ स्थल पशु हत्या गर्ने स्थल झैं हुन गयो । सदाचारको जीवन जिउने पूज्य तपश्वी ब्राह्मणको जीवन एक हत्याराको जीवन झैं हुन गयो अझ भनौं यस हत्यालाई धर्मको कवच लगाई दिएर त साधारण बगरेभन्दा पनि अधिक गए-गुज्रेको हुन गयो । यज्ञस्थलमा गाईको हिंसा गर्न थाले पछि त उनको अवस्था झन भयंकर भयो । यसकार्यमा साथ दिने र यज्ञ गराउने त्यसको सहयोग गर्ने समाजका व्यक्तिहरूको अधो पतन हुन गयो । दुःखले ग्रसित हुन गयो ।

पहिला केवल तीन प्रकारका रोग थिए । पहिलो इच्छा, दोस्रो भोक र तेस्रो बूढो हुनु । पशुको हत्या हुन थालेपछि अन्ठानब्बे प्रकारका रोग हुन थाले ।

धर्मको नाममा पशुको हत्या आरम्भ भयो । यही अनर्थ भयो, अधर्म भयो । धर्मको नाममा जब गाईको हत्या गरियो तब घोर अनर्थ भयो । घोर अधर्म भयो । धर्मको नाममा चलिरहेको यो अधर्म र अनर्थलाई रोक्न भगवान् तत्पर हुनुहुन्थ्यो ताकि जुन दोषमा सारासमाज निमग्न थिए उनीहरूलाई दोष मुक्त गर्न सकुन् । जस्को कारण ब्राह्मण समाजको अधो पतन भएको थियो तिनीहरूलाई त्यसबाट निकाल्न सकुन् । जहाँ, जबजब अवसर आयो तबतब भगवान्ले यस दूषित प्रथालाई हटाउने भरसक प्रयत्न गर्नुभयो । प्रज्ञा र करूणाले परिपूर्ण भएर प्रयत्न गर्नुभयो ।

# भारतमा बन्दै छ लुम्बिनी .....

✍ प्रकाश पन्थी

***गौतम बुद्धको मावली देवदह, जन्मस्थल लुम्बिनी र दरवार तिलौराकोट प्याकेजमै बन्दैछन् भारतमा***

***नेपालको जस्तै 'भग्नावशेष' बनाउन करोडौंको प्रोजेक्ट रातदिन खटाइएका छन् ट्याक्टर र मजदुर बुद्ध भारतमैं जन्मेको दाबी, नेपालले नक्कल मात्र गर्न खोजेपनि असफल भएको आरोप***

बुद्ध भारतमा जन्मेका हुन् भनेर किताब छाप्ने भारतले अब नक्कली लुम्बिनी र तिलौराकोट पनि बनाउन थालेको छ । बुद्धको जन्मस्थलसम्बन्धी सबै विश्वमान्यता परिवर्तन गर्न भारतले उत्तर प्रदेशको अलिगढवामा धमाधम निर्माण कार्य गरिरहेको छ ।

नेपालको कपिलवस्तुसँग सीमा जोडिएको अलिगढवामा नक्कली कपिलवस्तु निर्माण कार्य अन्तिम अवस्थामा छ । उत्तर प्रदेशको सिद्धार्थ नगर जिल्लाअन्तर्गत पिपरहवा क्षेत्रलाई भारतले कपिलवस्तु नामाकरण गरेर बुद्ध भारतमैं जन्मेका हुन् भन्ने प्रमाणित गर्न खोजिरहेको छ ।

विश्वशान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्धले भारतको बोधगयामा बुद्धत्व प्राप्त गरेका भएपनि उनको जन्म नेपालको लुम्बिनीमा भएको थियो । उनी तिलौराकोटमा राजा सुद्धोदनको दरवारमा हुर्केका थिए ।

तर, भारतले भने सुद्धोदनको दरवार तिलौराकोट गौतम बुद्धको मावली देवदह र उनको जन्मस्थल लुम्बिनी सारा भारतमैं बनाउन थालेको छ । अलिगढवामा बुद्धसित सम्बन्धित विभिन्न निर्माण कार्य तीब्र गतिमा भइरहेका छन् । ट्याक्टर मात्र हैन पचासौं मजदुर खटिएका छन् ।

नक्कली लुम्बिनीको सुरक्षार्थ खटिएका अलिगढवाका राकेश भारतीले बुद्ध नेपालमा होइन भारतमैं जन्मिएको दाबी गरे । उनका अनुसार त नेपालले भारतीय सम्पदाको नक्कल गरेर लुम्बिनी र तिलौराकोट बनाएको हो । 'बुद्धसँग सम्बन्धित धेरै प्रमाण भारतसँग छन् । नेपालले त नक्कल गरेको हो । अब भारतले बुद्ध गन्तव्यलाई थप



भारत आलिगढवामा निर्माणाधीन नक्कली लुम्बिनी

आकर्षक बनाउँदै छ त के खराबी भयो ?' उनले भने ।

माइतीबाटै फर्कंदै गरेकी आमा मायादेवीको कोखबाट बाटोमैं लुम्बिनीमा जन्मेका बुद्ध २९ वर्षको उमेरमा दरवार छाडेको नेपाली संस्कृतिविद्हरूको दावी छ । 'हामीलाई त थाहा भएन, देवदह, तिलौराकोट र लुम्बिनी सारा यतै बन्दैछन्' अलिगढवामा कामगर्दै भेटिएका भारत नौगढका एक मजदुरले भने ।

निर्माणमा खटिएका मजदुरका अनुसार सन् २०१२ भित्र देवदह र लुम्बिनीसहित नक्कली कपिलवस्तुले अन्तिम रूप लिंदैछ । भारतीय योजना अनुसार आगामी २ वर्षभित्र निर्माण पुरा गर्न करोडौं रूपैंया खर्च भइसकेको छ । नक्कली निर्माणलाई सक्कली प्रमाणित गर्न भारतले देवदह, लुम्बिनी र तिलौराकोटका भग्नावशेषलाई पनि नक्कल गरेको छ । यताका भग्नावशेषका ईंटा, माटोका ढिस्को र स्तम्भ समेत नक्कल गरेर उता भग्नावशेष बनाईदैछ । निर्माण पुरानो देखाउन पुराना भारतीय घरमा प्रयोग भएका ईंटा किन्न समेत भारतले करोडौं रूपैंया लगानी

गरिसकेको अलिगढवाका स्थानीय बासिन्दाले बताए । तर कसैले आफ्नो नाम भने बताउन चाहेनन् । कपिलवस्तुको सदरमुकाम तौलिहवाबाट २४ किलोमिटरको सडक दुरीमा अलिगढवा राज्यअन्तर्गत पिपरहवामा यो निर्माण भइरहेको छ । भारतले गौतम बुद्धको वास्तविक मावलीगाउँ देवदह, जन्मस्थान लुम्बिनी र दरवार तिलौराकोटबीचको दुरी पनि नेपालमा जस्तै बनाइएको छ ।

राजा सुद्धोदनका पालाका भेटिएका माटाका भाँडालगायतका अधिकांश वस्तु तथा ठाउँ समेत भारतले नक्कल गर्दै उतै बनाइरहेको छ । माटाका भाँडा र वस्तुमा पुरानोजस्तै देखिने लेप पनि लगाईंदै छ । भारतले नक्कली कपिलवस्तु निर्माण गरिरहेको जानकारी जनस्तरबाट पाएपनि नेपाल सरकार भने मौन छ । तर, वास्तविक कपिलवस्तुवासी .र बौद्धधर्मावलम्बीले भारतको यो प्रयास दुःखद् र निन्दनीय भनेका छन् । बुद्ध भारतमा नै जन्मेको भनेर दावी गर्दै पुरातत्त्व नै निर्माण गर्ने भारतीय प्रयासका बावजूद नेपाल सरकार मौन रहनु दुःखदायी भएको बताउँछन् पुरातत्त्वविद् बसन्त विदारी ।

भारतले कपिलवस्तुको तिलौराकोट, कुदान, अशोक स्तम्भलगायतका बुद्धस्थल अवलोकनका लागि भारतीय मार्ग भएर आउने पर्यटकलाई भ्रमित गर्ने र उतै राख्ने उद्देश्यले यस्तो निर्माण गरिएको कपिलवस्तुका वासिन्दाको भनाई छ । संस्कृतिकर्मी प्रेमनारायण पाण्डेले भने, 'उसैले धेरै किताब छाप्छ, उसैले धेरै प्रचार गर्छ, पर्यटक त भ्रममा पर्ने भए अब ।'

कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी शम्भु घिमिरेले भने आफू भारत नगएकाले यस्तो जानकारी नपाएको बताए । 'खोइ म त भारततिर गएको छैन, त्यस्तो जानकारी छैन,' उनले भने ।

कपिलवस्तुका प्रहरी उपरीक्षक शरद चन्दले स्थानीय स्तरमा भन्दा पनि केन्द्रबाट नै समस्या समाधान गर्नुपर्ने बताए । 'यो राष्ट्रियस्तरको समस्या हो, दुई देशका नेताहरूले मिलाउनु पर्छ, हामीले यहाँ बसेर के बोल्ने ? के गर्ने ?' उनले भने ।

तर तौलिहवाका बासिन्दा तथा नेपाल विद्यार्थी संघका महामंत्री राजेश ज्ञवालीले भने भारतद्वारा निर्मित नक्कली कपिलवस्तु तथा लुम्बिनी र तिलौराकोट हटाउन नेपाल सरकारले पहल गर्नुपर्ने बताए । तर, नेपाल सरकारले औपचारिक रूपमा विरोध नगरेका कारण भारतले नक्कली कपिलवस्तुमा प्रत्येक डिसेम्बर २९, ३० र ३१ तारिखमा विभिन्न कार्यक्रम गरी बुद्धमहोत्सव मनाउँदै आएको छ । गत डिसेम्बरमा पनि बुद्धमहोत्सव मनाएको थियो ।

भारतका अनुसार देवदह, लुम्बिनी र तिलौराकोटलाई व्यवस्थित गर्न भारतले १० वर्षिय नीति ल्याएको भएपनि करिब ५ किलो मिटरको क्षेत्रमा भारतले ८० प्रतिशतभन्दा बढी काम सम्पन्न गरेको छ ।
*(श्रोत : नयाँ पत्रिका दैनिक, ४ चैत्र, २०६६ ।)*

☸


## कुलपुत्रहरू चाहियो

**स्वयम्भूस्थित आनन्द कुटी विहारमा प्रव्रज्या गराई नेवासिक रूपमा धर्मविनयको साथै स्कूलको समेत अध्ययन-अध्यापन गराउने भएको हुँदा ईच्छुक अभिभावकहरूले आफ्ना सुपुत्रसहित यस विहारमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं । धर्म र विनयमा योग्यता प्राप्त गरेका ती श्रामणेरहरूलाई श्रीलंकामा थप अध्ययनको लागि पठाइने ब्यहोरा पनि जानकारी गराउदछौं ।**

**योग्यता : उमेर ११ देखि १४, कक्षा ५ देखिमाथि**
**नोट : सम्पर्क गर्ने अन्तिम मिति २०६७ वैशाख पूर्णिमासम्म**

# बुद्धस्थललाई विवादित तुल्याउने षडयन्त्र



✍ कोण्डन्य

सम्राट अशोकले राख्न लगाएको अशोक स्तम्भमा उत्कीर्ण **'हिद बुधे जाते सक्यमुनी'ति** (यहाँ शाक्यमुनि बुद्धको जन्म भएको हो ) **'हिद भगवं जाते'ति लुंमिनि गामे'** (यहाँ भगवान् बुद्ध जन्मनुभएको लुम्बिनी ग्राममा) ब्राह्मी लिपिको अभिलेख प्रमाणको शिलास्तम्भ इ.सं. १८९६ मा प्राप्तिलाई बीसौं शाताब्दीको सबैभन्दा ठूलो पुरातात्विक अभिलेख मानिन्छ । यसरी नै चीनिया यात्री फाहियानको **'लुनमिन'** होस्, ह्वेनसांगको **'ल-फ-नि'** होस्, अशोक स्तम्भमै पुनः उत्कीर्ण **'रिपुमल्लस्य चिरं जयतु'** नै होस् यसबाट बुद्धको जन्मभूमि लुम्बिनी नै हो भन्ने अविवादित तथ्यलाई विश्वसामू स्पष्ट पारेको छ ।




साथै लुम्बिनीको मायादेवी मन्दिरमा नेपाल सरकार पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापानी बौद्ध परिषद्को संयुक्त उत्खनन् क्रममा जुन चिनो ढुंगा Marker Stone पाइयो त्यसबाट अझ बढी प्रमाणित भएको छ । किनकि अशोकको लुम्बिनीस्थित शिलास्तम्भको अभिलेखमा कुँदिएको **'सिलाविगडभिचा'** को अध्ययन अन्वेषण वि.सं. २०५३, वि.सं. २०५५ मा गरेअनुरूप जापान बौद्ध परिषद्ले सन् २००१मा दिइएको माहामाया देवीको मन्दिर उत्खनन्को पहिलो भागमा पनि **'सिलाविगडभिचा'**को अर्थ चिनो ढुंगा Marker Stone भनी स्वीकारिएको छ ।




विश्व शान्तिको मुहान बुद्ध जन्मभूमिलाई युनेस्कोले सन् १९९६ मा विश्व सम्पदा सूचीमा समाहित गरिएको लगत्तै संयुक्त राष्ट्र संघले १३ डिसेम्बर १९९९ का दिन ५४ औं सेसनको एजेण्डा आइटम १७४ ले बैशाख पूर्णिमाका दिन अन्तर्राष्ट्रिय विदाको घोषणा गरेको थियो । यसरी लुम्बिनी नेपाल राष्ट्रको अन्तर्राष्ट्रिय गौरव भएको छ भने यसलाई विश्व शान्तिको मुहानको परिकल्पनास्वरूप शान्तिउन्मुख धार्मिक आयामिक कार्ययोजना तर्जुमासँगसँगै लुम्बिनीको मर्ममा आघात हुनेगरी बेलाबेलामा तथाकथित विद्वानकै नाउँमा होस्, वा अन्य छद्म व्यक्ति वा तत्त्वको हवाला दिंदै आधारहीन कुराहरु छापामा देखिइनु परम्पराजस्तै भएको छ । जुन अवश्यपनि सुखकर विषय होइन ।

वास्तवमा सार्वभौमसम्पन्न राष्ट्र नेपालको राष्ट्रिय मामिलामा ठेस पुग्ने गरी अनावश्यक विवादलाई प्रश्रय दिई मात्र विवादमाथि विवाद श्रृजना हुने दुस्साहसपूर्ण कुरालाई प्रकाशन स्वतन्त्रताको नाममा छापिनु पत्रकारिता धर्म विपरीत पीत पत्रिकारिता हो भन्नुमा अत्युक्त नहोला । यस उसले नेपाललाई फुच्चे राष्ट्र ठानी हाम्रो आस्था, विश्वास अनि राष्ट्रियतामा आँच ल्याउने दुष्प्रयासलाई कसैले पनि, कतैबाट पनि, कुनै पनि स्तरमा स्थान दिइनु हुँदैन । विशेषगरी सार्क राष्ट्रको एक सदस्य राष्ट्रले अर्को सदस्य राष्ट्रको सार्वभौमिकतामा खलल पुग्नेगरी कुनै पनि तरहले प्रयास गर्न सार्क राष्ट्रकै आदर्शमयी गरिमामा आघात पुऱ्याउनु समान हुनेछ । त्यसैले यस विषयमा

सार्क राष्ट्रका विवेकी नागरिकहरु सचेत हुनुपर्छ ।

सम्बद्ध क्षेत्र मुखमा दही जमाएर बस्ने हो भने भविष्यमा असहज परिस्थिति सृजना हुँदै जानेछ । गतवर्ष मात्र विश्वका पचासौं देशमा एकसाथ रिलिज भएको हिन्दी चलचित्र "चाँदनी चोक टु चाइना" ले विश्वका करोडौं मानिसलाई बुद्धको जन्म भारतमा भएको भनी निकृष्ट रूपले झूटको खेती गर्ने धृष्टता गरियो । नेपालको सार्वभौमसत्ता र राष्ट्रियता विरोधी चलचित्र ले त्यतिबेला नेपालभित्रै कसरी प्रवेश पाए ? यो गम्भीर विषय हो । "उस देश मे जहाँ बुद्धका जन्म हुवा" भनी सो चलचित्रको सुरुवातसँगै भारतलाई सम्बोधन गरिएको उक्त संवादले बुद्धको पवित्र जन्मस्थललाई भारतीयकरण गर्ने दुस्साहस गरियो । वास्तवमा नेपालको धार्मिक, साँस्कृतिक, सामाजिकजस्ता सम्पदामाथि आँच आउने पक्ष सबल हुँदा सम्बन्धित नेपाल सरकार टुलुटुलु हेरेर बस्न मिल्छ र ? हरेक कुरामा जनताले सरकारलाई सचेत गराउन विरोध र आन्दोलन चर्काउने कार्य मात्र गर्नुपर्ने ?


अशोक स्तम्भ, लुम्बिनी

उपरोक्त उल्लेख्य विवादित चलचित्रको रिलिजपछि लत्कालै सम्बन्धित बौद्ध संघसंस्थाहरू खुलेर विरोधमा देखिएनन् तरपनि राष्ट्रियताको सवाल भनी विद्यार्थीसंगठनलगायत विरोध गर्नेहरूले जुन विरोधका आवाज बुलन्द पारे, त्यस कदम सही कदम भएको त्यतिबेला सावित भयो जतिबेला अन्ततः सो चलचित्रलाई नेपालमा प्रदर्शन गर्न प्रतिबन्ध लगाइयो । त्यसपछि बल्ल सो चलचित्रका निर्देशक रोहन सिप्पीले भूलवश त्यस्तो हुनगई नेपाली जनताको मनमा चोट पुगेको भनी आत्मालोचना गरी माफी मागेका थिए ।

बुद्धको जन्म नेपालमै भएको शाश्वत यथार्थतालाई बंग्याएर भारतमा जन्मिएका हुन् भनी फिल्ममा समेटिएको संवाद भूलवश भएको हो भन्दा पत्याउने कसरी ? नितान्त गंभीर एवं संवेदनशील पक्षलाई भूलवश भनी फगत झारो टार्ने मात्रै काम गरेका हुन् । सबैलाई थाहा भएकै विषय हो कि भारतसम्बद्ध पक्ष पटक पटक भिन्न भिन्न रूपले बुद्धमाथि विवादास्पद प्रश्न तेर्स्याउनेजस्ता मनोवृत्ति समयसमयमा कुनै न कुनै रूपले प्रकट हुने गरेका छन् । हामीलाई थाहा भएकै हो कि तिलौराकोट नै प्राचीन कपिलवस्तु हो भन्ने तथ्य सन् १८९९ मै भारतका पुरातत्त्वविद् पूर्णचन्द्र मुखर्जीले ठोकुवा गरेका थिए भने त्यसभन्दा अगाडि जर्मनी पुरातत्त्वविद् डा. फ्यूररले तिलौराकोट बारे प्रकाशमा ल्याएका थिए । तर दुःखका साथ भन्नुपर्छ कि उत्खननबाट प्राप्त ऐतिहासिक एवं पुरातात्त्विक अवशेषहरू साक्षी प्रमाण छँदाछँदै मित्रराष्ट्र भारतमा पिपरहवालाई प्राचीन कपिलवस्तु हो भन्ने अशोभनीय भ्रमपूर्ण कार्य निरन्तर जारी राखेको छ । त्यसो त पिपरहवामा भारतीयपक्षबाट आवश्यकीय व्यवस्था गरेकै हुनाले तीर्थयात्रीहरू समेत उतै ओइरिने क्रम बढ्दो छ, यो स्वाभाविक पनि हो । किनकि नेपाल सरकारसम्बद्ध निकायले बेलैमा उचित कदम उठाउन सकेन, परिणामतः लाचारपनालाई नै मलजल थप्ने कार्य भइरहेको छ । यसउसले नेपाल सरकारले बुद्धसम्बन्धी लुम्बिनी, कपिलवस्तु, रामग्रामआदि महत्वपूर्ण स्थलमा पुग्न व्यवस्थित परिक्रमा-पथ निर्माण गरी समुचित विकासको लागि पहल गर्न बेलैमा ध्यान पुऱ्याउनुपर्ने अपरिहार्य देखिन्छ, होइन भने सुनियोजित विवादजन्य इस्यू एकपछि अर्को उठाउँदै जानेहरू झन् सकृय हुने छन् । यस्तै रवैया कायम भइरहनु र सफेद झूट कुरा आउँदा समेत मुखमा दहीचिउरा कोचेर कानमा तेल हाली बस्दा नेपालराष्ट्रसम्बद्ध अन्य संवेदनशील क्षेत्रमा समेत नाङ्गो हस्तक्षेप गर्ने कार्यलाई निरन्तरता दिँदै जाने सुनिश्चित छ ।

केही समय अगाडि "The Post American World" पुस्तकले चर्चा पायो, जस्का लेखक Fareed Zakaria हुन् । उनले 'विश्वहिन्दू दृष्टिकोण' शीर्षकअन्तर्गत लेखेका छन्-' बुद्ध भारतीय थिए र बुद्धिजम् भारतमा पत्ता लगाइएको थियो तर त्यो देशमा वास्तवमा कुनै बुद्धिष्ट छैनन् ।'(पृष्ठ- १५४ को अन्तिमहरफ एकजना ख्याति प्राप्त अमेरिकी लेखक तथा राजनीतिक विश्लेषक, अमेरिकाबाट प्रकाशन हुने न्यूजविक साप्ताहिकका सम्पादक, अन्तर्राष्ट्रिय गतिविधिका नियमित लेखक, अमेरिकी टेलिभिजन च्यानल सिएनएनका संचालक, अझ सर्वाधिक विक्री भएकामध्ये

प्रकाशित स्वतन्त्रताको भविष्य अर्थात "The Future of Freedom" विषयक पुस्तक जस्ले लेखेका छन्, त्यस्तो छवि स्थापित लेखक महोदयले गैरजिम्मेवारीपूर्ण तवरले लेख्नु दुःखदायी कुरा हो । भारतीय मूलका अमेरिकी नागरिक फरीद जाकरियालाई बुद्ध नेपालमा जन्मेका हुन् भन्ने कुरा जानकारी नभएर लेखिएको भन्ने ? धर्मको समेत व्याख्या गर्नसक्ने महाशयले जानीबुझी पूर्वाग्रहीसहित नै आफ्नो असलीरूप प्रस्तुत गरेका हुन् अवश्य पनि । यसै विषयमा व्यवस्थापिका संसद्को कार्यव्यवस्था परामर्श समितिको बैठकमा माओवादी (एनेकपा) का प्रवक्ता एवं सभासद् दिनानाथ शर्माले ध्यानाकार्षन गर्नुभएको थियो । भनिन्छ गृहमन्त्रीमार्फत संस्कृति मन्त्री हुँदै राष्ट्रपतिको समेत ध्यानाकर्षन गरिएको भनिएतापनि नेपाल सरकार सम्बद्ध निकायबाट आधिकारिक जवाफ आएको देखिन्न ।

यसरी नै हालसालै नयाँ पत्रिका दैनिक (४ चैत्र, २०६६) मा प्रकाशित "भारतमा बन्दैछ लुम्बिनी" शीर्षकीय प्रकाशनले यौटा तरङ्ग पैदा गरिदियो । लुम्बिनी र कपिलवस्तुको फोटोकपि उतारेझैं नेपालकै सीमानजिक उत्तर प्रदेशको आलिगढमा निर्माणाधीन त्यस कार्यले विश्वलाई झुक्याउने नै भयो भनी सर्वसाधारणले चिन्ता गर्नु नितान्त स्वाभाविक विषय हुन् । हामीलाई थाहा छ, गत चैत्र १४ देखि करिबन एकसप्ताहसम्म बाबा रामदेवमय झैं मिडियादेखि यत्रतत्र सर्वत्र विविन्न रूपमा छाएको थियो । (ठट्यौली पारामा भन्दा :- उनको दर्शन गर्न, योग शिविरमा गणतन्त्र नेपालका राष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीलगायत बडेबडे नेतादेखि लिएर सेठ, महाजन, धनाढ्य, मध्यमवर्ग, कर्मचारी, सेना, प्रहरी, अभिनेताजस्ता धेरै हाजिर भएका थिए, रिङ्ग मास्टरको कोर्रामा बाघ नाचेझैं बाबा रामदेवको इशारामा नाचिरहेका थिए । अरू त के पृथक पहिचानका लागि समर्पित भनिएका मैं हुँ भन्ने प्रचण्ड प्रतापी समेत बाबासामू पानी पानी भई त्यहींबाट हुटिङ्का बावजूद माओवाद र अध्यात्मवादको मिश्रण राष्ट्रवाद भनी फ्युजनका अवधारणा प्रस्तुत गर्न भ्याए । नेपाल राष्ट्रकै धरोहरझैं लाग्नेगरी निर्विवाद, सर्वस्वीकार्य, सर्वमान्य व्यक्तित्वसामू अधिकांश बजडेबडेमा दिग्गज नेताहरूको उपस्थितिजस्तो भान दिने ती दृश्यको मूल्याङ्कन हुँदैगर्ला, प्रतिक्षा गर्नु छ ।)

लुम्बिनी बारे जहाँसम्म बाबा रामदेवको सवाल छ, उनले काठमाडौं आउँदा आउँदै पत्रकारसमक्ष नेपाली भावनासित नजिकिन मन छुनेगरी, जयजयकार पाउनेगरी भनेका थिए- 'बुद्ध नेपालमा जन्मेका नेपाली हुन्, नेपालमा जन्मेका होइनन् भनी जुन कुटिल दुष्प्रचार गरिएको छ, म त्यसको निन्दा गर्दछु ।' त्यसो त यो सुन्दा र पढ्नेहरू जो कसैलाई उनको वाणी रचनात्मक र सकारात्मक नै लाग्छन् । तर त्यतिबेला एभिन्यूज टेलिभिजन च्यानलमा प्रसारित खोतल्याइपछि भने हामीलाई सोच्न बाध्य तुल्याउँछ नै कि एभिन्यूज च्यानलमा प्रसारित (पुस्तकको सम्बन्धित हरफ नै प्रसार गरेको) समाचारअनुसार रामदेवकृत पुस्तकको विमोचन सम्माननीय नेपालका राष्ट्रपति डा. रामवरण यादवबाट भएको थियो भने त्यसमा "गान्धी, महावीर, ---, बुद्ध --- जस्ता जन्मेका देशमा जन्मेकाले म आफू भाग्यमानी भएको सम्झन्छु" भनिएको छ । यसरी सिंगो सार्वभौम राष्ट्रका राष्ट्रपतिबाट समेत त्यस पुस्तक विमोचन गराउन सफल भएको देखिन्छ । यस सवालमा एभिन्यूजले राष्ट्रप्रति जिम्मेवारीसहित गम्भीर प्रश्न तेर्स्याएकै थियो कि 'बुद्ध भारतमा जन्मेका हुन् वा रामदेव नेपालमा ?'

यसरी नालीबेली हेर्दैजाँदा हाम्रो सम्पदामाथि आक्रमण गर्ने प्रवृत्ति झ्याङ्गिदो छ, जहाँसम्म लुम्बिनी, कपिलवस्तुको सवाल हो, यस क्षेत्र बौद्धहरूको मात्र चिन्ताको विषय नठानौं । विश्वसम्पदासुचिकृत राष्ट्रकै गौरव ठानी सबै सचेत नेपाली संवेदनशील तवरमा रचनात्मक कलम चलाएर होस् वा विभिन्न तवरमा आ-आफ्नो पक्षबाट प्रयास गर्नु नितान्त जरूरी छ भने हामी सचेत नागरिकबाट सार्वभौमिक विषयमा राष्ट्रका प्रत्येक नागरिकलाई ब्युंझाउने कोशिस गरिनु पर्छ, यो सबैको दायित्व पनि हो । साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल सरकारले त्यस्ता अफवाह फैलाउने धृष्टता जोकसै/कहिंबाट नहोस् भनी बेलैमा सकारात्मक कदम चाल्नु अपरिहार्य छ । जुन जोगी आएपनि कानै चिरेको जस्तो मात्र भयो भने गलत मनोवृत्तिलाई मलजल गरेको सिद्ध हुन्छ । चोरीचकारीको सम्भावनाबाट जोगिन झ्यालढोका मजबूत हुनुपर्‍यो, पूर्णरूपमा सजगता र सतर्कतालाई बढावा दिनुपर्‍यो । घटना घटिसकेपछि चोरलाई मात्र चोरीको दोष थुपारेर आफू मात्र चोखिनु बुद्धिमत्ताको विषय हुनसक्दैन, यसमा सम्बद्ध सबैको बेलैमा विचार पुग्नु सबैका लागि सुखकर विषय हुनेछ ।

# धर्मनिरपेक्षता गणतन्त्रको आधार

✍ टीकाराम यात्री, काठमाडौं

कालिदास नामका साधुले आयोजना गरेको सहस्र रूद्रचण्डी महायज्ञले पुनः एकपटक धर्मसापेक्षता र निरपेक्षताका बहसलाई सतहमा तानेको छ । यज्ञको नाम र घोषित उद्देश्य विशुद्ध धार्मिक देखिए पनि त्यसभित्रको अभिष्ट राजनीतिक भएको प्रष्टिँदै गएको छ । यज्ञस्थल पुगेर पूर्व राजा ज्ञानेन्द्रले २४० वर्षको इतिहास बोकेको राजगद्दी त्यसै नत्यागेको भन्ने उद्घोषले पनि यो धार्मिक कार्यलाई थप राजनीतिक रंग दिएको छ । बाह्यरूपमा विवादास्पद छवि भएका चन्द्रस्वामी, पाइलट बाबाजस्ता धार्मिक अतिवादीहरूले तारन्तार राजनीतिक तहको भ्रमण गर्नु अनि नेपालभित्र पनि खुमबहादुर खड्काहरू हिन्दू राष्ट्रका लागि खुलेआम सकृय देखिनुले धमिलो पानीभित्र माछा खोज्ने जमर्को हुँदैछ भन्ने आशंकालाई बल दिँदै गएको छ ।



धर्म र राजनीति पूर्णतः निरपेक्ष विषय हुन् भन्ने कम्युनिष्ट बुजुकहरूको धारणा पाइन्छ । त्यसैले उनीहरू खुलेर यस विषयमा टिप्पणी गर्न चाहँदैनन् । गरिएका टिप्पणी पनि एकांगी हुन्छन् । तर विश्व इतिहास हेर्ने हो भने यी दुई विषय कहिले एक अर्काका अडेस लाग्ने भित्ताका रूपमा सहयात्री भए त कहिले परस्पर विपरीत विषय । युरोपमा पुनर्जागरणकाल अघि यी दुई विषय परस्पर विरोधी थिए ।

'चर्च भर्सेस सेकुलरिजम' का नामले चिनिने त्यस समयलाई शक्ति केन्द्रले आफू अनुकूल व्याख्या गरे । चर्चका पादरीहरूले आफूलाई परमेश्वरबाट शक्तिरूपी तरवार प्राप्त भएकाले आफू राज्य शक्तिको केन्द्र भएको दावी गर्थे भने राजाहरूले कार्यकारी अधिकार आफूमा निहित भएकाले राज्य शक्तिको केन्द्र आफू भएको व्याख्या गर्थे । त्यो पौठेजोरी १५औं शताब्दीसम्म चल्यो । तर २१औं शताब्दीमा आएर नेपालमा पूर्वराजा ज्ञानेन्द्रका लागि धर्म शक्तिमा पुग्ने स्वपान बन्न लागेको छ । अथवा भनौं धर्मको भऱ्याङ्ग उक्लिएर कुनैपनि रूपको राजतन्त्र पुनः स्थापनाको राजनीतिलाई अगाडि बढाउने प्रयासमा उनी लागेको पछिल्लो सकृयताले पुष्टी गर्दै लगेको छ ।

सामान्य लाग्नसक्छ, धर्म र राजनीति फरक अवधारणा हुन् । तर यिनीहरू बीच गहिरो सामन्जस्य छ । विश्वव्यापी रूपमा आधुनिक राज्य व्यवस्थालाई तीनकुराले निर्देशित गर्ने गरेका छन् । धर्म, नीति र बजार । परम्परागत शक्ति राजतन्त्रले धर्मलाई आफ्नो अस्तित्वको वैशाखी बनाउने गर्दछन् भने जनअनुमोदनको हवाला दिँदै राजनीतिक दलले नीतिलाई केन्द्रमा राखेका हुन्छन् । र बहुराष्ट्रिय कम्पनी र अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरू मार्फत बजारले विश्व र राज्य व्यवस्थालाई आफ्नो प्रभाव र पकडमा राखेको हुन्छ । नेपाल धर्मनिरपेक्ष राज्य घोषित भइसकेपछि राज्य शक्तिका तीन शक्तिमध्ये राजतन्त्र विस्थापित बनेको छ भने बजार र नीतिले आ-आफ्नो उपस्थितिलाई बलियो बनाउँदै लगेका छन् । (भलै खुला अर्थनीतिलाई पनि बजारको पोल्टामा धकेल्दै लगेको किन नहोस् ।) त्यसैले यही सैद्धान्तिक अवधारणाका आधारमा अहिलेको धार्मिक सकृयता र गतिविधिलाई बुझ्नुपर्छ । अहिले धार्मिक गतिविधिलाई किन पनि उचालिंदै छ भने यसका अभियन्ताहरू यही संवेदनशील मुद्दामार्फत पेचिलो मार्गबाट गुज्रिरहेको राजनीति एवं संवैधानिक प्रकृयालाई आफू अनुकूल दिशातर्फ फर्काउन र संभव भएसम्म राजतन्त्र पुनः स्थापनाको आधारभूमि

तयार पार्ने प्रचेष्टामा गर्दैछन् । ८० प्रतिशतभन्दा बढी हिन्दू रहेको हवाला दिंदै धार्मिक आस्थाको 'ब्लाकमेलिंग' रोक्न धर्मनिरपेक्षता बारे बुझ्न र बुझाउन उत्तिकै आवश्यक छ ।

अंग्रेजी शब्द रिलिजनको खास अर्थ संघ वा सम्प्रदाय हो भने, सेक्युलर को भावानुवाद धर्मनिरपेक्षता नभएर सांसारिकता अर्थात कर्मक्षेत्र हो । व्यक्तिगत जीवन कुनै न कुनै रूपमा साम्प्रदायिक भएपनि सार्वजनिक संस्था र निकायमा साम्प्रदायिकताको संकेत हुन नहुने मान्यताले प्रश्रय पाउँदै आएकाले आधुनिक राज्यले आफूलाई धर्मनिरपेक्ष बनाएका हुन् । सन् १६४८ को वेष्ट फालियाको शान्ति अर्थात्, 'पीस अफ वेष्ट फालिया' सन्धिदेखि धर्म र सांसारिकताको अन्तरसम्बन्ध खोज्न थालिएको हो । हुन त धर्म सार्वजनिक विवादभन्दा माथिको शब्द हुनुपर्ने हो, तर कतिपय सन्दर्भमा यसको सार्वजनिक चर्चा पनि वाञ्छनीय हुने रहेछ ।

साम्प्रदायिकताभन्दा माथि गहिराइमा पुग्दा सत्य जे हो त्यो नै धर्म हो, सत्य धर्ममा सनातन, शैव र शाब्ददेखि बहाई एवं नास्तिकसम्मलाई पर्याप्त स्थान छ । किनकि सहिष्णुता र सांसारिकता "टलरेन्स एण्ड सेकुलारिजम" जुनसुकै देशको सार्वभौमिकता, नैसर्गिकता र लोकतन्त्रका आधारस्तम्भ हुन् । धर्म व्यक्तिगत र विश्वासको कुरा हो । यौटै परिवारका सदस्यले अलग अलग धर्म मान्न सक्छन्, कुनै नमान्न पनि सक्छन् वा परम्पराको निरन्तरताका लागि धर्मप्रति निरपेक्ष रहँदारहँदै आ-आफ्नो धार्मिक रीतिरिवाज र परम्परालाई निरन्तरता दिन पनि सक्छ । यसै कुरालाई संयुक्त राष्ट्र संघद्वारा पारित विश्वव्यापी मानव अधिकार घोषणापत्र सन् १९४८ को धारा १ मा भनिएको छ- सबै व्यक्ति जन्मजात स्वतन्त्र छन्, ती सबैको समान अधिकार र महत्व छ । त्यसैगरी धारा १८ मा स्पष्टरूपमा प्रत्येक व्यक्तिलाई विचार, मत र धार्मिक स्वतन्त्रताको अधिकार छ भनिएको छ ।

हुन पनि धर्म आफैमा भेदभाव गर्न बनाएको हुँदैन । यसको मौलिक स्वरूप सधैं सत्य, सेवा र परमानन्दसँग नगिच छ । अनि धर्मनिरपेक्षता भन्नाले सबै धर्मलाई स्वतन्त्रता दिन वा प्रत्येकलाई बढावा दिनु भनेको होइन । अनि पुरातात्त्विक, ऐतिहासिक र साँस्कृतिक महत्वका विषयवस्तु संरक्षण, संवर्द्धन नगर्नु र कानुनमा धर्मलाई पूर्णतः निषेध गर्नु पनि होइन । यसको सीमा राज्यले कुनै धर्म विशेषप्रति अधिक महत्व दिएर अरूलाई दुत्कार्नु हुन्न भन्ने मात्रै हो । तर विडम्बना, धर्म आफैमा शान्ति, करूणा र सत्यको प्रतिमूर्ति हुँदाहुँदै धर्मका नाममा संसारमा थुप्रै बबण्डर मच्चाएका छन् ।

पुनर्जागरण कालअघि युरोपमा धर्मका नाममा कयौं वैज्ञानिक, लेखक र दार्शनिकलाई देश निकाला , आजीवन कारावास वा मृत्युदण्डको सजाँय दिएको थियो । कतिपय मुश्लिम राष्ट्रमा धर्मका नाममा हिंसा र अत्याचार भएका छन् भन्ने उदाहरणका लागि तालिवानकालीन अफगानिस्तान हेरे पुग्छ, अनि त्यतिले नपुगे जर्मनीमा हिट्लरको जातीय सफायाको रामकहानी पढे पुग्छ । हिन्दूधर्मलाई पनि अतिवादी व्याख्या गरेर भारतमा बाबरी मस्जिदलगायत क्षेत्रमा गराइएका बम काण्डको घटना धर्मको सामम्प्रदायिकीरणको अर्को निकृष्ट नमूना हो ।

शीतयुद्धपछि विश्वमा सबैभन्दा ठूलो द्वन्द्व धर्मकै नाममा भएको छ । तर यी सबै धर्मलाई गलत प्रचार गरेर, धर्मको नाममा राजनीति गरेर र मानवीय संवेदनालाई धर्मसँग जोडेर गरिएका अपव्याख्याका दुष्परिणामहरू हुन् । होइन भने मानिस कसरी आफैलाई आत्मदाह गर्न तयार हुन्छ ? त्यसैले यहाँ धार्मिकताभन्दा पनि साम्प्रदायिकताले प्रश्रय पाउँदै आएको छ । यस्तै यस्तै गलत प्रयोगका कारण धर्मलाई कार्लमार्क्सले अफिमको नशा भनेका होलान् । मौलिकतामा पुगे धर्म नैतिकता र सामाजिक कानुनको मेरुदण्ड र स्वअनुशासनको माध्यम हो ।

विश्व इतिहासको अध्ययनबाट के प्रष्ट हुन्छ भने नेपाली हिन्दूहरू धार्मिक रूपमा अत्यन्तै शालीन, मर्यादित र वसुधैवकुटुम्बकमको भावनाले ओतप्रोत छन् । उनीहरूको शालीनता र धैर्यको परीक्षाको राम्रो उदाहरण त एकाएक गरिएको धर्मनिरपेक्षताको घोषणामा समेत कुनै प्रकारको विरोध नहुनु हो ।

पछिल्ला दिनमा धर्मलाई साम्प्रदायिकतासँग गाँसेर यसलाई राजनीतिक रङ्ग दिने अभ्यास भइरहेको छ । तर सबैले बुझ्नु पर्छ, राजतन्त्रको सबैभन्दा बलियो जग र आधार हिन्दूराज्य थियो । संस्थागत हुँदै गरेको गणतन्त्रको सबैभन्दा बलियो आधार भनेकै धर्मनिरपेक्षता हो ।

*(श्रोत : नागरिक दैनिक, १ चैत्र, २०६६ ।)* ☸

# धर्मको आवरणमा झिंगा



✍ खगेन्द्र संग्रौला

पानी र राजनीतिको चरित्र लगभग उस्तै हुन्छ । बगेको पानी र गतिवान् राजनीति सङ्लो र स्वस्थकर हुन्छ, जमेको पानी र स्थिर राजनीति हुन्छ धमिलो र अस्वस्थकर । विद्वान प्रदीप गिरी भाँती पारेर घरिघरि भन्छन् – घर वरिपरि फोहर पाऱ्यो भने त्यसमा फोहरी कीट-पतंगको जायजन्म हुन्छ । र, घर प्रदूषणकारी भुसुना, झिँगा र लाम्खुट्टेबाट आक्रान्त हुन्छ । यी पिराहा जीवको उद्‌गम स्रोत मूलतः स्थिर एवं फोहर पानी हो । अहिले नेपाली राजनीति गतिशून्य बनेको छ । र, गतिहीनताको धमिलो आहालबाट थरीथरीका पिराहा दोपाया भन्किन थालेका छन् । यी हिन्दूधर्मको आवरण भिरेर प्रकट हुँदै छन् । र, यी धर्मनिरपेक्ष घोषित भएको नेपाललाई हिन्दू अधिराज्यमा फर्काउन कन्दनी कसेर कानिरहेका छन् । हिन्दूधर्म यिनको मायावी आवरण हो, यिनको कुत्सित अभिप्राय आफ्नो गुमेको यथास्थिति एवं देशदुनियाँको शोषण र दोहनमाथि खडा भएको हिजोको भूस्वर्ग फर्काउनु हो ।




भारतमा खरानी घसेका जटाधारी हिन्दू 'भगवान्' हरूको त जंगलै छ । तिनका मुद्रा अनेक छन्, तिनका औतार अनेक छन्, तिनका छलकारी कथन अनेक छन् । सदाचारका व्यापारी कहलिने तिनका निधारमा लागेका दुराचारका कलंक पनि अनेक छन् । भारत समृद्धिको छेवैमा नारिकीय दरिद्रताको चाङ लागेको देश हो । यी 'भगवान्' हुन्, अगणित दरिद्रहरूको दुर्दशा, क्लेश र आहबाट लाभ उठाएर कीर्ति र वैभव आर्जन गर्ने औतारी बनियाँ । मत्स्य न्यायको ध्वजा बोकेर राजनीतिको धमिलो पानीमा मछली मार्न छिमलछिमल गरी यी छद्म बनियाँ नेपाल धाउन थालेका छन् । केही अघि चन्द्रस्वामी नामक 'भगवान्' आएका थिए । तिनलाई मानौं कुनै अविदित वैकुण्ठबाट धरतीमा सोझै अवतरण भएका परमात्मा ठानेर कतिपय उग्र हिन्दूवादीले तिनका चरण स्पर्श गर्न तँछाडमछाड गरे । तँछाडमछाडकारी प्रथम पुरुष हुन गए अतिशय धर्मभीरू हिन्दू महामहिम राष्ट्रपति रामवरण यादव । ठूलाठालू भनिनेहरू अघि लागेपछि झिनाझँाक्राले तिनका पाइला त यसै पनि पछ्याउने नै भए । पिछलग्गु जमातमा प्रकट हुन गए नेता भनिने अन्य धर्मभीरूहरू । र, बोफोर्स काण्डमा निधारमा चरणस्पर्शी अनाथहरूलाई पद, प्रतिष्ठा र ऐश्वर्यको विपुल आशीर्वाद दिए ।

'भगवान्' चन्द्रस्वामी पछि सवारी भयो अर्का झनै जण्डप्रचण्ड 'भगवान्' कालीदास बाबाको । यी बाबाजी कथित हिन्दूधर्मको आवरण उतारेर सर्वाङ्ग नग्न रूपमा प्रस्तुत भए । यिनले धृष्टता साथ धर्मको मर्यादाको लछुमनरेखा नाघे । र, यिनले हाक्काहाक्की कट्टर गोर्खे हिन्दू मण्डले राजावादीको चरित्र प्रदर्शन गरे । यिनलाई नेपालमा राजासहितको हिन्दू अधिराज्य चाहिएछ । त्यो नभए यिनले आत्मदाह गर्ने धक्कु लाएछन् । बाफ रे बाफ, 'भगवान्' को आत्मदाह ! त्यो पनि जागरूक र जुझारू नेपालीले सिंहासनबाट झोरेका राजालाई पुनः राज्यारोहण गराउन । सुनेर मलाई तुरूक्क रूँदै यी फुस्रा 'भगवान्' का नाउँमा 'हे हरि' भन्न मन लाग्यो ।

'भगवान्' कालीदास बाबाको ताण्डवको उत्कर्ष तब देखियो जब दुई हरूवा महान् मनीषी शासनको आसन दिलाई पाँउ प्रभु भनी राइकराइ गर्न तिनका चरणसामू हाजिर भए । ती थिए, हरूवा राजा ज्ञानेन्द्र शाह र हरूवा काँग्रेसी खुमबहादुर खड्का । शाहलाई सिंहासन चाहिएको थियो, खड्कालाई सिंहासनमा आफ्नो भाग्य निर्माता ख्वामित् चाहिएको थियो । आफ्ना परमपूज्य 'भगवान्' ले बडो नाटकीय वातावरणमा तिनको पुनः मिलन गराए । तिनले आलोपालो गरी भक्त द्वयका कानमा गोप्य मन्त्रणा गरे । र, ती दुई अति दुःखी हरूवाले भावविभोर भई हस्तमिलन गरे, मुस्कान आदानप्रदान गरे र सके 'भगवान्' को दिव्य सल्लाह सभक्ति शिरोपर गरी कुनै षडयन्त्रकारी व्यूहरचना पनि गरे ।

लाग्छ, ज्ञानेन्द्र शाह र खुमबहादुर खड्का लोकतान्त्रिक गणतन्त्र नेपालका सबेभन्दा दुःखी मनुवा हुन् । यिनलाई थाहा छ, सुस्वादु सत्तामा तर हुन्छ । ढाडे बिरालाले झैं तर मार्न मजा हुन्छ । सत्तामा वैभव हुन्छ । वैभवबाट सुख प्राप्त हुन्छ । सत्तामा शक्ति हुन्छ । शत्तिबाट अहंको तुष्टि हुन्छ । सत्तामा दम्भ हुन्छ । दम्भको अस्त्र भिरेर ठालु हुन पाइन्छ । तर, यी अनाथसँग सत्ता प्राप्त गर्ने कुनैपनि साधन छैन । मिस्टर ज्ञानेन्द्र शाह आफ्नो वंशको हैकमभरिका सबैभन्दा अनुदार, लुब्ध र क्रूर राजाका रूपमा नेपालीका नजरमा परिचित छन् । अख्तियारले डामेका श्रीमान् खुमबहादुरलाई भुक्तभोगी नेपालीले भ्रष्टशिरोमणिको अलंकार प्रदान गरेका छन् । हिन्दू अधिराज्यपथका यी दुई सहयात्रीसँग



जनमतको शक्ति छैन । परिवर्तनकारी एजेण्डाको शक्ति छैन । त्यागमुखी भावनाको शक्ति छैन । परोपकारी कामनाको शक्ति छैन । हर दृष्टिले यी शक्ति हीन छन् । र नै त यी जुम्लाहात गरेर सत्ताको याचना गर्दै जटाधारी फुस्रा 'भगवान्' का पाउ पर्न सर्वथा विवश छन् ।

राज्यविस्तारसँगै पृथ्वी नारायण शाहले बन्दुकबाहेक हिन्दूधर्मलाई आफ्नो राज्यको रक्षा गर्ने दमनकारी एवं भ्रान्तिकारी साधन बनाए । हिन्दू वर्णाश्रम  व्यवस्थाको विभेदकारी र अमानवीय नीतिबाट नेपाली समाज झनै आक्रान्त भयो । नेपालीहरू झनै चोखा र बिटुला, श्रेष्ठ र तुच्छ, नागरिक र अनागरिक, कलमबाहक र बन्दुकबाहेक दुई कोटिमा विभक्त भए । बिष्ट चोखा, दलित बिटुला । पुरूष श्रेष्ठ, महिला तुच्छ । पहाडी नागरिक, मधेशी अनागरिक । ब्राह्मण कलमबाहक, जनजाति बन्दुकबाहक । त्यसो त धर्म पनि उत्तम र अधम मानिए । राज्यधर्म मानिएको हिन्दूधर्म उत्तम, राज्यद्वारा उपेक्षा गरिएका अन्य धर्महरू अधम । यो सब अनर्थको हैकमकारी कर्ता सिंहासनवासी राजा थियो । आखिर धर्मको नाउँमा भइआएको यही विभेद र दमन, तिरस्कार र अपमानको उपचार गर्न त हो नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिएको । यो घोषणा कुनै अलौकिक शक्ति, कुनै अद्वितीय मानव, कुनै दुर्घटना वा कुनै काकतालीबाट भएको होइन । यो शाही हिन्दू अधिराज्यको मनपरीबाट आहत र आजित नेपालीले समवेत स्वरमा गरेको घोषणा हो । यो घोषणालाई कुनै जटाधारी छटेल 'भगवान्' को आशीर्वाद र निर्देशनमा ज्ञानेन्द्र शाह र खुमबहादुर खड्काले उल्ट्याउने ? हे हरि !

राज्य नामक घर वरिपरि फोहरको डंगुर छ । डंगुरबाट धर्मनिरपेक्षतालाई उल्ट्याउन खोज्ने कीट-पतंगको उदय भएको छ । 'भगवान्' हरूका पाउवरिपरि देखियो । यी फोहर थुपार्ने अरू होइन, हाम्रै भनिएका हुन् । राजा ज्ञानेन्द्र मिल्किए र राष्ट्रपति रामवरण यादवले राष्ट्रप्रमुखको ठाउँ पाए । तर, तिनले धर्मनिरपेक्षता अनुकूल आचरण गरेनन् । तिनले राजाकै पाइला पछ्याए । हिन्दूधर्मका उत्सव र पर्वमा राजसी ठाँटबाँठका साथ तिनको सवारी भयो । आफूलाई नास्तिक कम्निस्ट भन्ने प्रधानमन्त्री माधवकुमार नेपाल यादवको छायाँतुल्य भएर तिनैको पछि लागे । यसरी मुलुक कागजमा धर्मनिरपेक्ष भयो, शासकीय व्यवहारमा भएन । यादव र माधवले हिन्दूधर्मको लाचार छायाँ भएर राज्य नामक घर वरिपरि फोहरको थुप्रो लगाउन गर्नुसम्म योगदान गरे । हिन्दूधर्मको आडमा राजनीति गर्न पल्केकाहरू यसबाट उत्साहित भए । लाग्छ, ज्ञानेन्द्र र खुमबहादुरका गर्जन यही फोहरबाट उठेका भन्काइ हुन् ।

हिन्दूधर्मको दुरूपयोग गर्दै फुस्रा 'भगवान्' हरू धार्मिक विग्रह, कलह र दंगाको बीजारोपण गर्न तल्लीन छन् । र, हिन्दूधर्मको आडमा उपध्रो मच्चाउन अनेक रंगका पश्चगामीहरू हाकाहाकी जुर्मुराउँदै एकमुष्ट भइरहेका छन् । धर्मनिरपेक्ष राज्यका सबै नेपालीका अभिभावक भनिने महामहिम राष्ट्रपति रामवरण यादव के गर्दैछन् ? अनि के हेरी बसेका छन् धर्मनिरपेक्षताका कार्यकारी रक्षक भनिने प्रधानमन्त्री पराजय शिरोमणि श्रीमान् माधवकुमार नेपाल ?

*(श्रोत : नागरिक दैनिक, २८ फागुन, २०६६)*

# सदाग्रह र हिन्दूत्व



✍ सीके लाल

हिन्दूहरूको पुरानो चलनअनुसार ब्राह्मण महात्मालाई मात्र 'स्वामीजी' भन्न मिल्छ । हिन्दू वर्णाश्रम व्यवस्थाका अन्य जातजातिका व्यक्तिले जतिसुकै ठूलो आध्यात्मिक, धार्मिक वा कर्मकाण्डीय पद प्राप्त गरे पनि तिनले पाउने सर्वोच्च सम्बोधन 'महाराजजी' मात्र हो । त्यस अर्थमा योग गुरू रामदेव पनि 'महाराजजी' हुन्, तथाकथित जगतगुरू कृपालुजी महाराजजस्तै । कालीबाबा भने दाहाल थरका जैसी हुन् रे । उनलाई स्वामीजी भन्न मिल्छ वा मिल्दैन भन्ने कर्मकाण्डका विद्वानहरूले निर्क्यौल गर्ने हो । तर हात हतियारको व्यापारदेखि विदेशी मुद्रा अपचलन एवं राजनीतिक भ्रष्टाचारदेखि कुटनीतिक दलालीसम्मका मुद्दामा मुछिएका एकजना स्वघोषित स्वामीले किन नेपालमा रूचि देखाउन सुरू गरेका होलान् ? भारतलाई हिन्दूराष्ट्र घोषणा गराउन असफल भारतीय जनतापार्टीका पूर्व अध्यक्ष किन नेपाललाई धार्मिक कट्टरता अपनाउन सल्लाह दिन पछि पर्दैनन् ? रामदेव एवं राजनाथ सिंह त खुल्लारूपमैं राजनीति गर्ने व्यक्ति भए । चिन्ता भने धर्मका नाममा छद्म राजनीति गर्ने भारतीय गुरू, स्वामी एवं महाराजहरूको बाक्लो काठमाडौं आवतजावतले उत्पन्न गराएको छ । लाग्छ महाराष्ट्र, कर्नाटक एवं गुजरातजस्ता भारतीय प्रान्तमा व्याप्त 'हिन्दूत्व' महारोगको संक्रमण नेपालको ढोकैसम्म आइपुगेको छ । बेलैमा सतर्कता अपनाउन सकिएन भने हिन्दूधर्मलाई नै समाप्त पार्ने अवस्था निम्तिन सक्छ, हिन्दूधर्मले तेत्तिसकोटी देवतालाई मान्नेलाई मात्र होइन, ईश्वरको अस्तित्वलाई समेत अस्वीकार गर्ने व्यक्तिलाई पनि अधर्मी त के विधर्मीसम्म भन्दैन । त्यस अर्थमा, 'हिन्दूत्व' जीवन शैली हो, संस्कृति हो र समग्रतामा 'जम्बु द्वीपे, महाभारत खण्डे' भूक्षेत्रको सभ्यता हो । हिन्दू अँग्रेजी भाषाको रिलिजिअन होइन, जुन शब्दको उत्पत्ति बाँध्ने अर्थलाग्ने रेलिगेओरेबाट भएको मानिन्छ । हिन्दूधर्ममा कुनै पुस्तक, पैगम्बर वा धर्मगुरूको प्रधानता छैन । व्यक्तिगत अनुभवको कुरा गर्ने हो भने यो पंक्तिकारले रामायण, महाभारत वा श्रीमद्भागवत् गीता पाठ गर्नु त परै जाओस्, सामान्यरूपमा पढेका 'हिन्दू' पनि थोरैमात्र भेटेको छ । हो, कथाहरूले भने वाचन परम्परामा निरन्तरता पाएका छन् । टेलिशृंखला एवं भजन गायकहरूले अंगराज कर्णदेखि पवनसूत हनुमानसम्मलाई लोकप्रिय बनाएका छन् । नेपाललाई 'धर्मनिरपेक्ष' घोषणा गरेदेखि हिन्दू कर्मकाण्ड एवं परम्परामा खलल पुगेको छैन । अनि किन नेपाललाई पुनः 'हिन्दू राष्ट्र' बनाउनु पर्ने राजनीतिले गति लिन थालेको छ त ? यस प्रश्नको उत्तर धर्मका नाममा गरिने दक्षिणपन्थी राजनीतिभित्र खोज्नुपर्ने हुन्छ ।




### हिन्दू हिन्दूत्व

महात्मा गान्धी जतिको आस्थावान हिन्दू जति खोजे पनि भेट्टाउन गाऱ्हो छ । उनको अग्रसरतामा संचालित स्वतन्त्रता आन्दोलनले संसारको सबभन्दा शक्तिशाली साम्राज्यवादी राष्ट्रको चंगुलबाट संसारको सबभन्दा ठूलो उपनिवेश मुक्त गरायो । विडम्बना, उनी हिन्दू अतिवादीद्वारा मारिए । महात्मा गान्धीले अभ्यास गर्ने 'सर्व धर्म सम भाव' 'एकम् सत्य, विप्रा बहुधा वदन्ते' जस्ता आस्था एवं विश्वासलाई हिन्दूत्वको एकलकाँटे अवधारणाबाट जोगाउन समेत राज्य 'सेक्युलर' हुन जरूरी छ । अतिशयोक्तिजस्तो लाग्न सक्छ, तर हिन्दू समाजमा अर्को गान्धी जन्मिउन् वा कतै जन्मिसकेका छन् भने कुनै हिन्दूत्ववादीद्वारा नमारिउन् भने सुनिश्चित गर्ने आधार 'सेक्युलरिज्म' मात्र हुनसक्छ ।

एकल उद्धरण चिन्हभित्र प्रयोग गरिएका अंग्रेजी शब्दहरू 'सेक्युलर' एवं 'सेक्युलरिज्म' क्रमशः हिन्दी भाषाको

सिको गर्दै नेपालीमा पनि धर्मनिरपेक्ष एवं धर्मनिरपेक्षता बनाइएका छन् । प्रयोगको व्यापकताले गर्दा 'सेक्युलर' र धर्मनिरपेक्षता परस्पर विरोधि अवधारणा हुन् भन्ने दाबी गर्नसमेत मुस्किल हुन गएको छ । तर 'सेक्युलरिज्म' पक्षधरता हो, विचारधारा हो । धर्मनिरपेक्षता कदापि होइन । सेक्युलरिज्मले धार्मिक स्वतन्त्रता सुनिश्चित गर्छ । धर्मनिरपेक्षता वा धर्म तटस्थ व्यक्ति कुनै पनि समाजमा विरलै हुन्छन् । धार्मिकता वा आध्यात्मिकता सामान्य व्यक्तिहरू स्वभाविक हुन्छ । त्यसैले महात्मा गान्धी 'सर्व धर्म सम भाव' अवधारणालाई समर्थन गर्थे । त्यसर्थ सेक्युलर र सेक्युलरिज्म शब्दहरूलाई 'सदाग्रह' र 'सदाग्रहता' का रूपमा अर्थ्याउने हो कि ? तर, मूल कुरा भने शब्द मात्र होइन, आस्थाको हो ।

हिन्दू सभ्यताबाट बौद्ध एवं जैन धर्म जन्मिएका हुन् । संसारमा सबभन्दा धेरै मुसलमानहरू 'जम्बु द्विपे, महाभारत खण्डे' भूक्षत्र (अफगानिस्तान, पाकिस्तान, भारत, नेपाल, बंगलादेश, तिब्बत र बर्मा) भित्र बसोबास गर्छन् । यस भूखण्डभित्र प्रचलनमा रहेका धर्म, सम्प्रदाय, आस्था एवं विश्वासको सूची बनाउने हो भने सम्भवतः त्यस्तो विविधता संसारमा अन्त कतै पाइँदैन । तापनि हिन्दूधर्म बाँचेको मात्र होइन, फस्टाएको छ । किन त ? किन भने विविधता र सहअस्तित्व हिन्दूधर्मको मूलभूत चरित्र हो । हिन्दूत्ववादीहरू त्यसैभावलाई समाप्त पार्न चाहन्छन् । त्यसैले हिन्दूधर्मका लागि सबभन्दा ठूलो खतरा हिन्दूत्ववादी हुन् ।

डा. ज्योतिर्यम शर्मा हैदरावाद विश्वविद्यालयमा राजनीतिक दर्शनका प्राध्यापक हुन् । उनले पत्रकारिता जीवनकाल (उनी टाइम्स अफ इण्डिया, हैदरावादका आवासीय सम्पादक रहिसकेका छन् ।) देखि नै भारतमा हिन्दूत्वको विस्तारलाई सूक्षमताका साथ अध्ययन गरेका छन् । डा. शर्माको निर्क्यौल के छ भने हिन्दूत्व विचारधाराको उत्पत्ति भारत वर्षमा प्राकृतिक रूपमा भएको होइन । सत्रौं र अठारौं शताब्दीको युरोपेली राष्ट्रवादबाट अभिप्रेरित अखण्डानन्द-विवेकानन्द परम्परालाई पछ्याउँदै राष्ट्रिय स्वयंसेवक संघका सरसंघचालक माधल सदाशिव गोलवालकर (सन् १९०६-१९७३) ले उग्रवादी हिन्दूत्व परिकल्पना गरेका हुन् । गोलवालकरको व्याख्या अनुसार असिंसा कायरता हो र सहअस्तित्व हिन्दूहरूको कमजोरी ढाक्ने पछ्यौरा । राष्ट्रिय स्वयंसेवक संघको हिन्दूत्वमा हिंसा जायजमात्र नभएर जरूरी तत्व हो पुनर्जागरणकालका लागि । हिंसाको प्राथमिकता बारे त्यस्तो हिन्दूत्ववादी व्याख्या मुसलमानहरूको तालिवान राजनीतिका र माओवादी विचारधारासँग पनि मिल्दोजुल्दो छ ।

नेपालमा हिन्दूत्वको चहलपहल नियमित आकस्मिकता मात्र नहुन पनि सक्छ । फलामलाई फलामले काट्छ भन्ने अवधारणा अनुसार माओवादी हिंसाको प्रतिरोधस्वरूप योजनाबद्धरूपमा हिन्दूत्वलाई बढावा दिने नीति लिएको हो भने त्यस्तो रणनीतिका प्रभावहरू भयावह हुनसक्छन् ।

## वामविरूद्ध राम

गरिबी र असमानताको दोहोरो मारले आवाज विहीन बन्न पुगेका विपन्न भारतीय जनतालाई महात्मा गान्धीले राम र रहिमका नाममा जाग्रित तुल्याउने प्रयत्न गरेका थिए । हिन्दूत्ववादीले उनको हत्या गरेपछि दलित, शोषित एवं पीडितहरू पनि कालान्तरमा लोकतान्त्रिक अभ्यासबाट लाभान्वित हुने नै छन् भन्ने जवाहरलाल नेहरूको विश्वासले गर्दा सामाजिक जागरणका छुट्टै आन्दोलन संचालन गर्ने आवश्यकता उनको दलले देखेन । केरल र पश्चिम बंगालमा वामपन्थी राजनीतिक उद्येमीहरूले शोषितहरूलाई संगठित गर्ने प्रयत्न गर्दा तिनलाई जाति, भाषा र संस्कृतिका नाममा विभाजित गरेर तुहाइयो । धर्मको मामिलामा भने नेहरूमात्र होइन उनकी छोरी इन्दिरा गान्धी पनि मूलतः सदाग्रही (सेक्युलरिस्ट) थिए । त्यसैले धर्मलाई मूल राजनीतिक मुद्दा बनाउनेहरूले अझै पनि भारतीय मूलधारमा प्रतिष्ठा पाउन सकेका छैनन् । धर्मलाई राजनीतिक औजारको रूपमा सबभन्दा सफल प्रयोग अफगानिस्तानमा भएको हो । अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले त तालिवानका मुसलमानहरूलाई आफ्ना राष्ट्रिय पुर्खाहरू (फाउन्डिङ फदर्स) सँगै नै तुलना गरे । हुन पनि कट्टरपन्थी इस्लामको आगोले सोभियत संघरूपी फौलादी किल्लालाई पगालेर अफगानिस्तानबाट बघाइदियो । तर त्यस दावनलमा अफगानिस्ता समेत खरानी भयो । धर्मलाई राजनीतिक औजार बनाउँदा उत्पन्न हुने अनपेक्षित प्रभावबाट अमेरिका स्वयं मुक्त हुन सकिरहेको छैन । अफगानिस्तानमा जे गति सोभियत संघको भयो, त्यस्तै परिणति संयुक्त राज्य अमेरिकाले पनि भोग्नुपर्ने छैन भन्ने कुरा ग्यारेन्टी छैन । पाकिस्तानमा इस्लामी कट्टरपन्थीहरूको बोलवाला छ, त्यसैले त्यहाँ वामपन्थीको प्रभाव छैन ।

अफगानिस्तान तथा पाकिस्तानको अनुभवबाट उत्साहित केही भारतीय औद्योगिक धारणाका रणनीतिकारले आफ्ना ठूलो लगानी भएको महाराष्ट्र गुजरात क्षेत्रमा 'वामविरूद्ध राम' राजनीतिलाई प्रवर्द्धन गरेका हुन् । विहार तथा उत्तर प्रदेशतिर भने अपेक्षाकृत अराजक प्रियतावादी राजनीतिकर्मीलाई वामपन्थी ठेगान लगाउने जिम्मा दिइएको छ । नेपालको सम्भाव्य जलश्रोतमा आँखा गाडेका भारतीय पुँजीपतिहरूको

विचारमा नेपालमा वामपन्थी संक्रमण धेरै नै फैलिइसकेको छ । त्यसैले वामविरूद्धको मोर्चाबन्दीमा राम (हिन्दूत्व) एवं नाम (प्रियतावाद) को 'फ्युजन' नगरेसम्म माओवादको सम्भाव्य प्रभाव विस्तारलाई रोक्न सकिँदैन । त्यसो हो भने बाबा रामदेव, पूर्व मन्त्री परिषद् अध्यक्ष ज्ञानेन्द्र शाह, विवादित पूर्व सेनाप्रमुख रूक्माङ्गढ कटवाल एवं 'सन्त नेता' कृष्णप्रसाद भट्टराई हावामा खुकुरी नच्चाइरहेका छैनन् ।

सुनिएअनुसार आगामी निर्वाचनभन्दा पहिले सम्भाव्य माओवादी वर्चस्वलाई रोक्न सक्ने उही शैली र प्रकृतिको दक्षिणपन्थी राजनीतिक शक्ति निर्माण नभएसम्म नयाँ संविधान बन्ने वा लागू हुने सम्भावना छैन । त्यस्तो राजनीतिक शक्ति हिन्दूत्ववादमा आधारित उग्र राष्ट्रवादी दलमात्र हुनसक्छ । हिन्दूत्वको विचारधाराले उदीयमान मधेशका जातजाति तथा पहाडका स्थापित समूहलाई समेत जोड्ने अपेक्षा राख्नु अस्वाभाविक पनि लाग्दैन । तर, के त्यस्तो खाले अतिवादी राजनीतिले वामपन्थीलाई मात्र डढाउँछ र ? सम्भवतः हिन्दूत्वको आगोमा सबभन्दा पहिले शान्तिपूर्ण राजनीतिमा विश्वास राख्नेहरू समाप्त हुनेछन् ।

प्रतिद्वन्द्वीहरूको राजनीतिलाई निष्प्रभावी बनाउने धुनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल कहिले पुराणका प्रसाद थाप्न जान्छन् त कहिले भैंसी पूजा गर्न पुग्छन् । अझ त्यतिले नपुगेर एका विहानै सार्वजनिक चौरमा स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्न पनि अप्ठ्यारो मान्दैनन् । तर त्यस खेलमा उनी जिते पनि हार्नेछन् । उनी मोहनचन्द्र अधिकारीजस्तो अध्यात्ममा लाग्दैमा चरम दक्षिणपन्थी हिन्दूत्व राजनीतिको चुनौति समाप्त हुँदैन । हिन्दूत्ववादीहरू गोलवन्द भइरहेको अवस्थामा सदाग्रही राजनीतिमा विश्वास गर्नेहरूले पनि आफ्ना आस्थाप्रति दृढ रहन जरूरी छ ।

हिन्दू 'बाँध्ने' रिलिजियन होइन, मुक्त गर्ने धर्म हो । स्वतन्त्रताको जीवन शैली हो । नेपाल सदाग्रही राज्य बन्नु संसारलाई सन्देश हो कि हिन्दूधर्मलाई राज्य संरक्षण चाहिँदैन । यो धर्म जनजनको नाममा हिन्दूधर्मलाई विजय गच्छेदार, खुमबहादुर खड्का वा कमल थापाहरूको, हतियार बन्न दिनु हुँदैन । त्यस्तो भिडन्तले भयावह हिंसा र प्रतिहिंसा निम्त्याउन सक्छ । धर्ममा सदाग्रह र राजनीतिमा सत्याग्रह शान्तिको संस्कृतिका मुख्य अवयव हुन् । जनमत नै गर्ने हो भने सदाग्रहिता (सेक्युलरिज्म) र धर्मनिरपेक्षता (रिलिजिअस् न्यूटलिज्म) का बीच मत संकलन गरे हुन्छ । हिन्दूत्व भने कदापि स्वीकार्य हुन सक्दैन । ☸

*(श्रोत :- नागरिक दैनिक, ३० चैत्र २०६६)*

## बौद्ध-वृद्धाश्रम, बनेपालाई सहयोग प्राप्त

बौद्ध-वृद्धाश्रम, बनेपाको लागि वि.सं. २०६७ सालमा विभिन्न तवरबाट सहयोग गर्नेहरूको विवरण सर्वसाधारणको लागि जानकारी होस् भनी प्रकाशित गरिएको छ :-

१) पूर्णकेशरी कारंजितलगायत हरिप्रसाद, शिवप्रसाद, सुन्दर, शंकर, श्याम, सुधिरासहित सपरिवार, बनेपाबाट अक्षयकोष स्थापना - रू. ८४,०००।-
२) सुरज शाक्य, ललित मण्डप रू. १५,०००।-
३) विष्णुदेवी मुनिकार र बसुन्धरा महर्जन, काठमाडौं । रू. ३,५००।-
४) चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था, बनेपा रू. ३,०००।-
५) विष्णु शिलवाल रू. २,०००।-
६) सरिता शाक्य, बनेपा रू. २,०००।-
७) अमृतमान ताम्राकार, भोटाहिटी रू. १,५००।-
८) शिशिल चित्रकार, c/o अश्वघोष भन्ते रू. १,०५०।-
९) नानीमैया गुरूङ्, शिफल रू. ५००।-
१०) साथी बचत तथा ऋण सहकारी संस्था, बनेपाबाट दोसल्ला, रात्रीभोजन र चन्दा रू. ५००।-
११) रेणुका गोर्छे रू. २२०।-
१२) सेना दिवसको उपलक्ष्यमा श्री रूद्रध्वज गण, धुलिखेलबाट सेनानी कर्ण बहादुर चन्द समूहमार्फत रू. १०,०००।- बराबरको पिबिसि कार्पेट प्राप्त
१३) बनेपा करूणा विजुली सेवा, तीन दोबाटोबाट लोड सेडिंग हुँदाको लागि चिम, विजुली सामग्रीसहित विजुली बत्ति प्राप्त भइरहेको
१३) एस. ओ. एस. बालग्राम, पनौतीबाट पर्दा कपडासहित यौटा प्रेशर कुकुर प्राप्त
१४) सकुन्तला प्रधान, (प्रिन्सिपल- परोपकार उच्च मा.वि.) बाट १२ वटा खन्नेथालसहित भोजन प्रदान

### सहयोगको लागि साधुवाद

उपरोक्त सहयोगी दाताहरूलाई हार्दिक साधुवाद व्यक्त गरी कुनैपनि रूपबाट सहयोग गर्न चाहने श्रद्धालुहरूलाई बौद्ध-वृद्धाश्रम हार्दिक अनुरोध गर्दछ । सम्पर्कको लागि बौद्ध वृद्धाश्रम, बनेपा, फोन ६६२८४९, बुद्धविहार भृकुटीमण्डप, काठमाडौं, फोन ४२२६७०२, मोबाइल ९८५१०४६१८८ । ☸

# राज्य-धर्मबारे कांग्रेस



✍ नरहरि आचार्य

कांग्रेसका केही महत्वपूर्ण सदस्यहरू कालिदास बाबाले आयोजना गरेको 'हिन्दूराष्ट्र पुनर्स्थापना' अनुष्ठानमा सहभागी भएको समाचारले धेरैलाई आश्चर्यचकित र आशंकित बनाएको हुनुपर्छ । संविधान घोषना गर्ने पूर्वनिर्धारित म्याद साँघुरिँदै जाँदा वृहत आन्दोलन २०६३ ले हासिल गरेका परिवर्तनमुखी उपलब्धिहरू माथि नै विभिन्न आवरण र अवतारमा प्रश्नहरू उठाउन थालिएको छ । राजनीतिक नेतृत्वले आफ्नो जिम्मेवारी र प्राथमिकता निर्धारण गर्न नसक्दा मुलुक र पार्टीहरू भित्र यस प्रकारको विचलन देखिनु अस्वाभाविक होइन ।



## हिन्दूराज्य बारे कांग्रेस

विश्वासको स्वतन्त्रता वा धार्मिक स्वतन्त्रतालाई कांग्रेसले आफ्नो झन्डामा अंकित ४ स्वतन्त्रतामध्ये एउटा मानेको छ । त्यसैले हुनुपर्छ कांग्रेसको अग्रसरतामा बनेको २००७ सालको अन्तरिम संविधानले नेपाललाई 'हिन्दू राज्य' लेखेन । त्यसैगरी २०१५ सालको नेपाल अधिराज्यको संविधानमा पनि 'हिन्दू राज्य' लेख्नुपर्ने आवश्यकता देखिएन । १५ सालको संविधान मस्यौदा गर्ने समितिमा पनि कांग्रेसका तर्फबाट सूर्यप्रसाद उपाध्यायले प्रतिनिधित्व गरेका थिए । वास्तवमा नेपाललाई हिन्दू राज्य भन्ने विशेषण राजा महेन्द्रले आफ्नो निरंकुश शासनलाई वैधानिक आवरण दिने प्रयत्नमा तयार पारिएको संविधान (२०१९) मा पहिलो पटक लेखिएको हो । आफ्नो निरंकुशतन्त्रलाई भारतीय कट्टर हिन्दू जनमतको सहानुभूति र समर्थन जुटाउने भित्री आशयले राजा महेन्द्रले यो बाटो समातेको हुनुपर्छ ।

तीस वर्षको पञ्चायती अभ्यासमा हिन्दू राज्यले निरन्तरता पाए पनि ४७ सालको संविधान निर्माणका बखत यो विषय पुनः बहसमा आएको हो । तत्कालीन संविधान आयोगलाई दिएको आफ्नो सुझावमा कांग्रेसले धार्मिक स्वतन्त्रताको विषयलाई मात्र जोड दिएको छ । राज्यको कुनै एउटा औपचारिक धर्म हुनुपर्छ भन्ने दृष्टिकोण कांग्रेसको त्यस बखत पनि थिएन । संविधानको अन्तिम मस्यौदा तयार गर्दा राजतन्त्रलाई हिन्दू मानिए पनि राज्यलाई हिन्दू भनिएन । तर यसैबीच एउटा कोणबाट धर्मनिरपेक्षता शब्द उल्लेख गर्ने पर्ने चर्को आवाज उठेपछि सम्भवतः त्यसकै प्रतिकृयास्वरूप संविधान घोषणा गर्दा हिन्दू राज्य घोषणा गर्नैपर्ने आवाज पनि अर्को कोणबाट उठ्यो । अन्ततः त्यस बखतको अन्तरिम सरकार र राजा वीरेन्द्रका बीच भएको समझदारी अनुरूप नेपाललाई हिन्दू राज्य भनिएको हो ।

नेपालमा हिन्दूहरूको संख्यालाई लिएर हिन्दू राज्य लेख्नुपर्छ भन्नेहरू पनि छन् । कांग्रेसका केही सदस्यहरूले पनि हिन्दू राज्य राख्ने कि नराख्ने भनेर जनमतसंग्रह गर्नुपर्छ भन्दै छन्, यो कुरा सैद्धान्तिक दृष्टिले पनि उपयुक्त हुँदैन । धार्मिक विश्वास भनेको १ जना व्यक्तिले पनि राख्न सक्ने र त्यो १ लाखले राखेजस्तै उत्तिकै महत्वपूर्ण मानिने विषय हो । यसमा कसैले संख्याको आधारमा राज्यशक्तिको प्रयोग गर्न पाइँदैन । धार्मिक विश्वास भनेको कुनै राजनीतिक वा अन्य विषयगत प्रस्ताव जस्तो बहुमतले निर्णय गर्न मिल्ने विषय होइन । यो विश्वासको कुरा हो र एक्लै पनि पूर्ण हुने विषय हो । हिन्दूहरूको संख्या असी प्रतिशतभन्दा बढी छ भनेर जनमतसंग्रहमा लानुपर्ने

वा हिन्दू राज्य बनाउने भन्ने विषय लोकतान्त्रिक मान्यताभित्र पर्दैन । धार्मिक विश्वास वा स्वतन्त्रताको विषय मौलिक अधिकारभित्रको विषय हो । राज्य सबै धर्मका विश्वासीहरूका लागि उत्तिकै वा समान रूपमा आफ्नो हुनुपर्छ । जतिसुकै संख्यामा भएपनि लोकतान्त्रिक मान्यता प्रतिकूल नहुँदासम्म वा अरूलाई अप्ठ्यारो नपार्दासम्म आ-आफ्ना विश्वासमा रहन पाउने स्वतन्त्रता सबैलाई हुन्छ ।

धर्मलाई व्यक्तिगत विश्वासको विषय भनिन्छ । अरूलाई हानी नपुर्‍याउने सर्तमा कुनैपनि प्रकारले आ-आफ्ना विश्वासअनुरूप प्रार्थना र उपासना गर्ने स्वतन्त्रता लोकतन्त्रको आधारभूत विषय हो । त्यसैले यो विषय मौलिक हकभित्रै पर्ने भएकाले धर्मको बारे संविधानमा अलग्गै लेख्नु पर्दैन । संविधानसभाको निर्वाचनपूर्व पार्टीको घोषणापत्र तयार गर्ने चरणमा कांग्रेसभित्र पनि यस बारे निकै बहस भएको हो । र, धर्मनिरपेक्षता भन्ने शब्द लेखिरहनु आवश्यक छैन भन्ने भनाइ पनि उठेको हो । तर आन्दोलनपछि पुनः स्थापित संसद्ले राज्य 'धर्मनिरपेक्ष' हुने घोषणा गर्‍यो । जुन घोषणा स्वयं गिरिजा प्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा प्रस्तावित भएको थियो । प्रजातान्त्रिक कांग्रेसका सभापतिका रूपमा शेरबहादुर देउवा पुनःस्थापित संसद्को सदस्य रहेकै अवस्था थियो । खुमबहादुर खड्का मात्रै होइन, अहिले 'हिन्दू राज्य' अभियानमा लागेका भनिएका तत्कालीन कांग्रेसी सांसद्हरूको त्यस घोषणाको विपक्षमा मत परेको पनि सुनिएन । संसद्को यही घोषणाअनुरूप अन्तरिम संविधान (२०६३) बन्यो र 'धर्मनिरपेक्षता' शब्द लेखियो ।

धर्मका सम्बन्धमा यी सब पृष्ठभूमि रहँदारहँदै पनि संविधानसभा निर्वाचनका क्रममा आफ्नो घोषणापत्र (२०६४) जारी गर्दै कांग्रेसले भनेको छ, 'धर्मलाई व्यक्तिगत विश्वास र निष्ठाको विषय मानिने छ, प्रत्येक नागरिकलाई आफ्नो विश्वास अनुसार धर्म र उपासना पद्धति ग्रहण गर्ने वा नगर्ने अधिकार रहने छ । समाजमा धार्मिक सहिष्णुताको वातावरण कायम गर्नु राज्यको कर्तव्य हुने छ ।' धर्म बारे कांग्रेसको आधिकारिक मान्यता र मूल धारणा यही हो । घोषणापत्र तयार गर्दा 'हिन्दू राज्य' नलेखे जस्तै 'धर्मनिरपेक्ष' भन्ने शब्द पनि लेख्न आवश्यक छैन भन्ने धारणा कांग्रेसमा व्याप्त थियो । वास्तवमा आफ्नो दृष्टिकोण र अडानलाई स्पष्ट पार्ने भन्दा पनि अरूसँग मिल्दोजुल्दो हुने चाहनाले कांग्रेसकै घोषणापत्रमा पनि 'धर्मनिरपेक्ष' भन्ने शब्द राखियो । अनौठा के भएको छ भने त्यतिखेर धर्मनिरपेक्ष राख्न तम्सनेहरू मध्येका कतिपय अहिले 'हिन्दू राज्य' का पक्षमा उभिन तयार छन् । यो परिस्थिति दृष्टिकोणमा रहेको अस्पष्टता र वैचारिक शून्यताको परिणाम हो ।

कांग्रेसभित्र पनि पटक-पटक यस्ता समस्याहरू आइपर्ने गर्छन् । पशुपतिका भट्ट नियुक्तिको विषयमा पनि कांग्रेस-नेतृत्वको व्यवहार नीतिगत रूपले स्पष्ट र संगतिपूर्ण देखिएन । यक क्रममा कांग्रेसका नेता रामचन्द्र पौडेललगायतका केही साथीहरू माओवादी सरकारले गरेको भट्ट नियुक्तिको विरोधमा आयोजित कार्यक्रममा सामेल भए । त्यस क्रममा 'धर्मनिरपेक्ष' देशमा सरकारले धार्मिक प्रतिष्ठानको पुजारी नियुक्ति गर्न मिल्दैन भन्ने मान्यतागत विषयलाई उठाउँदा यसको विश्वसनीयता स्थापित भएन । नेपाली पुजारी नियुक्तिको विरोध जस्तो मात्रै देखिन पुग्यो । किनभने यसको लगत्तैपछि कांग्रेसको समर्थन र सहभागिता रहेको सरकारले भारतीय नागरिकलाई पशुपतिमा प्रमुख पुजारी (भट्ट) नियुक्ति गर्दा कांग्रेसले कुनै आवाज उठाएन । यसले माओवादी सरकार हुँदाको कांग्रेसका कतिपय नेताहरूले गरेको विरोध मूल्य र मान्यतामा आधारित वा नीतिगत नभएर प्रतिकृयामूलक र राजनीतिक असन्तुष्टी मात्रै थियो भन्ने पुष्टी गर्‍यो । वास्तवमा समय छँदै नयाँ विषयहरू वा प्रस्तावहरू माथि गहन रूपले वा विस्तारमा छलफल गर्न तयार नहुने तर समय च्याप्दै ल्याएपछि हचुवामा निर्णय गर्ने प्रवृत्ति दोहोरिएको छ । साथै परिस्थिति हेरेर दृष्टिकोण बनाउने र बदल्ने प्रवृत्तिलाई पनि प्रोत्साहित गरेको छ ।

## राष्ट्रपतिको धार्मिक-प्रस्तुति

गणतन्त्र नेपालका प्रथम राष्ट्रपतिले धार्मिक साँस्कृतिक कृयाकलापमा देखिएको पदीय सहभागितालाई लिएर पनि विविध कोणबाट थुप्रै प्रश्न उठेका छन् । यस विषयमा कांग्रेसको आधिकारिक नीति पनि सार्वजनिक भएको छैन । यस बारे कांग्रेस पार्टीमा कुनै औपचारिक छलफल नभएकाले होला आपसमै

प्रशस्तै मतान्तरणहरू छन् । गणतन्त्र नेपाल घोषणा हुनु पहिले हिन्दू राज्यका राष्ट्राध्यक्षको हैसियतमा राजाले निर्वाह गर्दै आएका धार्मिक साँस्कृतिक भूमिका र सहभागिताको निरन्तरता राष्ट्रपतिले दिनुपर्छ, पर्दैन वा कसरी पर्छ भन्ने बारे अहिलेसम्म राज्यका कुनै निकायमा पनि व्यवस्थित छलफल भएको छैन । राष्ट्रपतिले आफ्नै अग्रसरतामा लिएका नीजि परामर्शका आधारमा यस्ता सहभागिता तय हुने गरेको बुझिन्छ । जसअनुसार राष्ट्राध्यक्षका हैसियतले शिवरात्रि-अनुष्ठानको संकल्प लिने, पशुपतिको दर्शन गर्ने, कुमारीको दर्शन तथा खड्ग आदान-प्रदान, भक्तपुरस्थित नवदुर्गा दर्शन, मच्छिन्द्रनाथको भोटो हेर्ने, वसन्त श्रवण गर्ने आदि कार्यक्रमले अहिले पनि निरन्तरता पाएको अवस्था छ । धर्मनिरपेक्ष र गणतन्त्र नेपाल बनेको परिवर्तित परिस्थितिमा यस्ता कार्यक्रममा राष्ट्रतिको सहभागिता हुन मिल्दैन भन्ने धारणा पनि पर्याप्त मात्रामा उठेका छन् ।

हुन त आफूलाई धर्मनिरपेक्ष भन्ने कतिपय पश्चिमी देशहरूका पनि आफ्नै ढंगका धार्मिक विश्वासमा आधारित राज्य परम्परा भेटिएका छन् । संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले आफ्नो पदको सपथ ग्रहण गर्दा धार्मिक ग्रन्थ बाइबलमा हात राखेर गर्ने परम्परा यथावत छ । जर्मनको संसद् भवनभित्र अहिले पनि यस्तो कोठा छ, जहाँ मौन रूपमा बसेर आफ्नो विश्वासअनुरूपको धार्मिक आराधना वा ध्यान गर्न सकिन्छ । तर टेबुलमा राखेको यौटा ठूलो क्रस चिन्हले त्यहाँको व्यवस्थापनमा विद्यमान क्रिश्चियन परम्पराप्रतिको झुकावलाई संकेत गर्छ । त्यस्तै किसिमको व्यवस्था स्विजरल्याण्डको वर्न प्रदेश स्विजरल्याण्डको राजधानीमा मन्त्री परिषद्को बैठक कक्षमा पुग्दा देखिन्छ । बैठक कोठासँगै जोडिएको यौटा विशेष कोठा छ, जहाँ निकै पुरानो तर भव्य आकृतिको बाइबल राखिएको छ । जहाँ मन्त्री परिषद्को बैठक बस्नुअघि मन्त्रीहरूले पसेर प्रार्थना वा कुनै प्रकारले संक्षिप्त आराधना गर्न सक्छन् । विशेष कोठामा सबैले जानै पर्छ भन्ने बाध्यता भने छैन भन्ने गरिंदो रहेछ । माथिका प्रसंगले केही प्रश्नहरू स्वाभाविक रूपले उठ्ने छन् । संयुक्त राज्य अमेरिकाको करिब २ सय २५ वर्षभन्दा लामो इतिहासमा सबै राष्ट्रपतिहरू सायद क्रिश्चियन नै भएका छन् । त्यसैले सबैलाई बाइबालमा हात राखेर सपथ लिन अप्ठ्यारो भएन । कुनै दिन गैर क्रिश्चियन राष्ट्रपति भयो भने उसले पनि बाइबलमाथि नै हात राखेर सपथ नलिन सक्छ । त्यस्तो अवस्थामा आफ्नो विश्वास भएको वस्तुमा वा कुनै अन्य धर्मग्रन्थमा हात राखेर सपथ लिने अवस्था आउला ? निश्चय नै आउनु पर्ने हो । यसैगरी नेपालमा गैर हिन्दू राष्ट्रपति भएका अवस्थामा राष्ट्राध्यक्षको हैसियतले शिवरात्रिको अनुष्ठान संकल्प लिनु सम्भव हुन्छ । तसर्थ यस्तो अवस्थामा भोलि के हुने भन्ने बारेमा राज्यले औपचारिक कार्यविधि बनाउनै पर्ने हुन्छ । औपचारिक र सबै नागरिकलाई ठिक लाग्ने वा कसैलाई चित्त नदुख्ने कार्यविधिले मात्र राज्यको तटस्थ-व्यक्तित्वलाई प्रस्तुत गर्नसक्छ ।

## निष्कर्ष

कांग्रेस लोकतान्त्रिक पार्टी भएका कारण धर्मका विषयमा पनि लोकतान्त्रिक मान्यता प्रतिकूल धारणा बनाउन मिल्दैन । धर्मलाई व्यक्तिगत विश्वासको विषय मान्नुपर्छ । राज्य कुनै तोकिएको धर्ममा बाँधिन मिल्दैन । त्यसैले राज्यका प्रमुख पदाधिकारीहरूले आफ्नो विश्वासको व्यक्तिगत स्वतन्त्रतालाई प्रयोग गर्दा पनि पदीय मर्यादा र जिम्मेवारीअनुरूप गर्नुपर्ने हुन्छ । प्रत्येक नागरिकलाई अन्य व्यक्तिका मौलिक हकमा प्रतिकूल नहुने गरी धार्मिक विश्वास र उपासना पद्धति ग्रहण गर्ने वा नगर्ने स्वतन्त्रता हुनै पर्छ । यस अतिरिक्त साँस्कृतिक धरोहरका रूपमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मान्यता प्राप्त क्षेत्रहरूको सुरक्षा र संरक्षणमा राज्य पूर्ण रूपले सहयोगी रहनु पर्छ । समाजलाई धार्मिक रूपले सहिष्णु बन्ने आधार र वातावरण उपलब्ध गराउने जिम्मेवारी राज्यको हो । कांग्रेसका आजसम्मका दस्तावेजहरू र घोषणापत्रहरूले राज्य र धर्मको सम्बन्धका बारेमा यी नै दृष्टिकोण राखेका छन् । कांग्रेसका सदस्यहरू तथा यसका समर्थक एवं शुभेच्छुकहरूले यसै आधारमा पार्टीको नीति बुझ्न जरूरी छ । यसबाहेक कांग्रेसकै सदस्यहरूको सहभागितामा भएपनि त्यस्ता धार्मिक अभियान र अनुष्ठानहरू व्यक्तिगत अभिरूचिका विषय मात्र हुन् ।

*(श्रोत : कान्तिपुर दैनिक, ३ चैत्र, २०६६ ।)* ❁

# धरानको परियत्ति परीक्षामा जांदा .....

उर्मिला सापकोटा (शाक्य)

नेपालमा बुद्धधर्मको अध्ययन अध्यापनका लागि प्रचारप्रसारकासँगै नैतिक शिक्षालाई जोड दिँदै अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपालबौद्ध परियत्ति शिक्षा आजसम्म पनि सफलतापूर्वक अगाडि बढिरहेको छ । परियत्ति शिक्षाको वार्षिक परीक्षाको लागि सुपरिवेक्षकको रूपमा हामीले सुनसरी जिल्लाको सुन्दर नगरी धरान जान पायौं । अहिलेसम्म हामीले परियत्ति शिक्षा विषयमा अध्ययन र अध्यापन कार्य गर्दै आए पनि परियत्ति परीक्षा संचालन गर्ने महत्वपूर्ण जिम्मेवारीबोध गर्ने मौका मिलेको थिएन तर भाग्यवश भनौं परियत्ति शिक्षाको परीक्षा संचालन गर्न आवश्यक प्रश्नपत्र र उत्तर पुस्तिकासहित सुपरिवेक्षक भई जाने सुवर्ण अवसर प्राप्त भयो ।



ने. बौ. प. शिक्षाका सह-परीक्षा नियन्त्रक भिक्षु निग्रोधको आज्ञानुसार हामी विश्वशान्ति शिक्षालयका शिक्षक-शिक्षिका म र मेरा आदरणीय पति अमिर शाक्यका साथ २०६६/१०/७ गते रात्री बसबाट धरान प्रस्थान गऱ्यौं । रातभरीको नरमाइलो यात्रापछि बिहान नौबजे हामी धरानको सुन्दर नगरीमा उत्रियौं । नयाँ ठाउँ र नयाँ मान्छेसँग रमाउँदै हाम्रो गाँस र बासको व्यवस्था गरिएको रमाइलो घरमा पुग्यौं । खानपिन र आरामपछि विद्या दिदीले पढाउने दृष्टिविहीन बच्चाहरूले पढ्ने श्री पूर्वांचल ज्ञानचक्षु विद्यालयमा गयौं । त्यस विद्यालयमा अध्ययनरत ९० जना बालबालिकामध्ये १८ जना विद्यार्थी परियत्ति शिक्षाको कक्षा १ का परीक्षार्थी थिए । हामीले लगेका प्रश्नपत्रलाई विद्यादिदीले ब्रेल लिपिमा रूपान्तरण गर्नुभयो ।

२०६६/१०/९ गते शनिवार ७ बजे परीक्षा संचालन गर्नुपर्ने जिम्मेवारी एकातिर छँदै थियो भने अर्कोतिर चिसोको कारण अनि बिदाको दिन उनीहरू परीक्षामा सहभागी होलान् भन्ने विश्वास नै थिएन । हामी बसेको स्थानबाट करिब १० किलोमिटरको दुरीमा रहेको सम्यक् शिक्षा प्रा. वि. जुन विद्यालय बुद्ध धर्मकै नाममा जोडिएको दलित र निम्न वर्गका छोराछोरी पढ्ने सरकारी विद्यालय हो ।

माघ महिनाको समय, बढि नै जाडो थियो । हुस्सु र कुहिरोबीच पनि विद्यार्थीहरू पञ्जाको त के कुरा विनामोजा चप्पल र विना स्वीटर पातलो सर्टमा उत्साहित भएर उपस्थित भए । दलित र अन्धा विद्यार्थी बालवालिकाहरूको उपस्थिति निकै उत्साहजनक थियो, यो अत्यन्त खुशीको कुरा हो ।

एकातिर दलित र अशिक्षित परिवाका विद्यार्थी जम्मा पार्नुपर्ने र अर्कोतिर ज्ञान चक्षु विद्यालयका अन्धा विद्यार्थी लिएर उनीहरूको वासस्थानबाट करिब १५ किलोमिटर टाढा रहेको परीक्षाहलमा पुग्नु परेकोले विहान ठीक ७ बजे परीक्षा सञ्चालन गर्न सम्भव नभएपछि ८:३० बजे परीक्षा सुरू भयो । हुन त ती दृष्टिविहीन परीक्षार्थीले मानेका भए उनीहरूकै विद्यालयमा परीक्षा सञ्चालन गर्न सम्भव थियो तर उनीहरूको भावना बुझेर असाध्यै माया गरी पढाउने शिक्षिका विद्या शाक्यले खोलेको विद्यालयमा पुग्ने रहरका कारण उनीहरूको इच्छालाई कदर गरी परीक्षा केन्द्र सारिएको थियो ।

वास्तवमा म पनि एउटा शिक्षिका भएको नाताले मैले के कुराको अनुभव गर्ने मौका पाएँ भने बाहिरी आँखा भएका विद्यार्थीहरू अर्थात् आँखा देख्नसक्ने विद्यार्थीहरूलाई



सिकाउँदा उनीहरू बाहिरी संसारका भौतिक वस्तुहरूमा झुल्नेहुँदा उनीहरूको ध्यान बाहिरी दुनियासँग अलमलिन्छ भने आँखा नदेख्ने दृष्टिविहिन बच्चाहरूलाई पढाउँदा उनीहरू बाहिरी संसारसँग भुल्न नसक्ने हुनाले शिक्षकले पढाएको विषयमा एकाग्रतासहित सुन्ने र चाँडो बुझ्नसक्ने हुन् कि भन्ने लाग्यो । वास्तवमा दृष्टिविहीन बालबालिकाहरूलाई जोसुकैले शिक्षा दिनु भनेको सजिलो छैन । विद्या दिदीले ती दृष्टिविहिन बच्चाहरूलाई चौरमा राखेर कक्षा सञ्चालन गर्नुहुँदा १७ जना बच्चाहरू चौरमा कक्षा लिन उत्साहित थिए । भित्र कक्षामा केही विद्यार्थीहरू गीत गाइरहेका थिए, कति विद्यार्थी तबला र हार्मोनियम बजाइरहेका थिए । बाहिर कोलाहल र एकोहोरो गीत गुञ्जायमान हुँदाहुँदै पनि उनीहरूले ध्यान दिएर पढिरहेको देख्दा परियत्ति शिक्षाप्रति गहिरो रूचि छ भन्ने कुरा स्पष्ट देखिन्थ्यो । एकजना परीक्षार्थीको जिल्लास्तरीय गाायन प्रतियोगिता परीक्षाकै दिन परेको थियो । "राधा तिमी परीक्षामा सामेल हुन्छ्यौ या गीत गााउन जान्छ्यौ ?" भनी सोध्दा "गीत गाउन त सधैं पनि पाउँछौं तर परियत्ति परीक्षा सधैं हुन्न, त्यसैले परीक्षा नै दिन्छु ।" भनी जवाफ दिएकी सुन्दा हामी दङ्ग पऱ्यौं । परियत्ति शिक्षाप्रति कति धेरै इच्छा जागेको होला जस्तो लाग्यो । यसको श्रेय शिक्षिका विद्या शाक्यलाई नै जान्छ ।

बुद्ध को हुन् भन्ने कुरा थाहा नपाउने पारिवारिक वातावरणमा हुर्केका बच्चाहरूले बुद्धधर्मसम्बन्धी परियत्ति शिक्षामा त्यति धेरै रूची लिएर दश कक्षा अर्थात कोविदसम्म अध्ययन गर्ने इच्छा राख्नु चानचुने कुरा होइन । तर त्यस शिक्षालाई निरन्तरता दिन विद्या दिदि स्वयंले सदैव सम्भव देखिंदैन । आउँदा दिनहरूमा त्यसरी ब्यक्तिगतरूपबाट खर्च गरेर त्यति धेरै खट्ने मान्छे पाउन गाऱ्हो छ । वर्तमान परिप्रेक्षमा मात्रै हेर्ने हो भने पनि मात्र प्रधानाध्यापकको सानो सहयोग हुन्छ परियत्ति पढाउनुस् भन्ने वचनमात्रले पनि अठारजना विद्यार्थीका लागि कक्षा एकको परियत्तिको पुस्तकलाई ब्रेल लिपि अनुवाद गरिदिनु र विद्यालयको खाली समय, चिया नास्ताको समय पारेर विद्यार्थी जम्मा गरी शिक्षा दिनु भनेको एउटा चुनौतिपूर्ण कार्य हो । त्यसैले यस कार्यलाई निरन्तरता दिनु परियत्ति केन्द्रले पनि विभिन्न किसिमबाट सहयोग गर्नुपर्ने देखिन्छ । विद्यादिदीको धर्म र समाजप्रतिको निःस्वार्थ भावना देख्दा मलाई आफू धेरै पछि परेको महसुस भयो र मनमनै म पनि केही गर्छु भन्ने भावना जागृत गरायो ।

कक्षा १ र २ गरेर जम्मा ५२ जना परीक्षार्थी परीक्षामा सहभागी थिए भने १८ जना विद्यार्थीहरू दृष्टिविहीन थिए जसले कक्षा १ मा ब्रेल लिपिबाट परीक्षा दिए । यो हालसम्मको नयाँ रेकर्ड हुनुपर्छ । त्यसैले होला परीक्षा भवनमा अवलोकनका लागि विभिन्न पत्रकारहरूको सहभागिता रह्यो । उक्त परीक्षासम्बन्धी नेपाल टेलिभिजनबाट एउटा कार्यक्रम नै प्रसारण गरियो ।

दृष्टिविहीन बालबालिकहरू पनि परियत्ति परीक्षामा सहभागी हुनु र आफ्नो मिसले खोलेको विद्यालय हेर्न पाउँदा ज्यादै खुशी थिए ।

यसरी एउटा नयाँ र नौलो अनुभव बोक्दै हामी ११ गतेको २ कक्षाको दोस्रो परीक्षा सकेर र ब्रेल लिपिबाट प्राप्त परीक्षाको उत्तर पुस्तिका विद्या दिदिलाई नै अनुवाद गर्न लगाई धरानबाट विदा भएर विराटनगर, झापा, इलाम, दार्जिलिङ्ग र जनकपुर हुँदै माघ १५ गते विहान ६ बजे काठमाडौं उत्रियौं । स्मृतिका पानाहरू हाम्रो मनसपटलमा रहिरहने छ । हामीलाई पनि निःस्वार्थ भावनामा रहेर काम गर्न प्रेरित गरिरहने छ । बुद्धधर्म र परियत्ति शिक्षामा त्यागमय श्रद्धा रहिरहने छ ।

☸

# असेवना च बालानं एतं मंगलमुत्तमं



✍ सामणेर धम्मघोस

बाल मूर्खजनहरूको संगत नगर्नु उत्तममंगल हो । बालमूर्खहरू दुःखको दलदलमा फस्दछन् र साथीहरूलाई पनि दलदलमा फसाउँछन् । समस्या नै समस्या तर समाधानको एक कौडी पनि बुद्धि हुँदैन, त्यस्ता व्यक्तिहरू आफ्नै मूर्खताले गर्दा चिन्ता, तनाव, भावुकता र दुःखित हुन्छन् । बाल मूर्खतालाई पहिचान गर्न खासै गाऱ्हो पर्दैन । त्यस्ता मानिसहरू जो नराम्रो विचारलाई प्रश्रय दिन्छ, जसले नराम्रो कुरा गर्छ, जसले नराम्रो काम गर्छ त्यसैलाई बालमूर्ख भनेर भनिन्छ । यस्ता मानिसहरू राजा, मन्त्री, राजकर्मचारी, धनाढ्य, अधिकृत, व्यापारी, शिक्षक, जेजस्तो भएतापनि बालमूर्ख नै हुन् । यस्ता मानिसहरूले लाभसत्कार प्राप्त गरी, यशकीर्ति फैलाएर आनन्दका साथ जीवन जिउन सक्दैनन् । त्यस्तै यस वर्तमान अवस्थामा पनि केही पनि सही काम, सकारात्मक सोच, प्रियवचन, नबोल्ने र नगर्ने हुँदा यिनीहरूको भविष्य पनि अन्धकार हुन्छ ।

धेरै पहिलेको कुरा हो, कुनै एक ठाउँमा धेरै जना मूर्खहरूको बसोबास थियो । उनीहरू रूढीवादी परम्परा, अन्धविश्वास, कुरीतिले जकडिएका थिए । अशिक्षाका कारणले बच्चाहरूलाई झाडापखाला लाग्दा पानी पिउन दिनुहुँदैन, केटीमान्छे नछुने हुँदा घरमा राख्नु हुँदैन भनी चिसो गोठमा सुताउँथे । उनीहरूका बालबच्चाहरू धेरै थिए र खान, लाउन, बस्न भने ठूलो संघर्ष गर्नुपर्ने थियो । उनीहरू कृषि कार्यमा निर्भर थिए । उनीहरू धेरै चाडपर्व मनाउने गर्दथे । धनीमानीहरूले जन्मदिनमा स-साना हर्षोलासका साथ कार्यक्रम मनाई स-साना मासुका टुक्रा तथा झिँगेमाछा हालेर च्युरालाई घिउँमा भुटेर छरछिमेकी टोलका सबैलाई बाँधिदिन्थे । गरिबहरू भने केही च्यूरामा दही र चिनी हालेर बाँधी दिन्थे ।

एकदिनको कुरो हो एक पाँच/छ वर्षको बालक आफ्नो परिवारसँगै जन्मदिनको बेलामा दही च्यूरा बाँड्दै थियो । सबैजनाले पालैपालो दही च्यूरा लिएर आ-आफ्नो बाटो लाग्दै थिए । त्यस्तैमा एक हुल मूर्खहरू पनि दही च्यूरा थाप्न आए । ती मुर्खहरू मध्ये कसैले चुरोट खाँदै थिए, कसैले ख्यालठट्टा गर्दै एकले अर्कालाई मुर्की हान्दै आफ्नो पालो पर्खिरहेका थिए । त्यस्तैमा एक मूर्खमान्छेले त्यहाँ सँगैको एक सतलमा अँगालेर दही च्यूरा थापे । त्यसरी काठको खम्बामा अँगालेको हुनाले फेरी दुबैहातले दही च्यूरा थापेकोले ठूलो समस्यामा पऱ्यो । उ ठूल-ठूलो स्वरले कराउन थाल्यो । उनका मूर्खसाथीहरू सबै आएर उनलाई घेर्न आए । एक जना मूर्खले दही च्यूरा फाली खम्बा छोड भने तर दही च्यूरा फाल्न मन मानेन, फेरी दही च्यूरा थापेपछि फाल्नु हुँदैन पाप लाग्छ भन्ने विश्वास गरिन्थ्यो । अर्को मूर्खले त्यस सतलको खम्बा करौटीले काट्नु पर्छ भने तर "यी सतल हाम्रा पुर्खाले बनाएका सम्पत्ति हुन्" भनी विरोध गरे । अर्को मूर्खले त त्यो बच्चाको हातै काट्नुपर्छ भने त्यस कुरा सुनेर त्यस बच्चा रून थाले । यसरी धेरै बेरसम्म उनीहरू गनथन गरिरहेका थिए । त्यति नै बेला ब्यापारको सिलसिलामा हिँडिरहेका एकजना बटुवाले टाढैबाट ती होहल्ला गरिरहेका मूर्खहरूलाई देखेर यहाँ के भएका रहेछन् भनी अगाडि आए आए । त्यस बटुवाले सबै कुरा सोधपुछ गरे । सबैकुरा बुझेझै गरेर उनले आफूसँग एउटा उपाय भएको बताए । त्यसपछि प्लेट लिएर आए अनि त्यस खम्बा अँगालेर दही च्यूरा थाप्ने बालक अगाडि राखेर दही च्यूरा प्लेटमा खनाउन लगाए, उनको हात पनि काट्नु परेन । त्यसपछि ती मूर्खहरूले ठूल-ठूलो स्वरले ताली बजाए । "यी त हाम्रा लागि देवता हुन् । त्यसैले यसको केही न केही चिन्हो राख्नुपर्छ" एकजना मूर्खले भने । सबैले ठूल-ठूलो स्वरमा हाँ मा हाँ थप्न थाले । कसैले त्यस बटुवाको लुगा च्याते, कसैले कपाल भुत्ल्याए, कसैले जुत्ता लिए, कसैले मोजा लिए । अब आफै कल्पना गर्नुस् त त्यस मानिसको हालत के भयो होला ।

त्यसैले मूर्खहरूको संगत गर्नु हुँदैन । उनीहरूलाई उपकार नै गर्नु परेपनि हिलोमा खसेको मान्छेलाई हिलोबाट निकाल्दा आफूलाई हिलो नलाग्ने गरी निकालेजस्तै विचार पुऱ्याउनु पर्छ । दलदलमा परेको मान्छे जति चल्मलाउँछ त्यत्तिकै दलदलमा फँस्छ, साथै बचाउने मानिसलाई पनि फसाउन सक्छ । बोधिसत्वको जीवनमा पनि त्यसरी नै एक मानिसलाई जंगलबाट पार गरिदिँदा त्यस मूर्ख मानिसले भोकले गर्दा आफैलाई प्रहार गरेको कथाहरू धेरै पाइन्छन् । त्यसैले प्रयास गरौं अबदेखि हामी मूर्खहरूको संगत गर्ने छैनौं । ☸

# अयोध्यामा भगवान् बुद्ध

**ईश्वरमान सिंह**, वरिष्ठ पत्रकार

भगवान् बुद्ध नेपालको लुम्बिनीमा जन्मेका थिए भने भने भारतको अयोध्यामा भगवान् रामको जन्म भएको थियो । सीताको जन्म जनकपुरमा भएको सर्वविदितै छ । २०६६ सालको पुस २० गतेदेखि पुस २७ गतेको समयभित्र जनकपुरधामदेखि अयोध्या सम्मको भ्रमण गर्ने मौका मिलेको थियो ।

हजारौं वर्ष पुरानो अयोध्याको ऐतिहासिक, धार्मिक र साँस्कृतिक आदिका कारण महत्वपूर्ण रहेको छ । भ्रमणकै सिलसिलामा 'अयोध्याका प्रचीन इतिहास' (Ayodhya Guide) किन्ने मौका मिल्यो । त्यही पुस्तकको आधारमा भगवान् बुद्धको विविध पक्षमा उल्लेख गरिएका कुराहरू प्रस्तुत गर्न चाहन्छु । त्यस पुस्तकको ३२ पेजमा प्रचीन अयोध्याकी खोज शीर्षकमा पाँचौ प्याराग्राफमा यसरी उल्लेख गरेको छ- "कलियुग के प्रथम सहस्राब्दी के वाद शाक्यवंश उत्तराधिकारी हुआ परन्तु तीन पीढियो के निरन्तर अमंगल होने के कारण महाराजा शुद्धोदन को अयोध्या छोड देनी पडी । उन्हों ने सरयु पार श्रावस्ती (सहेट–महेट) मे अपनी राजधानी बनाई ।

नई राजधानी बन जानेपर अयोध्याके सभी नागरिक अयोध्या छोडकर श्रावस्ती मे बसे जिसके कारण अयोध्या सूनी हो गई । कूछ समयपश्चात् महात्मा गौतम बुद्धका जन्म हुआ । गौतम बुद्ध ने १६ वर्षौतक प्राचीन अयोध्यापुरी मे निवास किया यहीं रहकर उन्हों ने अपने धर्म सिद्धान्त निर्धारण किये पर एक बौद्ध सन्त हुये है जिनमे गदाधर पण्डित, रामचन्द्रजी, आर्यसर, अश्वघोष, आनन्द बसु, हीरामणी और विशाखाजी (विशाखा देवी का नाम) अधिक प्रसिद्ध है ।

यसले त्यस बेला विशाल भारत भएकाले सीमानाको कुनै सीमा नै रहेनछ भन्ने बुझ्नु पर्दछ र शुद्धोदन राजाको राज्य विस्तृत रूपमा फैलिएको बुझ्नु पर्दछ । सोही पुस्तकको २५ पेजमा "बौद्ध धर्म" शीर्षकमा यसरी उल्लेख भएको छ । इतिहासज्ञ मिस्टर जार्जस्टरजन साहब लिखते है किः–

चेल्डियन्स बेबी लिलन और कोल्बिन ने अपना धर्म और सभ्यता भारत मे ग्रहण की हैं । आगे चलकर आपने यह भी सिद्ध किया है कि प्राचीन इङ्ल्याण्ड के ड्रोइस बुद्ध धर्मालम्बी थे । बुद्धमत नील नदी तक पहुँचा था । Egyptians के धर्म ग्रन्थों मे भी बुद्धका नाम बौद्ध आया है ।

बौद्ध धर्मका प्रवर्तक महात्मा गौतम बुद्धका पूर्व नाम सिद्धार्थ था । अयोध्या के राजा शुद्धोदन के पुत्र थे । पाश्चात्य विद्वन स्वीडसकान्त का कहना है कि यह धर्म (बौद्ध) यहाँ से इथियोपिया, मिश्र, चीन, कोरिया हो ते हुये तिब्बत की ओर बढा और फिर उसके वाद वाल्डिया, फाइनेसिया, पैलेस्टाइन, कोल्विन, ग्रीक, पूर्तगाल और बृटेन तक फैल गया ।

सोही पुस्तकमा चिनी यात्री फाहियान लिखता भन्दै यसरी उल्लेख गरेका छन्- "संसारमे जितने भी धर्म है उनमे सबसे अधिक लोग बौद्ध धर्मको मानने वाला है । इसका ( बौद्ध धर्म) आदि जन्मस्थान अयोध्या है ।" यसको अर्थ भगवान् बुद्धको जन्मस्थल नभई बौद्ध धर्म प्रचार गरेको स्थान पनि हो भन्न खोजेको हुनु पर्दछ । यहीं से यह धर्म बर्मा, श्याम, चीन, जापान, तिब्बत, और लंका आदि देशोंको गया है" व्याख्या गर्न खोजेकोछ ।

अयोध्या मे "बुद्ध कुण्ड" नामक पवित्र तालाव है । प्राचीन कालमे महात्मा बुद्ध देव ने यहाँ पर १६ वर्ष तक तपस्या की थी और ज्ञान प्राप्त किया था । सायद त्यसबेला गया पनि अयोध्या राज्यअन्तरगत नै पर्दथ्यो होला । किसी समय यहाँ पर बहुत बडा बौद्ध विहार था जिसमे बौद्ध भिक्षु निवास करते थे । आज दिन तो केबल उसके भग्नावशेष मात्र शेष है । महाराज हर्षवर्द्धन के समय मे भारत आनेवाला चिनी यात्री ह्वेन सांग अपनी पुस्तक मे लिखता है भन्ने कुरा उक्त पुस्तकमा यसरी लेखिएको छ- अयोध्या के मध्य मे एक सुन्दर तालाब है, लोग इसे बुद्ध कुण्ड कहते है । कुछ लोग इसे दन्तधावन कुण्ड भी कहते है । इसके समीप मे बहुत बडा विहार है जिसमे बौद्ध हीनयान सिद्धान्त की अनुयायी हजारौं भिक्षु निवास करते है ।

प्राचीन कालमे यहाँ पर महात्मा बुद्धदेव के हाथ का लगाया हुआ बहुत बडा वर वृक्ष था । यह लोगो ने बोधिबृक्ष के नाम से विख्यात है । यस अर्थले अयोध्या बुद्ध गयासम्म राज्य रहेको बुझाउँछ कि भन्ने सम्झनु पर्दछ ।

कहते है कि किसी रानी ने अशुद्ध अवस्था (मासिक धर्म के समय) मे इस बृक्षको छू लिया जिसके कारण यह बृक्ष सूख गया । उसकी लकडिया चीन जापान, बर्मा, श्याम लंका आदि देशोंके तमाम बौद्ध भिक्षुक आकर ले गये थे । व अकडियाँ उक्त देशों के बौद्ध मन्दिरोमें आज दिन भी सुरक्षित है । ❁

# दयाकरूणाले कहिले प्राथमिकता पाउने?



✍ केशरी वज्राचार्य

भगवान् बुद्धले धर्मको आचरण गर्ने सम्बन्धमा बेलाबेलामा उपदेश दिनुभएको छ । त्यसतर्फ हामीले गहिरिएर विचार गर्न सकेका छौं त ? धुपदीप नैवद्यले पूजा गर्दैमा तथागतलाई सत्कार र पूजा गरेको ठहरिंदैन । जसले धर्मअनुसार आचरण गर्छ उसैले तथागतलाई पूजा गरेको ठहरिन्छ भनी बुद्धले कुशीनगरमा भिक्षु आनन्दलाई सम्बोधन गर्दै देशना गर्नुभएको थियो । बुद्धको महापरिनिर्वाण भएकै २५ सय वर्षभन्दा बढी भइसकेको छ । बुद्धको यो उपदेश पालनागर्न नेपाली जनताले नै बिर्सेजस्तो देखिन्छ । उपदेशको मर्मलाई बिर्सेर मानिसहरू बुद्धलाई अर्कै किसिमले व्यवहार गर्दछन् । बुद्धमूर्ति अगाडि झुक्छन् । नमस्कार गर्छन् । तर आफूले जानीनजानी गरेका कर्मप्रति गहिरिएर खुलेर विचार गर्दैनन् । उपदेशलाई राम्रोसंग बुझ्ने प्रयत्न गर्दैनन् । बुद्धको जय मनाउँछन् । मुखले जय बुद्धसम्म भन्छन् । तर व्यबहारमा विपरीत काम गर्छन् । के यसरी मानिसहरूको कल्याण हुन्छ ? अझै बौद्ध सँस्कृतिको नाममा कर्मकाण्ड गर्नेहरूको के कुरा गर्ने ? आधा-अधुरो कामगर्ने पछि पर्दैनन् ? सनातन हिन्दु-सँस्कृतिमा जेलिएको कर्मकाण्डलाई नै धर्म मान्ने हो भने । बारको गढीमाई मेलामा पशुपंछी बलिदिएर धर्म हुन्छ भन्नेजस्ता धर्मभिरूलाई के लाभगर्नु अगाडि भिक्षु सिद्धार्थ छँदा नै धर्मभिरू अज्ञानीहरूलाई विनम्रताकासाथ सम्झाई बुझाई सही बाटो देखाउनुभएको थियो ।

एक पटक बुद्धले अत्यन्त शिष्ट ढंगले राजा बिम्बिसारलाई भन्नुभएको थियो- पुरोहितहरूलाई विचरो प्राणीको ज्यानलिन नदिनुहोस् । उच्चपदस्थ सभासद्हरूलाई समेत प्रभावितपार्ने हिसाबले बुद्धले त्यसबेला सम्झाउँदै भन्नुभएको थियो । जीवन कति आश्चर्यजनक छ । यसलाई नासगर्न जोकोहीले सक्तछ । तर आफूले नासगरेको जीवनलाई कसैले पनि बचाउन सक्तैन । मानिसहरू जस्तै नै हरेक प्राणी आफ्नो जीवनलाई माया गर्दछ । मरणदेखि सबैजना डराउँछन् । मानिस आफूजस्ता प्राणीहरूको जीवन किन लिन्छ ? किन यसरी बलपूर्वक अरूको ज्यान लिन्छन् ? के विवेकशील मानिसहरूले मुक पशुपंछीहरूप्रति दया करूणा देखाउनु जरूरी छैन ? बुद्धले त्यसैबेला भन्नुभएको थियो । यदि मानिस दया करूणा पाउन चाहन्छ भने पहिले ऊ आफै दयावान करूणावान हुनुपर्छ । यदि उसले हिंसा गऱ्यो भने बदलाको रूपमा उसको पनि प्राण हरण हुन्छ । यो संसारको रीत हो । प्रकृतिको नियम हो । बुद्धले ठोकुवा गर्दै भन्नुभएको छ कि यदि हामी सुख चाहन्छौं भने अरू प्राणीहरूलाई दुःख दिनु हुँदैन । चाहे त्यो जतिसुकै सानो प्राणी किन नहोस् । जुन मानिस दुःख दर्दको बीऊ रोप्दछ, उसले त्यस्तै फल प्राप्त गर्दछ ।

यसरी बिम्बिसार राजाको दरवारमा पुरोहितहरूको स्वार्थबस हुनलागेको बलिकार्य रोकिएको थियो । बुद्धले त्यहाँ उपस्थित पुरोहित, ब्राह्मण, सन्यासी र ठूलो संख्यामा उपस्थित नागरिकहरूलाई नम्र भएर तर दृढताकासाथ करूणाले भरिएको मनले गम्भीर भएर कसैलाई पनि नबिजाउनेगरी सम्झाउनु भएको थियो । त्यसको गहिरो प्रभाव राजा बिम्बिसार माथि पऱ्यो । यज्ञमा बलिकार्य रोकियो । अनि राजा बिम्बिसारले बुद्धलाई साधुवाद दिंदै आफ्नो राज्यमा बसेर जनतालाई दया र करूणाको उपदेश दिन प्रार्थना गरेका थिए । तर बुद्ध प्राणीजगतलाई दुःखबाट मुक्त पार्न उपायको खोजीमा लाग्न आफ्नो बाटो लाग्नुभएको थियो ।

गत मंसिरको पहिलो हप्तामा बाराको गढीमाई मेलामा आउने भारत र नेपालका लाखौं धर्मभिरूहरूले हजारौंको संख्यामा गढीमाईको नाममा कथित रूपमा बलि दिए । तर यसबेला यहाँ राजा बिम्बिसारको भावना भएका एक जना पनि गन्यमान्य ब्यक्ति थिएनन् । धर्मको नाममा पाखण्डलाई आँखा चिम्लने उच्चपदस्थ सरकारी पदाधिकरीहरू मात्र देखिन्थे । तपस्वी रामबहादुर बमजन बुद्धको दया करूणाले भरिएको सन्देशलाई आत्मसाथ गरिरहेका देखिन्थे । सडकमा बलिप्रथाविरूद्ध आवाज उठाउने केही संघसंस्थाहरू प्रतिवादगर्दै थिए । तर कसैको पनि

केही लागेन । आखिर यो प्राणीजगतप्रतिको अन्याय अत्याचार कहिलेसम्म चलिरहने ? राजा बिम्बिसारको प्राचीन राज्यको त्यो ऐतिहासिक घटना प्रसंग पुनः एक पटक ताजा भएर आयो ।

आधाआधि मात्र श्रद्धा देखाउनेहरू बुद्धलाई महान् भन्छन् । तर किन के का लागि महान् भएका हुन् भन्ने विषयमा एकछिन् विचारगर्न चाहँदैनन् मानिसहरू राम्रा नराम्रा सबैखाले कर्म गरेर धनसम्पत्ति आर्जन गर्न सफल त हुन्छन् । तर धेरै मानिसहरू उचित अनुचितको ख्याल गर्दैनन् । त्यसरी अनुचित कार्य गर्नेहरूलाई सिद्धार्थ गौतमले विनम्रताकासाथ सम्झाएझैं सम्झाउन सकिन्छ । त्यो भन्दा बढी केहीगर्न सकिंदैन ।

यहाँ बुद्धपूजा वा चैत्यपूजाको प्रसंग उठाउन खोजिएको होइन । वास्तविक अर्थमा बुद्धपूजा भनेको नै बुद्ध उपदेशलाई मानवजातिले जीवनको अभिन्न अङ्ग बनाउनु हो । मुखमा राम राम बगलीमा छुरा भनेजस्तो चाहिँ कदापि होइन । आजकल यस्तै भनाइको बोलवाला बढी देखिन्छ । सच्चामनले बुद्ध-उपदेश पालना गर्ने मानिसहरू कमै देखिन्छन् । सही अर्थमा बुद्ध-उपदेश पालनगर्ने मानिसले जीवनमा आइपरेका जुनसुकै कठिनाइको पनि सामना गर्न सक्दछन् । तर यसमा अन्तसकरणदेखि विश्वास सिर्जना हुनुपर्दछ । बुद्धका विचारहरूको राम्रो अध्ययन गर्नु जरूरी छ । मानिस सबैजना सुखको खोजीमा हुन्छन् । आफूलाई अरूले नराम्रो बोली वचन प्रयोग गरेको कसैलाई पनि राम्रो लाग्दैन । त्यसैले बुद्ध भन्नुहुन्छ- तिमी अरूबाट आफूजस्तो किसिमको व्यबहार चाहन्छौ पहिले त्यो आफै पालना गर । बुद्धको असल शिक्षा भनेको यही हो भन्ने मलाई लाग्छ । तर हामी यस्ता कुरालाई सहज ढंगले पालना गर्न किन सक्दैनौं ? यो एउटा जटिल प्रश्न हो । यसमा बुद्ध-उपदेशअनुसार विचारगर्ने हो भने हाम्रो पुरानो संस्कार बाधक बनिरहेको हुन्छ ।

आगो लागेको धरबाट आफ्ना सानासाना अबोध छोराछोरीलाई सकुशल बाहिर कसरी निकाल्ने भन्ने सोचमा हुन्छन् आमाबाबु । त्यसबेला बालबालिकालाई बाहिर आऊ आगो लागेको घरमा बस्नु हुँदैन भन्छन् । तर अबोध बालबालिका पिताको कुरा सुन्दैनन् अनि भन्छन्- हेर त यहाँ मसँग मीठो चकलेट छ । आगो लागेको ठाउँबाट बाहिर आऊ । यो सुनेर बालबालिकाहरू बाहिर आउँछन् । यस्तै प्रकारले संस्कारजनित अज्ञानताको आगोमा जलिरहेका मानवजातिलाई बुद्ध भन्नु हुन्छ- आऊ म तिमीलाई ज्ञानको ढोका खोलि दिन्छु । राग र द्वेषबाट मुक्त हुने बाटो देखाइदिन्छु । जीवनमा सुखको बाटो देखाइ दिन्छु । त्यसलाई तिमी पालन गर, अनि अगाडि बढ । मलाई लाग्छ यो नै बुद्ध-उपदेशको सारसंक्षेप हो ।

अहिलेका मानिसहरू बुद्ध लुम्बिनीमा जन्मेका थिए, त्यसैले हाम्रा विभूति हुन् अरूका होइनन् भन्नेजस्ता संकुचित विचार अगाडि सार्ने गरेको पाइन्छ । वास्तवमा बुद्धले सबैका लागि उपदेश दिनुभएको हो । कुनै एक वर्ग वा जाति विशेषको लागि मात्र कदापि होइन । सम्पूर्ण मानवजगतको कल्याणका लागि बुद्ध-उपदेश हो । नेपाल र भारतमा बुद्धको महानताको नाममा ठूलै चर्को स्वरले बखान गर्ने गरिएको पाइन्छ । तर उहाँको सच्चा उपदेशको पालना गर्न मानिसहरू पछि परेका छन् भन्ने कुराको ज्वलन्त दृष्टान्त गढीमाईको मेलामा यसपटक भएको पशुपंछी बलिको प्रसंगमाथि नै आइसकेको छ ।

नेपालकै तराइको भूभाग कुनै समयमा बुद्धका पवित्र पाउपरेको भनी हामी गौरव गर्छौं तर अहिले त्यही तराइको गौरव गढीमाइको मेलामा हजारौं पशुपंछीको बलिदीने कार्यमा परम्परादेखि चलिआएको भन्दै हिंसालाई प्रोत्साहन दिइएको छ । पशुपंछी बलिदिने प्रथालाई बुद्धले हिंसाको संज्ञा दिनुभएको छ । बुद्धले राजा बिम्बिसारको समयमा तार्किक ढंगबाट बलिप्रथा राम्रो होइन भनी सम्झाउनुभएको थियो । त्यो ऐतिहासिक घटनाले गर्दा नै बुद्धत्वलाभपछि राजा बिम्बिसार बुद्धको महान विचारबाट पछि झनै प्रभावित भएका थिए । बोधिज्ञान हासिल गरी फर्कनु भएपछि राजाले आफूलाई पनि लाभान्वित गराउनु होला भनेको कुरा इतिहास भइसकेको छ । त्यो इतिहासलाई सम्झनेहरू अहिले पनि नभएका हैनन् । तर गलत परम्परालाई धानेर आफ्नो जीवनलाई बारम्बार जन्मजन्मान्तरसम्म दुःखको सागरमा डुबाई राख्ने अज्ञानीहरूको संख्या पनि उत्तिकै बढिरहेको देखिन्छ । अस्तु । ☸

# निर्णय प्रकृयाको लागि बुद्धशिक्षा



✍ शिशिल चित्रकार

निर्णय कार्य दैनिक जीवनमा सबैलै सधै गरिरहने सामान्य क्रिया हो । यो कार्य जीवनको सँगसगै हिंडिरहने र हरपल गरिरहनु पर्ने कार्य हुन् । यो निर्णय सामान्य से सामान्य कार्यदेखि निकै गहनतम र समस्या समाधानार्थ पनि गरिरहनु पर्ने हुन्छ । निर्णय कार्यमा हरेक व्यक्ति, हरेक वर्ग र हरेक उमेरका व्यक्तिहरूको समते संलग्न हुन्छ । तर पनि निर्णयको गहनता र महत्व समाजले बुझेको हुँदैन र यस्तै गलत निर्णयहरूबाट हुने गलत कार्यले नै आज विश्वमा भयावह अवस्था आएको हो कि ? वा निर्णयको महत्व बुझाउने शिक्षाको अभाव, दक्ष जनमत तयार गर्ने सोचाइको सर्वथा अभावको कारणले गलत निर्णय गर्ने जनमतहरूको बाहुल्यता नै आजको समाज, विश्वको विनाशको कारक तत्व त होइन ?

दैनिक जीवनमा विहान उठ्दादेखि नसुत्दासम्म सामान्य तरकारी किन्ने, खाना पकाउने, किनमेल गर्ने, घर परिवारमा चाहिने सरसामान जोरजाम गर्ने, कुनै कार्यक्रम आयोजन गर्ने वा नगर्ने कार्यक्रममा भाग लिने वा नलिने, कति बजे जाने, कसरी जाने, कुन लुगा लगाउने, को को जाने, बस, टेक्सी, मोटर साइकलमा जाने, कति बजे फर्किने, कतै जाने वा नजाने, स्कूल, अफिसमा आ-आफूले गर्नुपर्ने कार्यको समाधान कुन बेला कसरी गर्ने आदि सामान्य निर्णयहरूको साथै कुनै समस्यामूलक समाधानार्थ पनि निर्णय गरिरहनु पर्ने हुन्छ । यी सबैलाई मध्यनजर गर्दा आम मानिसहरूको जीवनमा निर्णयको महत्व र भूमिका निर्विवाद रूपमा रहेको छ । तर यस्तो महत्वपूर्ण भएको यसको गरिमा र मर्मअनूरूप कार्य गर्ने जनमत छ वा छैन ? वा यसको महत्व नै बुझ्न सकेको छैन र हचुवा निर्णय गर्ने सामाजिक परिपाटी त होइन ? गलत निर्णयको परिणाम गलत आउने र समाज र विश्वलाई नै सखाप पार्ने कुरामा कति सचेत देखिन्छ ? वा निर्णयको नाममा खाली व्यक्तिगत स्वार्थ, राग, लोभजन्य कुरामा आसक्त भई गलतमाथि गलत निर्णय गर्ने खोक्रा परम्पराको पात्र मात्र भइरहेको छ कि?

आज समाज र विश्वको स्थिति निकै नाजुक देखा परेको छ । मानवीय, प्राकृतिक दुर्घटनाका श्रृंखलाहरू बढ्नु श्रोतसाधनहरूको अधिकतम दुरूपयोग, मानवीय स्वार्थ लिप्सा बढ्दैजानु अनि निर्णय गुर्नपर्ने तथ्यहरू बढ्दै जान पनि गलत र फेरी व्यक्तिको असक्षमता, अदक्षताले गलत निर्णयमाथि गलत निर्णय थोपर्दै जानु समयको बर्वादी हो, चाहिने कार्य गर्न समयको अभाव हुनु, व्यक्तिहरू झन् झन् समस्यामाथि समस्यामा जकडिंदै जानु समस्या समाधानको नाममा पुनः पुनः अर्को समस्यामा बल्झिंदै जाने नै मानव इतिहास हो भने इतिहासको प्रतिविम्व नै आजको वर्तमान विश्व हो ।

यसरी मानव जीवनको हरेक पल, विहान, दिउँसो, राति हरेक क्षणमा गर्नुपर्ने निर्णय अकुशल कर्मद्वारा प्रेरित भयो भने मानव जीवन, समाज र विश्व नै भयावह अवस्थामा पुग्नु के को आश्चर्य भयो । धम्मपदको केही श्लोक राख्नु सान्दर्भिक ठान्छु ।

अभित्थरेथ कल्याणे–पापा चित्तं निवारये ।
दन्धं हि करोतो पुञ्ञं–पापस्मिं रमती मनो ॥ (११६)

**अर्थ**ः चाँडो चाँडै कुशल कर्म गर । पाप चित्तले पछ्याइ, अल्छिपनले पुण्य गर्नाले पापमा मन लाग्छ ।

पापोपि पस्सति भद्रं–याव पापं न पच्चति ।
यदा च पच्चति पापं–अथ पापो पापानि पस्सति ॥ (११९)

**अर्थ**ः पाप कर्मको फल नआएसम्म पापीले पापलाई पुण्य ठानिरहन्छ, पापको फल भोग्ने बखतमा मात्र पापलाई पाप भनी जान्दछ ।

आजको विश्व र नेपालले यही पापको फल भोगिरहेको हो वा होइन ?

यसको विपरीत समाज, विश्व र मानव जीवनलाई सफलतापूर्वक जिउन प्रत्येक व्यक्तिले हरेक पलमा कुशल कार्य गर्न अभिप्रेरित रहन आवश्यक छ । फेरी अर्को श्लोक मननीय छ ।

पुञ्ञं चे पुरिसो कयिरा– कयिराथेतं पुनप्पुनं ।
तम्ही छन्दं कयिराथ–सुखो पुञ्ञस्स उच्चयो ॥ (११८)

अर्थः यदि पुण्य गऱ्यो भने फेरी फेरी पुण्य गर्नु । पुण्य गर्ने इच्छा पनि गर्नु । कारण पुण्य संग्रह सुखको मूल हेतु हो ।

आज नेपाली समाजको हरेक क्षेत्रमा देखापरेको अराजकता, अस्तव्यस्तता, भ्रष्टाचार, आर्थिक अनियमितता, पक्षपाति व्यवहार आदि इत्यादिको समाधान, व्यक्तिहरूको निर्णय गर्ने क्षमतामा कुशल कार्य अभिप्रेरित हुने गरी गराउन सक्षम, नैतिकवान जनता तयार गर्न, देशमा पुनः धर्मनिरपेक्षता विरूद्ध आवाज आएबाट पनि समाज देश र विश्वलाई समेत विनाशबाट जोगाउन, कुशल निर्णय गर्न सक्षम जनमत तयार गर्न बुद्धशिक्षा आजको अपरिहार्य आवश्यक चुनौति पनि हो ।

सबैको कल्याण होस् ! सबैको मंगल होस् !! सबैको भलो होस् !!! ☸

# प्रकृतिको दृष्टिमा मान्छे



✍ डा. गणेश माली

यो मनुष्यजाति भन्दा त बरू निको,
यी मेरा मूक पशुपंछीहरू !
न त यी गर्छन् आपसमा हिंसा-मारकाट,
न त चोर्छन् धन कसैको, न डकैती गर्छन्,
न बोल्छन् झूठ, न जालझेल बकवास गर्छन्,
न मद्यपानादि दुर्व्यसन गरी प्रमादी हुन्छन्,
न गर्छन् स्त्रीजातिप्रति दुर्व्यवहार,
न हरबखत अति काम सेवन नै गर्छन् ।

अलि राम्ररी बाँचून् धरतीमा भनी सोची मैले,
अलिकति बढी बुद्धि के दिएँ यस जातिलाई,
हुनसम्म गरे दुरूपयोग त्यस बुद्धिको ।
मेरो-तेरोको आपसी बखेडा निकाली,
अहंकार भाव जगाई आफूहरू बीचमा,
हरदम झगडा, आतंक युद्धमा डटिरहे ।
कहिले जग्गाजमिन त कहिले धनसम्पत्तिको लागि,
कहिले जाति, धर्म, थरी-थरीका वादहरूको लागि,
रगतको खोलो अविरल बगाइरहे !
मुखले त बक्छन् सत्य-शान्ति दिई धर्मको दुहाई
दुहाई,
परोपकारको धुनी जगाई परमेश्वरको सपथ खान्छन्,
तर व्यवहारमा भने राग, द्वेष, स्वार्थकै माला जपी,
असत्य-अधर्म-अशान्ति दुःखकै बाटो लाग्छन् ।

जब देख्दछु अन्य प्राणीहरू माथि राज गरी,
सैकडौं निरपराध प्राणीहरूको हत्या गरिरहेका,
जब धरतीलाई भार गराई आफ्नो संख्या
बढाइरहेका,
अनि संसारमा अभाव गरिबी सृजना गरिरहेका,
जब धरतीभित्रका तेल र कोइला खानी रित्याई,
प्रदूषण फैलाई धरतीकै तापमान बढाइरहेका,
अनि रोग अनेकन फैलाई दुःख पाइरहेका,
जब देख्दछु धरतीका सोझा-सीधा जनहरू
भई शोषित, भिखारी वा पागल बनी तड्पिरहेका,
तब लाग्छ मलाई, कि कहिं भूल त गरिनं मैले,
दिइकन अलि बढि बुद्धि यस जातिलाई ?

# मैत्री केन्द्र बाल आश्रमको संक्षिप्त चिनारी

✍ ले. बि. राउत

नेपालको राजधानी काठमाडौबाट करिब २६ कि.मी. पूर्वमा रहेको काभ्रेपलाञ्चोक जिल्ला समुन्द्री सतहबाट करिब ३०१८ मीटरको उचाइदेखि लिएर ३११८ मीटरको उचाइसम्म रहेको छ भने यस जिल्लाले रामेछाप, दोलखा, काठमाडौ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्लाहरूलाई छोएको छ ।

यस जिल्लामा रहेका तीनवटा नगरपालिकामध्ये बनेपा नगरपालिका पनि एक हो । वि.सं. २०५८ सालको जनगणनाअनुसार यस नगरपालिकाको कुल जनसंख्या १५,८२२ जना रहेको छ जसमा पुरूष संख्या ७,८८२ र महिला ७,९४० छन् । त्यस्तै कुल घरधुरी ३,०१५ रहेको छ । यसैगरी वार्षिक जनसंख्या वृद्धिदर १.९३ प्रतिशत छ । यस नगरपालिकालाई जम्मा ११ वटा वडामा विभाजित गरिएको छ ।

११ वटा वडामध्ये वडा नं. ४ पनि एक वडा हो । जुन वडा नगरपालिकाको उत्तरतिर पर्दछ । बनेपा नगरपालिका-२०६१ को प्रतिवेदनअनुसार यस वडामा कुल घरधुरी ३५२ र कुल जनसंख्या १,६६७ रहेको छ जसमा पुरूष ८२३ र महिला ८४४ रहेका छन् भने वार्षिक बृद्धिदर २.५९ प्रतिशत रहेको छ । यस वडामा नेवार १,०८३ जना, ब्राह्मण २४६ जना, क्षेत्रीहरु १७६ जना, तामाङ्ग ३९ जना, मगर ३२ जना, अन्य ९१ जना रहेका छन् । यस वडामा बौद्ध बिहार, बौद्ध बृद्धाश्रम, बहिरा विद्यालय, निजी विद्यालयहरु तथा विद्युत प्राधिकरणजस्ता विभिन्न संघसंस्थाहरू पनि रहेका छन् ।

यस वडामा पर्ने बौद्ध विहारमध्ये ध्यानकुटी विहार पनि एक हो । यो विहार वि. सं. २०३० सालमा निर्माण भएको देखिन्छ भने हाल यस विहारलाई भिक्षु अश्वघोष महास्थविर र भिक्षु राहुल महास्थविरले संरक्षण गरेको पाइन्छ । यसै विहारमा मैत्री केन्द्र बालआश्रम रहेको पाइन्छ । जसलाई तल बुँदागत रूपमा उल्लेख गरेको छु ।

## मैत्री केन्द्र बालआश्रमको परिचय

मैत्री केन्द्र बालबालिकाहरूको समग्र विकासको लागि वि. सं. २०५७ सालमा स्थापित एक गैरसरकारी संस्था हो । बालबालिकाहरूका लागि समान, अधिकार उचित व्यवस्था तथा सु-अवसर भएको मानवीय समाज निर्माणमा यो मैत्री केन्द्र अग्रसर भइरहेको छ । यस केन्द्रले असहाय बालिकाहरूको लागि निःशुल्क गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको प्रत्याभूति दिँदै आइरहेको छ ।

## मैत्री केन्द्रमा बालिकाहरू

यस मैत्रीकेन्द्रमा बालिकाहरू मात्र आश्रित रहेका छन् । किनभने नेपालको परिपेक्षमा महिलाहरूलाई अझै पनि दोस्रो दर्जाको नागरिकको रूपमा हेरिनुजस्ता थुप्रै कारणहरूले आज नारीहरूको समग्र विकासमा बाधा पुगेको छ । त्यसैले मैत्रीकेन्द्रले असहाय तथा गरीब वालिकाहरूलाई केन्द्र विन्दूमा राखेर सोहीबमोजिम आफ्ना कार्यहरू सञ्चालन गर्दै आइरहेको छ । अझ स्पष्ट रूपमा भन्ने हो भने, औपचारिक शिक्षा तथा नैतिक शिक्षामार्फत मैत्री केन्द्र बालिकाहरूको बाल अधिकारको सुरक्षा र सम्बर्धनप्रति पूर्ण कटिबद्ध रहेको छ ।

हाल मैत्रीकेन्द्रमा बाल मैत्रीपूर्ण वातावरणमा १३ जना बालिकाहरू (विभिन्न जातजातिका) आश्रित छन् । उनीहरूलाई बस्नको लागि छुट्टै भवन, अध्ययन कोठा, कम्प्युटर कोठा आदि रहेका छन् । निकट भविष्यमा अरू थप बालिकाहरू राख्ने कार्यक्रम पनि रहेको छ ।

## अतिरिक्त क्रियाकलाप

मैत्री केन्द्र बालआश्रममा रहेका बालिकाहरूको औपचारिक शिक्षाको अलवा अंग्रेजी भाषालगायत अन्य भाषाहरूको सिकाइ, हस्त निर्मित विभिन्न सामाग्रीहरू तथा बेलाबेलामा गीत-नृत्य पनि सिक्ने गर्दछन् । अर्कोतर्फ धार्मिक वातावरणमा रहने कारणले गर्दा

नैतिक शिक्षा र धार्मिक क्रियाकलापहरूमा समेत भाग लिने गर्दछन् । धार्मिक शिक्षा यही मैत्री केन्द्रका संरक्षक भिक्षु अश्वघोष महास्थविर र सचिव भिक्षु राहुल महास्थविरले प्रदान गर्नुहुन्छ । विदाको समयमा विभिन्न स्थानमा शैक्षिक भ्रमणहरू जाने गर्दछन् ।

### वालआश्रमका मूल्य लक्ष्यहरू

ध्यानकुटी विहारस्थित मैत्री केन्द्र वालआश्रमका निम्न लिखित लक्ष्यहरू रहेका छन् :-

१. असहाय वालिकाहरूलाई निःशुल्क गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा प्रदान गर्ने ।
२. वालिकाहरू विभिन्न शिल्पकला प्रदान गर्ने ।
३. मानवीय राहतका कार्यक्रमहरूका साथै साँस्कृतिक उत्थानका कार्यक्रम संचालन गर्ने ।

### वालआश्रम संचालनको आर्थिक श्रोत

मैत्री केन्द्र वालआश्रमको संचालन श्रद्धालु महानुभावहरूको आर्थिक सहयोगबाट सञ्चालन भइरहेको छ । प्रतिमहिना लगभग ४०,००० को हाराहारीमा खर्च रहेको यस संस्थाको मूख्य आर्थिक श्रोत भनेको चन्दा नै हो । यदि श्रद्धालु महानुभावहरूले चन्दा नदिए यो संस्था स्वतः बन्द हुने छ । तसर्थ यसको निरन्तरता र अभिवृद्धिको लागि सहयोगीहरूको सहयोग अपरिहार्य छ ।

अन्तमा, सीमित आर्थिक श्रोत र साधनको कमीको कारणले गर्दा यस्ता सामाजिक निःस्वार्थ सेवाहरू सञ्चालनमा कठिनाई भइरहेको हुन्छ, भने त्यसमा आश्रित विभिन्न बालबालिकाहरूको भविष्यमा पनि प्रश्न खडा भइरहेको हुन्छ । अहिले यस्ता बाल आश्रमहरू नेपालमा धेरै रहेका पाइन्छन् तर सरकारको बेवास्ताको कारण केही बन्द हुने अवस्थामा रहेका छन् त कुनै बन्द भइसकेका छन् । सरकार परिवर्तन भइरहनु, उचित नियम कानुनको पालनामा कडाइ नहुनु, सरकारी अनुदान नआउनु, आएमा भेदभाव हुनु, पारदर्शिता नहुनुजस्ता अनेकौं समस्याहरूले यस्ता संस्थाहरूको समग्र विकासमा बाधा पुगेको छ । निःस्वार्थ भावना बोकेर समाज निमार्णमा केन्द्रित रहेका संघसंस्थाहरूलाई सबैले उचित सहयोग गर्नुपर्ने देखिन्छ ।

☸

**नेपालभाषा-**

## निर्वाण-कामना

- भिक्षु उत्तम

चसक्क चसक्क स्याः, छाय्थें थ्व नुगःपा,
सखे फसं दाःगु ह्यंग्वाःथें, स्याःगु खइ थ्व घाः !
पासा ! स्याःगु खइ थ्व घाः !

गन स्याः थ्व स्याः व स्याः नुगःया थ्व कंफाः,
सुइका जुया पलाःपतिकं, असह्य थ्व नुगःघाः !
पासा ! असह्य थ्व नुगः घाः !

गब्लें जव गब्लें खव, हात्तुहानाः न्ह्याःगु जीवन घाः,
स्याःसां तबि सहयायेमाःगु, दुनुगलय् जूगु थ्व घाः !
पासा ! दुनुगःया थ्व घाः !

वासः नःसां ग्व छु नये ? लनीला थ्व दुःखया हा ?
मतं दुःख मनय् भति नं, सखे दुने नं हे थ्व तःजाः
पासा ! सखे दुने हे अज्ञानताया गाः ।

माला जुया भःभः न्हुयाः जि, दइला व सिचु भचा धकाः,
च्याःगु थ्व नुगःया निंतिं, तयागु भति जिगु इच्छा आः
पासा ! तयागु भति थ्व इच्छा आः ।

पिज्वयेमाः जः जिगु ख्वालं, जः मधुर पुन्हिया तिमिला,
सिनाः दइगु स्वर्गया लोभ मदु, बुद्धत्वया किचः दःसां गाः !
पासा ! बुद्धत्वया किचलं हे गाः ।

सखे थ्व हे लँपु खइ, कं लिकायेगु थ्व नुगःया,
जन्मजन्मान्तर स्याःगु, स्यंकेगु संस्कार बीज आः
पासा ! दिकेगु खः व खुसिया धाः ।
थ्व हे जिगु कामना आः ।

☸

नेपालभाषा :

# दशपारमिता-२



✍ आचार्य भिक्षु कुमार काश्यप

महापुरूष अथवा महान् व्यक्ति जुयेत गुणधर्म परमावश्यक जू । गुणधर्मविना सुं व्यक्ति हे नं महापुरूष अर्थात् महान व्यक्ति जुइमखु । जुजुया काय् जुयेमात्रं महाजनया काय्, विद्वानया काय् वा धनजन, सन्तान दयेमात्रं सुं व्यक्ति महापुरूष जुइमखु । त्याग, नैतिकता, निष्कामना, समानता, परोपकार व अनवरत कार्यशीलता आदि गुणं युक्तम्ह व्यक्ति हे जक महापुरूष जुइ । अले थुजागु गुण दयेकेत ताहाक:गु तपस्या आवश्यक जुइ ।

सुमेध तापस दीपंकर बुद्धया पालय् हे अर्हत् जुया बिज्यायेगु क्षमता दुम्ह खः । तर वसपोलं बहुजन हिताय व सुखायया लागी थःम्हं प्राप्तयाये फुगु अर्हतत्व नं वां छोया बिज्यात । थुकथं धाथें हे महापुरूष जुइम्हं तःधंगु अभ्यासं महान गुणत थःके दयेकेत दकसिबे न्हापां थःत प्राप्त जूगु सुख हे निं परया लागी उपयोग याइ ।

सिद्धार्थ कुमार अबलेया राजनैतिक दृष्टिं साधारणम्ह जुजुया काय् खः । तर थौं वसपोल छम्ह महान दार्शनिकया रूपय्, मानव-जगतया तःधंम्ह क्रान्तिकारीया रूपय् अले शान्तिया अग्रदूतया रूपय् विश्वय् प्रख्यात जुया बिज्यात । वसपोल नेपाःयाम्ह बुद्ध जक मजुसे, विश्वया बुद्ध जुयाबिज्यात । थुकथं वसपोल लोकय् प्रसिद्ध जुया बिज्याःगु न जुजुया काय् जुया खः, न धन, जन व सन्तानं याना, न देव ब्रह्मां याना खः । थःगु हे आदर्शमय जीवन व श्रेष्ठतम चरित्रं याना वसपोल बुद्ध जूगु खः । थ्व हे बुद्धया आदर्श व श्रेष्ठतम चरित्रया अभ्यासयात पारमिता गुणधर्म पुरे यायेगु धाइ । बौद्ध साहित्यय् उल्लेख अनुसार बुद्ध, प्रत्येक बुद्ध व अर्हत् म्हसीकेत जक मखु, स्वयं थःके बुद्धत्वया गुण दयेकेत हे नं पारमिताधर्म अध्ययन व अभ्यास मयासें मगाःगु गुणधर्म जुयाच्वन ।

## त्रिविध बोधि

बोधि स्वंगू प्रकारया दु । थन बोधिया तात्पर्य विशेष ज्ञान, यथार्थ ज्ञान वा सम्यक् ज्ञान खः । मेगु शब्दं धायेमाल धाःसा आर्यमार्ग व सर्वज्ञता ज्ञान खः । स्वंगू बोधि खः-

१. श्रावक बोधि,
२. प्रत्येक बोधि,
३. सम्यक् सम्बोधि ।

श्रावकया साधारण अर्थ न्यनीम्ह खः । प्रायः व्यक्तिपिंत न्ह्याक्को हे तीक्ष्ण ज्ञान व सहज प्रज्ञा दःसां कमसेकम श्रोतापत्ति जुयेत मेपिंके उपदेश न्यनेगु– "परतो घोष प्रत्यय" जुइगु आवश्यक जू । मेपिंके उपदेश न्यनाः जक अवबोध जुइगु जुया श्रोतापत्ति, सकृदागामी, अनागामी व अर्हत् आर्यपिन्त श्रावक धया तःगु खः । अले श्रावकपिनि ज्ञानयात 'श्रावक-बोधि' धाइ । गथे सारिपुत्र स्थविरं बुद्धधर्मय् प्रवेश जुइ न्ह्यो अस्सजित भन्तेयागु उपदेश न्यना बिज्यात अले मार्गफल नं प्राप्त यानाबिज्यात ।

मेपिंके धर्मश्रवण मयासें छगू निमित्त कया 'पटिच्चसमुप्पाद' विचार याना थः छम्ह जक निर्वाण अवबोध जुइम्हेसित 'प्रत्येक बुद्ध' धाइ । वसपोलया ज्ञान हे 'प्रत्येक बोधि' खः । मेपिंके न्यनाः थः नं बोध जुयाः परयात नं बोध यायेगु सामर्थ्य श्रावकयाके दु । अले प्रत्येक बुद्धयाके थः छम्हजक बोध जुयाः परयात साधारण रूपं धर्मओवाद ब्यूसां वसपोलं परयात निर्वाणया अवबोध याके मफु । हानं श्रावकपिं बुद्धोत्पाद कालय् जक उत्पत्ति जुइ, प्रत्येक बुद्धपिं धाःसा बुद्धोत्पाद मजूगु कालय् जक उत्पत्ति जुइ ।

स्वयं हे ज्ञानं निर्वाण बोध यानाकया बिज्याये फुम्ह अले परयात नं बोध यायेगु शक्ति दयेका बिज्याम्हयात 'सम्यक् सम्बुद्ध' धाइ । सम्यक् सम्बुद्धया ज्ञान सम्यक् सम्बोधि ज्ञान खः । 'सम्यक्' या अर्थ यथार्थरूपं, 'सं' या मतलब स्वयं, व 'बुद्ध' या तात्पर्य अवबोध खः ।

पारमी : च्वय् वंगु स्वंगू बोधिमध्ये थःत यःगु

छगू बोधिप्राप्तिया लागी संसारं पारगु निर्वाणया प्रार्थना याना कुशल चर्या यायेगुयात हे 'पारमिता' धाइ । पारमीरूपी कुशल उगु बोधि खः, निर्वाण गुगु पाखेया यान (रथ) समान । बुद्धत्व प्रार्थना पूर्ण याइगु कुशल चर्य्या यायेगुयात 'महाबोधि यान' अर्थात 'महान' धका धयातल । प्रत्येक बुद्धत्व प्रार्थना पूर्ण याइगु–कुशल चर्य्या हे 'प्रत्येक यान' खः । अर्हतत्व प्रार्थना पूर्ण याइगु कुशलचर्य्या 'श्रावक बोधि' यान खः ।

'पार' धैगु गंगा समुद्र आदि पुला वनेगुयात नं धाइ । संसारं पार निर्वाण खः । संसाररूपी सागरया पार निर्वाण जुया निर्तिं निर्वाण थ्यंक वनेगु गुणधर्मया अर्थकथं नं थ्वयात 'पारमी' धयातःगु खः । मेगु शब्दं धाल धाःसा 'सम्बोधि संख्यात' पार वनेत, अले उपकार जुइगु गुणधर्मयात 'पारमी' धाःगु खः । दान शीलादि गुणधर्म पुरे याना यंकेगु हे पारमिता खः ।

चरिया-पिटक अट्ठकथाअनुसारं तृष्णा, मान, दृष्टिं मिश्रित मजूगु, क्लेशं बुलुसे मच्वंगु, करूणां व कौशल्यं बांलाक सुरक्षितगु दान, शील आदियात नं 'पारमी' धयातःगु खने दु । थुकिं स्पष्ट जू, पारमी पुरे यायेगु बखतय् तृष्णा, मान व दृष्टि क्लेशं अलग जुयेमाः । अले करूणा व ज्ञानं थःत सुरक्षित जुयेका तयेमाः ।

धात्थेंपिं बौद्धपिसं स्वार्थकथंया जक आशावादी जुया छुं कुशल क्रिया याये मज्यू । यदि सुनानं भवभोग सम्पत्तिया आशा याना पुण्यकर्म यात धाःसा वया छखें महत्व कम जुइ वथें हे मेखें आशा, तृष्णा व इच्छा मदयेके माःथाय् झन बढे जुयावइगु सम्भव दु । गुकिं याना वयागु क्लेशजक अधिक जुइ । अले व निर्वाणया मार्ग तापाना वनी । थुज्यागु पुण्यकर्म दुग्यःगु कथं पारमी धर्मय् दुथ्याइ नं मखु । झीगु समाजय् कीर्ति प्रशंसा वा नां प्रचार याइगुकथं दानमानादि याइपिनि संख्या स्वल्प मजू । धाथें धाःसा थुजागु पुण्य नं तृष्णा मिश्रित जुया पारमिता गुणधर्मय् दुथ्याइ मखु । वथें हे थःगु उच्च श्रेणीत्व, सामर्थ्यता, धनमत्ता परजनयात केनेया लागी जक धन फुका पुण्य याइपिं नं झीगु समाजय् उगुरूपं यक्वं दु । व स्वया जि छुकी म्ह, वं स्वया जिं अपो दान बी धका गुम्हसिनं दान याइ वा शीलपालन याइ, थ्व मान मिश्रित कुशल जुया निर्तिं पारमिता गुणधर्मअन्तर्गत जुइमखु ।

गुलिसिनं विदर्शना मार्गफल विषयय् छुं हे विचाः मयासें दान, शील व तपस्यां जक मनू शुद्धि जुइ धका भालपी । थ्व गलत धारणा खः । थ्व दृष्टि मिश्रित कुशलधर्म जुया थ्व नं पारमिता गुण धर्मय् पूवंक लाइमखु । "यल कामनाय पवत्तितं हीनं, पुञ्ञफल कामनाय पवत्तितं मज्झिमं, कत्तब्बं मे विदन्ति अरियभावं निस्साय पवत्तितं पणीतं ।" भव–भोग, सम्पत्ति, यश व कीर्तिया कारणय् गुम्ह व्यक्तिं कुशलधर्म याइ, व हीन कुशलकर्म जुइ । थःगु विमुक्तिया कारणय् याइगु पुण्यकर्म मध्यम प्रकारया कुशल जुइ । अले सकल प्राणीपिनिगु मुक्तिया कारणय् याये हे माःगु धका याइगु गुणकार्य प्रणीत कुशल जुइ ।

पारमिता धयागु करूणां स्वच्छ शीतलगु हृदयं पुरे यायेमाः । हानं उगु अवस्थाय् परजनं क्रोधं व इर्ष्या न्ह्यागु धाःसा नं अखण्डरूपं थःगु कार्य याना हे यंकेमाः । अले हे जक थः सफल जुइ ।

खः गबलें करूणा चित्तं नं मूढ क्रिया याये फु, उगु अवस्थाय् प्रज्ञां करूणायात आरक्षा यायेमाः । अर्थात् प्रज्ञां करूणायात ज्या काये सयेके माः । प्रज्ञानुकूल कारूणिक क्रिया हे सर्वप्रकारं श्रेष्ठोत्तम जुइ ।

झिगू-पारमिता

पारमिता झिगू प्रकारया दु । यथा :–

(१) दान (त्याग)
(२) शील (नैतिक-गुण)
(३) नैष्क्रम्य (नैष्क्रम्य)
(४) प्रज्ञा (यथार्थ-ज्ञान)
(५) वीर्य (उत्साह)
(६) क्षान्ति (सहनशीलता)
(७) सत्य (यथार्थ-वचन)
(८) अधिष्ठान (प्रतिज्ञा)
(९) मैत्री (सम-समानभाव) व
(१०) उपेक्षा (मध्यस्थता)

थुपिं हे झिगू पारमितायात पारमिता, उपपारमिता, परमत्थ पारमिताया रूपय् स्वीगू ल्याः याये वं जुइ । अले अर्हत्या लागी झिगू, प्रत्येक बुद्धया लागी नीगू व बुद्धया लागी स्वीगू पारमिता गुणधर्म पूर्ण यायेगु अनिवार्य खः ।

*कथहं .....* ☸

# Main Cause Behind Suffering



✍ Bhikshu Upatissa

When speaking on the topic of suffering, we need not think over the pessimistic aspect of Buddhism since the teachings of the Buddha does not only concern with pessimism. If we believe that only bad things will happen then Buddhism can never be true teachings of the Buddha. Due to lack of proper understanding many followers seem to believe in pessimism. By the way, more important aspect of Buddhism is not to value dark side of life rather it encourages the followers to have proper outlook of life's vision through optimistic attitude.

Although life's success is to be achieved from the view point of optimistic attitude, ultimately most things - tangible or intangible, seen or unseen would change causing unpleasant in its turn. This could be a reason for people to consider Buddhism as the teachings of pessimism. But most important aspect of Buddhist teachings is the relativity of cause and effect because of this relativity whatever decided by the force of kamma does not link pessimism only.

So, the main cause of suffering - the ultimate truth '**whatever has the nature of arising has the nature of ceasing**' is to be realized. Whether this concept is based on the pessimistic aspect or optimistic aspect, the truth is the same as mentioned above. When volition thoughts arising to pursue one's aims and holding fast onto any object could lead to suffering and the main cause behind suffering could be considered desire or craving (*tanha*). Just opposite of '*tanha*' if the intention was to accumulate merits by performing wholesome deeds (*kusala kamma*) then '*tanha*' could be overcome by '*kusala chanda'* (good wholesome intention). Whatever was done under the pressure of '*tanha'* would cause unsatisfactory and suffering in the end. Whatever was done in the light of '*kusala chanda*' would pacify the mind of doer and the satisfaction he had achieved was the satisfaction but not like that of '*tanha*'.

Optimistic attitude towards new vision of life is required for lasting happiness whereas pessimistic attitude could collapse hopes of life and frustration eventually. Happiness and satisfaction are not easily reached. The Buddhist followers must be clear about the teachings of the Buddha in order to achieve hope and success through practising the Buddhist way of life and eventually reach lasting happiness in the true sense of life.

Although it could seem as if far beyond our capacity to reach true happiness, start working out for liberation diligently then one day we could come near the end of suffering. In another word the end of suffering means true happiness of life. From this view point of life we need to know firstly what suffering is and its main cause concealed by ignorance (*avijja*). As explained in many discourses the first two noble truths are all about suffering and its main cause behind suffering which unless and otherwise studied properly we could never overthrow the problem created within the frame of these two truths.

In relation to most problems created by excessive desires, Buddha has pointed out certain teachings to live simple and overcome difficulties of life. Contentment is very highly appreciated. To a certain extent when one is content one is happy. But it is quite hard to assure whether one is content and satisfied with one's belongings that one has possessed since long time ago. Again the problem of excessive desires which might pretend him as if a rich person for his lovely house adorned with rich furniture; but in reality that entire he had possessed was the result of making efforts to satisfy him by annexing more and more over and over again. Not knowing simple way of life generally one would invite many troubles to safeguard what he calls 'this is my property.' However, contentment could be the main aspect

of life that how one had conducted to delight family and senses in his lovely house. When contentment is absent the atmosphere of that rich house would change. So, contentment is worthy and more than anything else as it could have changed the atmosphere of even rich house if that family was content. Buddhism values content and happy life with one's possession. Buddhism does not appreciate material things if a family or consumers are lost in reaching contentment and happiness by utilising them improperly.

It is true Buddhism never denies the benefits that are achieved from proper utility of possession. In this context what is given more importance is that whether a person is able to satisfy oneself by increasing one's property more and more, whether a person has enough time to think over how he has put his mind to work. Is the mind working for the wellbeing of many people or for the cause of oneself (selfishness) or just in terms of business policy?

By nature suffering comes into existence and remains to bring another kind of suffering before passing away the earlier suffering. Suffering links suffering and one who is under the pressure of suffering might not find out the way to get out of it. If we do not know the main cause of suffering and not making any effort to reduce the cause behind suffering; problems could normally escalate giving rise from one problem to another and thus we might be failures in seeking the truth. Eventually peace would become only illusion for not reducing desires that had caused many more problems than solution.

Those who got caught in the currents (*ogha*) would be flooded. Desire is a current, caught by this current would not be able to cross over the flood and would not see the right way to the destination that is free from all dangers. To reduce the flow of currents as said in the Alawaka Sutta, only '*saddha*' (enlightened confidence) could help cross over the flood and '*appamada*' (diligence) to cross over the ocean. Since one's birth until to the last breath, life is not easy at all. Life without any efforts would not reach one's intention. When stepping in the path of the Buddha '*saddha*' is considered basis of wholesome deeds and '*appamada*' guides '*saddha*' towards proper understanding of the '*dhamma*' and '*viriya*' (effort) activates the intention put forth by *saddha* and *appamada*. So, *viriya* would solve the problems of suffering and wisdom purifies the mind. Why efforts are in need? As in the Dhammacakka Sutta: "Birth is suffering, aging is suffering, sickness is suffering, death is suffering, association with unpleasant people is suffering, separation with pleasant people is suffering, wish not fulfilled is suffering, and in brief grasping the five aggregates is suffering."

From this explanation the original suffering lies on one's birth itself first. Although the new arrival (new born baby) could apparently be a gift of happiness to its parents; also suffering had already processed along with its arrival into the new world. Whether the baby would live its whole lifespan or not the process following after its birth would not leave it until the last breath of life. Although the process would not be clear to the naked eye we could never go beyond (transcend) the sequence of life (as mentioned above: birth, aging, sickness etc.) from birth to death in one life time and again the sequence would repeat in another world as decided by the power of accumulated karma. Suffering is not mere imagination. Being reality of life many efforts are to be made to overcome the problem of suffering which if not understood properly there could be no chance of getting rid of suffering.

Since we cannot foretell the nature of suffering we do not know exactly what could be the problem. The problem itself is a kind of an earlier outcome of suffering. Thus it is apparent that the problem of suffering is none other than the excessive desires which are so subtle that we have not perceived how things happen as a result of excessive desires. Suffering does not happen by accident since the main cause behind suffering is the second noble truth. It is not an easy task right here and now to reach the end of suffering as we do not have clear vision of life. We may observe the truth of suffering and the cause behind the truth which are interlocked and wisdom that plays an important role to resolve the conflict of these two truths. ☸

# बौद्ध गतिविधि

## आनन्द कुटीमा मासिक बुद्धपूजा-धर्मदेशना

१७ माघ, स्वयम्भू । फागुन पूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भएको छ । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापश्चात् सम्पन्न बुद्धपूजाको लगत्तै थानकोट विहारका भिक्षु अशोकले भगवान् बुद्धको उपदेशले व्यावहारिक जीवनलाई सुखशान्ति प्राप्त गर्न मार्ग प्रशस्त गरेको उदाहरणसहित सुखशान्ति चाहने सबैले व्यवहारतः आ-आफ्ना जीवनलाई परिवर्तन गर्नुपर्ने कुरा धर्मदेशना गर्दै बताउनुभयो । ज्ञानमाला भजन पनि गरिएको त्यस दिन सदाझैं उपस्थित भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई दानप्रदान गरी अन्तमा सबैका लागि भोजनको व्यवस्था गरियो ।

## आनन्द भूमिका सम्पादक लुम्बिनी विकासमा

६ फागुन, काठमाडौं । नेपाल सरकारले २०६६।११।६ का दिन संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयअन्तर्गत लुम्बिनी विकास कोष ऐन २०४२ को दफा ८ (१) को 'ङ' र 'च' अनुसार श्री लुम्बिनी विकास परिषद्को सदस्यमा आनन्द भूमिका सम्पादक भिक्षु कोण्डन्यलाई मनोनयन गरेको छ । साथै उहाँलाई लुम्बिनी विकास कोष कार्यकारिणी समितिमा पनि नियुक्त गरिएको छ ।

हाल लुम्बिनी विकास कोष परिषद्को अध्यक्ष संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री मिनेन्द्र रिजाल, उपाध्यक्ष आचार्य कर्मा साङ्बो शेर्पा, कोषाध्यक्ष माफिलाल थारू थनेत, सदस्य सचिव राजेन्द्र थापा मगर, सदस्यहरूमा माननीय सभासद् डा. शशांक कोइराला, माननीय सभासद् वकिल मुसलमान, माननीय सभासद् बृजेश कुमार गुप्ता, संस्कृति मन्त्रालयका सचिव मोदराज डोटेल, गृहसचिव, पर्यटन सचिव, अर्थ सचिव, भिक्षु कोण्डन्य, भिक्षुणी अनोजा, श्रीबहादुर सिं तामाङ्, ध्यान बहादुर मोक्तान, प्रविन्द्र राज शाक्य, सुवर्ण मुनि शाक्य, अम्बिका कोहार, तुलसी चौधरी रहनुभएको छ ।

यसरी नै लुम्बिनी विकास कोष कार्यकारिणी समितिमा अध्यक्ष संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री मिनेन्द्र रिजाल, उपाध्यक्ष आचार्य कर्मा साङ्बो शेर्पा, कोषाध्यक्ष माफिलाल थारू थनेत, काकास भिक्षु कोण्डन्य, सभासद् डा. शशांक कोइराला, काकास अम्बिका कोहार, सदस्य सचिव राजेन्द्र थापा मगर, प्राजेक्ट म्यानेजर भरत कुँवर हुनुहुन्छ ।

## भिक्षु महासंघको वार्षिक सभा हुने

१० फागुण, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघले महासंघको एकदिने वार्षिक साधारण सभा आउँदो २०६७ बैशाख २० गते सोमवारका दिन विश्वशान्ति विहारमा गर्ने निर्णय गरेको छ । सभामा उपस्थित हुन आवश्यक सदस्यता प्राप्तिको प्रकृया पुरा गरी सम्बद्ध सबैलाई उपस्थितिका लागि सचिव भिक्षु धर्ममूर्तिद्वारा जारी गरिएको पत्रमा हार्दिक आह्वान गरिएको छ । बैशाख ११ गतेका दिन वार्षिक साधारण सभाको आयोजना गर्ने भनिएतापनि महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविर आकस्मिक म्यानमारको भ्रमणमा जानुहुने भएकोले निर्णित एवं सूचित समय सारिएको जानकारी गराइएको छ ।

## भक्तिदास श्रेष्ठको निधन

२४ फागुन, काठमाडौं । बुद्धधर्म, विपश्यना-ध्यान, नेपालभाषाको क्षेत्रमा समर्पित आनन्दकटी विहारका पूर्व कार्यकारिणी सदस्य भक्तिदास श्रेष्ठ ८९ वर्षको उमेरमा निधन हुनुभयो । धर्मोदय सभाका उपाध्यक्ष, कोषाध्यक्ष तथा सल्लाहकार समेत भइसकेका दिवंगत श्रेष्ठ नेवारहरूको राष्ट्रिय संस्था नेवाः देय् दबूका प्रथम अध्यक्ष हुनुहुन्थ्यो । वरिष्ठ विपश्यनाचार्य दिवंगत श्रेष्ठले नेपालमा विपश्यना-ध्यानको प्रचारप्रसारमा पनि महत्वपूर्ण योगदान पुर्‍याउनु भएको थियो ।



दि. भक्तिदास श्रेष्ठ

लाजिम्पाट निवासी भक्तिदास श्रेष्ठ ने.सं. १०४१ आश्विन शुक्ल १३ का दिन जन्मनुभएको थियो । औषधोपचारको क्रममा काठमाडौं नर्सिंग होममा निधन हुनुभएको दिवंगत श्रेष्ठलाई पशुपति आर्यघाटमा दाह संस्कार गरिएको थियो । यसरी नै

उनको घरमा नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, अखिल नेपाल भिक्षु महासंघका पूर्वअध्यक्ष एवं आनन्द कुटी विहारका प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविर, विश्व शान्ति विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरलगायत भिक्षुसंघबाट मरणानुस्मृति पाठ तथा धर्मदेशना सम्पन्न भएको छ ।

## लिपिविज्ञ पं. हेमराजको निधन

२ चैत्र, ललितपुर । प्रसिद्ध लिपि विशेषज्ञ पं. हेमराज शाक्य ८६ वर्षको उमेरमा निधन हुनुभयो । पाटनको प्रसिद्ध महाबौद्ध चैत्य निर्माणकर्ता अभयराज शाक्यका पुस्ता पं. हेमराज शाक्यको ने.सं. १०४६ मा जन्म भएको हो । नेपालको सम्पूर्ण लिपिका विशेषज्ञ दिवंगत पण्डितको नेपाल लिपि संग्रह गहकिलो कृति हो । यसरी नै उनले २२ वर्षको अध्ययन-अनुसन्धानपछि प्रकाशन गर्नुभएको श्री स्वयम्भू महाचैत्य कृतिलाई महत्वपूर्ण ऐतिहासिक ग्रन्थ मानिन्छ । करिब ६० वटा प्रकाशित उहाँका कृतिहरूले नेपालमा लिपि तथा बुद्धधर्मको अध्ययन-अनुसन्धान क्षेत्रमा उहाँको योगदानमय स्मरण भइरहने छ ।


पं. हेमराज शाक्य

थैनाटोलको आफ्नै निवासमा देहावसानपछि उनको पार्थिव शरीरलाई बालकुमारी दीपमा दाह संस्कार गरिएको थियो । उनका जहान, दुई सुपुत्र तथा तीन सुपुत्री छन् । बैशाख ३ गते, २०६७ का दिन अक्षश्वर महाविहारमा दिवंगत पं. हेमराज शाक्यको पुण्यस्मृतिमा श्रद्धाञ्जली सभाको आयोजना गरियो ।

## स्वयम्भू वन अब महासमितिको जिम्मामा

२५ फागुन, काठमाडौं । नेपालको ऐतिहासिक पवित्र धार्मिक स्थल स्वयम्भूको वनजंगललाई नेपाल सरकार, वन मंत्रालयले धार्मिक वन घोषणा गरेको छ । गोपुच्छगिरि पर्वत् अर्थात स्वयम्भू जंगलको संरक्षण तथा सुरक्षा गर्न भनी वनमंत्री दिपक बोहराले एक समारोहका बीच स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिलाई जिम्मेवारी हस्तान्तरण गरेको छ । स्वयम्भू वनजंगलको सिमाना ३१.३८ हेक्टर जमीन रहेको छ । भूतपूर्व महान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधर हाल महासमितिका अध्यक्ष हुनुहुन्छ भने महेन्द्रानन्द बुद्धाचार्य महासचिव हुनुहुन्छ ।

महासमितिको काँधमा आइपरेको ऐतिहासिक जिम्मेवारीपछि स्वयम्भूको वनजंगलको सुरक्षा तथा संरक्षणमा सुधार आउने अपेक्षासहित समग्र स्वयम्भूकै समुचित विकास हुँदै जाने सर्वसाधारणले विश्वास गरेका छन् ।

## बुद्ध नगरमा बुद्धमूर्ति स्थापना

२९ फागुण, काठमाडौं । नयाँ बानेश्वरपरिसरमा बुद्धनगर विकास समिति र बुद्धनगर युवा समूहको सक्रियतामा जिल्ला विकास समिति काठमाडौंको आर्थिक सहायता र जनसहभागितामा मूल सडकसँगै निर्माण गरिएको बुद्धको मूर्तिसहितको शान्तिस्तम्भ अनागारिका अग्गञाणी धम्माचरियबाट उद्घाटन गरियो । प्राध्यापक रत्नमान डंगोलबाट स्थापित बुद्धमूर्तिको सौजन्य गर्नुभएको थियो ।

## आनन्द कुटीमा मासिक बुद्धपूजा-धर्मदेशना

१७ चैत्र, स्वयम्भू । ल्हुतिपुन्ही-चैत्रपूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भएको छ । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापश्चात् विहारका सचिव भिक्षु धर्ममूर्तिले बुद्धपूजा गराउनुभयो । त्यसपछि 'जीवनमा सुखशान्ति प्राप्त गर्न बुद्धोपदेशले त्यतिबेला मात्र औषधिको रूपमा कार्य गर्नसक्छ जतिबेला स्वयं हामीले त्यसलाई व्यवहारतः उतार्ने प्रयास गरेका हुन्छौं, अन्यथा औपचारिकतामैं सीमित हुनेछ' भनी भिक्षु कोण्डन्यले धर्मदेशना गर्नुहुँदै बताउनुभयो । उपस्थित भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई दानप्रदान गरी अन्तमा सबैका लागि भोजनको व्यवस्था गरिएको थियो । त्यस दिन दिवंगत तीर्थनारायन मानन्धरको पुण्यस्मृतिमा उनको परिवारले सबैको लागि भोजन दान गरे ।

## परियत्ति विद्यार्थीहरू पुरस्कृत

२८ चैत्र, काठमाडौं । आनन्द कुटी विहारका प्रमुख एवं अखिल नेपाल भिक्षु महासंघका पूर्व अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्व एवं लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य तथा परिषद् सदस्य भिक्षु कोण्डन्यको प्रमुख आतिथ्यत्वमा मातातीर्थ बौद्ध परियत्ति शिक्षा केन्द्रका उत्तीर्ण विद्यार्थीहरूलाई एक समारोहबीच पुरस्कार वितरण गरियो । समारोहमा प्रमुख अतिथि भिक्षु कोण्डन्य, अ. ने. भि. महासंघका सहसचिव भिक्षु राहुल, आयोजक परियत्ति केन्द्रका केन्द्राध्यक्ष भिक्षु पियदस्सी, शिक्षिका दया खड्गीलगायतका

वक्ताहरूले परियत्ति शिक्षाको महत्व र विशेषता बारे बोल्नुभयो । 'आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोष'का अध्यक्ष प्रमुख अतिथि भिक्षु कोण्डन्यले कोषको तर्फबाट परियत्ति केन्द्रलाई रू. ५,५५५।- तथा व्यक्तिगत रू. १,०००।- प्रदान गर्नुभयो । समारोहका सभापति आचार्य भिक्षु कुमार काश्यप महास्थविरले परियत्ति शिक्षाको विकासमा युवा भिक्षुहरूले जिम्मेवारीसहित अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो । दिलदेवी महर्जनले धन्यवाद ज्ञापन गरेको सो समारोह अनागारिका अणुलाले संचालन गर्नुभएको थियो ।

## पञ्चवीर सिंह पुरस्कार प्रदान

२८ चैत्र, काठमाडौं । बुद्ध सम्बत् २५५१ तथा २५५२ वर्षको सन्ध्या टाइम्स दैनिक (नेपाल भाषा) मा प्रकाशित लेखरचनामध्ये उत्कृष्ट बुद्धधर्मसम्बन्धी लेखक क्रमशः प्रेम लक्ष्मी तुलाधर र मदनमुनी वज्राचार्य (बु.सं. २५५१) तथा माया मानन्धर र डा. कबिन्द्र वज्राचार्य (बु.सं. २५५२) लाई लुम्बिनी बौद्ध विश्व विद्यालयका नवनियुक्त उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धरले विश्व शान्ति विहारको प्रांगणमा युवा बौद्ध समूह, काठमाडौंको आयोजनामा सम्पन्न एक धार्मिक समारोहबीच पञ्चवीर सिंह पुरस्कार वितरण गरिएको छ । साथै सोही अवसरमा 'पले मिखा-३' लेखसंग्रह पुस्तक विमोचन गरियो ।

## लुम्बिनी विश्वविद्यालयमा नयां उपकुलपति


उपकुलपति लु.वि.वि.

बुद्ध-जन्मभूमि नेपालमा बुद्ध, बुद्धधर्म, संस्कृति, इतिहास, दर्शन आदि विषयमा अध्ययन-अध्यापन गराउने उद्देश्यसहित स्थापना गरिएको लुम्बिनी विश्वविद्यालयमा नेपाल सरकार, शिक्षा मंत्रालयले प्रा. डा. त्रिरत्न मानन्धरलाई नयाँ उपकुलपतिमा नियुक्ति गरेको छ । नेपालको इतिहास तथा संस्कृतिविद्का रूपमा सुपरिचित मानन्धर विगतमा त्रिभुवन विश्वविद्यालय मानवीय संकायका डीन हुनुहुन्थ्यो ।

## उपकुलपतिलाई विशेष स्वागतर-सम्मान

काठमाडौं । नवनियुक्त लुम्बिनी विश्वविद्यालयका उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धरको कार्यकालमा ठोस कार्यप्रगति होस् भन्ने अभिप्रायसहित विभिन्न सम्बद्ध संघसंस्था तथा निकायबाट विशेष सम्मानसहित स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

चैत्र १५ गते धर्मोदय सभाले बुद्धविहारमा एक विशेष कार्यक्रमको आयोजना गरी नयाँ उपकुलपतिलाई स्वागत तथा सम्मान गरियो । सभाका अध्यक्ष पं. बद्रीरत्न वज्राचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा सल्लाहकार भिक्षु ज्ञानपूर्णिक महास्थविर, आजीवन सल्लाहकार लोक दर्शन वज्राचार्य, वरिष्ठ उपाध्यक्ष लक्ष्मीदास मानन्धर, महासचिव सुचित्रमान शाक्य, लु. बौ. वि. विद्यालयका उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धर, रजिष्ट्रार खड्गमान श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभयो ।

यसरी नै लोटस रिसर्च सेन्टर तथा लोटस एकेडेमि कलेजको संयुक्त आयोजना नवनियुक्त उपकुलपतिलाई स्वागत-सम्मान गरियो । रिसर्च सेन्टरका सल्लाहकार प्रा. डा. वज्रराज शाक्यको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा थाईलैण्ड, श्रीलंका र म्यानमारका महामहिम राजदूतहरू, रिसर्च सेन्टरका अध्यक्ष डा. भद्ररत्न वज्राचार्यले बोल्नुभयो ।

यसैगरी बैशाख ३ गते थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्ले नवनियुक्त उपकुलपतिलाई स्वागत-सम्मान गरेको छ । साथै दायक परिषद्को चैत्र ५ का दिन बसेको बैठकमा उपयुक्त स्थानमा उपयुक्त व्यक्तित्वको चयन गरेको भनी परिषद्का अध्यक्ष बखत बहादुर चित्रकारले नेपाल सरकारलाई साधुवाद व्यक्त गर्नुभएको छ ।

वि.सं. २०६१ सालमा अध्यादेशबाट स्थापित लुम्बिनी बौद्ध विश्वविद्यालयको खासै उल्लेख्य केही कार्य हुन सकेको देखिन्न । जनस्तरबाट संचालन गरिने भनिएको लु.बौ.वि.वि.को अहिलेसम्म खास कुनै भौतिक संरचना निर्माण गरिएको पनि छैन । लुम्बिनी पर्सा चोकस्थित टेनुहवा गाविसमा हाल यौटा साधारण भवन लिइएको छ । काठमाडौंको भृकुटीमण्डपभित्र यौटा सानो सम्पर्क कार्यालय रहेको छ । भनिन्छ अहिलेसम्म लु.बौ.वि.वि. को एउटा पूरक बैठक समेत बस्न सकिएको छैन । विगतमा पूर्व उपकुलपति डा. तीर्थराम वैद्य र रजिष्ट्रार केदार शाक्यले लु.बौ.वि.वि. बारे थुप्रै आशावादी आश्वासन बाँडेकै हुन् तर कार्यान्वयन पक्ष शून्य नै रह्यो । नवनियुक्त उपकुलपतिले पनि लु.बौ.वि.वि. को सभा बस्ने, विद्यावारिधी र स्नातकोत्तर तहको कक्षा संचालन गर्ने, पाठ्यक्रमको निर्धारण आदिइत्यादि कार्ययोजनालाई कार्यरूप दिने प्रतिबद्धता जनाउनु भएकै छ तर त्यसको लागि सम्बद्ध पक्षले प्रतिक्षा गर्नैपर्ने भएको छ ।

## परियत्ति शिक्षाको नतिजा प्रकाशित

१० चैत्र, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा- बु.सं. २५५३ (वि.सं. २०६६) को माघ महिनामा संचालित वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित गरिएको छ । प्रारम्भिक प्रथमवर्षदेखि कोविद अन्तिमवर्षसम्म गरी २५ जना विद्यार्थीहरू बोर्डस्थान प्राप्त गरेका छन् । उक्त परीक्षाको परिणामअनुसार नियमित समूहअन्तर्गत ४३ वटा परीक्षा केन्द्रबाट १२९७ जना विद्यार्थीहरू परीक्षामा सामेल भएकामध्ये १०६८ जना विद्यार्थीहरू उत्तीर्ण भएका छन् । यसरी नै परियत्ति सद्धम्म कोविद उपाधि परीक्षामा भिक्षु पदुमले बोर्ड प्रथमस्थान हासिल गर्न सफल हुनुभएको छ । मैत्री एफ. एम. को मैत्रीवाणी नियमित प्रशारण कार्यक्रमका संयोजक, विश्व शान्ति विहार परियत्ति केन्द्रका परिक्षार्थी भिक्षु पदुम हाल बुद्धधर्मको उच्चशिक्षा अध्ययनार्थ श्रीलंका जानुभएको छ ।


भिक्षु पदुम

परियत्ति शिक्षाको प्राइभेट परीक्षाअन्तर्गत उपत्यकाभित्र र बाहिर गरी ११ वटा केन्द्रबाट १४०९ जना परीक्षार्थीमध्ये १२६२ जना उत्तीर्ण भएका छन् । नियमित तथा प्राइभेट गरी जम्मा २७०८ जना परीक्षार्थीहरू परीक्षामा सम्मिलित भएका हुन् ।

अन्य बोर्ड प्रथमस्थान प्राप्त गर्ने परियत्ति विद्यार्थीहरूमा क्रमशः कक्षा ७ का भिक्षु आदिच्च (विश्व शान्ति विहार, मीनभवन), कक्षा ६ का श्रामणेर कविन्दो (विश्व शान्ति विहार), कक्षा ६ का शंकर महर्जन (श्री शाक्यसिंह परियत्ति शिक्षालय, थैना), कक्षा ४ का श्रामणेर सुबोधो (विश्व शान्ति विहार), कक्षा ३ का श्रामणेर कोविद (अन्तर्राष्ट्रिय बु. प. उदय विहार, बुटवल), कक्षा २ का पूर्ण शाक्य (ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल), नयाँ पाठ्यक्रममा कक्षा १ का सिक्खमान चित्तसारी (अन्तर्राष्ट्रिय बु. प. उदय विहार, बुटवल), पुरानो पाठ्यक्रममा कक्षा १ का राम मानन्धर (बोधिचर्या विहार प. केन्द्र, बनेपा) हुन् ।

## श्रद्धाञ्जली सभा सम्पन्न

२० चैत्र, काठमाडौं । बौद्ध महिला संघ, नेपालका सल्लाहकार दिवंगत भक्तिदास श्रेष्ठ तथा संरक्षिका दिवंगत दानलक्ष्मी कंसाकारको पुण्यस्मृतिमा बुद्धविहारमा श्रद्धाञ्जली सभाको आयोजना गरियो । संघका धर्मानुशासक एवं नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरसमक्ष पंचशील प्रार्थनापछि परित्राण-पाठ सम्पन्न भयो । सभामा नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, अनागारिका संघ नेपालका अध्यक्ष धम्मवती गुरूमाँ, बौ.म.सं.ने. का उपाध्यक्ष वीणा कंसाकार, पूर्व अध्यक्ष नानीमैयाँ मानन्धर, विजयरत्न तुलाधरले बोल्नुभयो । दिवंगत दानलक्ष्मी कंसाकारकी सुपुत्री गंगा र सिद्धिशोभाबाट बौ.म.सं.ने. लाई रू. १०,०००।- (दशहजार) प्रदान गरियो । दिवंगतहरूको सुगति कामना गर्दै पुण्यानुमोदना गरियो ।

## उपासक रामकृष्ण ताम्राकारलाई मातृशोक

२९ चैत्र, काठमाडौं । पूर्वमन्त्री उपासक रामकृष्ण ताम्राकारको ममतामयी माता उपासिका गणेश कुमारी ताम्राकार ८४ वर्षको उमेरमा निधन हुनुभयो । भैरहवामा दिवंगत पूर्ण बहादुर ताम्राकार तथा गणेश कुमारी ताम्राकारको नाउँबाटै पूगता भूमि जेतवन विहार स्थापना गरिएको छ । दिवंगत उपासिकाका ७ पुत्र तथा २ पुत्री छन् ।



आनन्द कुटी विहारका प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापश्चात् भिक्षु संघ, अनागारिका संघले परित्राण पाठ गर्नुभयो । विश्वशान्ति विहारका प्रमुम भिक्षु ज्ञानपूर्णिक महास्थविरले मरणधर्म बारे धर्मदेशना गर्नुभयो । मृतकवस्त्र-पांसुकुललगायत दानधर्मपछि पुण्यानुमोदन गरियो । ३० गतेका दिन बौद्ध चारित्रअनुसार विधि पुऱ्याई दाहसंस्कार सम्पन्न गरियो । सातदिसम्म परित्राण पाठ गरिदा भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु सुमेध महास्थविर, भिक्षु भद्दिय, भिक्षु कोलित, भिक्षु कोण्डन्य, अनागारिका अग्गञाणीले धर्मदेशना गर्नुभयो । चैत्र ११ गते पुण्यस्मृतिमा भिक्षु संघ तथा अनागारिका संघलाई भोजन दान गरियो ।

## मन्दाकिनी पनि बुद्धधर्ममा

'राम तेरी गंगा मैली' हिन्दी चलचित्रमा अंग प्रदर्शनीका कारण खूब चर्चामा आएकी हिरोइन कुनै समयमा अण्डरवर्ल्ड डन दाउद इब्राइमसित नाम जोडिएको थियो । त्यसपछि कुनै चर्चामा नदेखिएकी नन्दाकिनी पुनः बलिउड क्षेत्रमा देखिंदै छिन् । हाल बुद्धधर्मसित आवद्ध लामा भिक्षुको कथावस्तुलाई लिएर निर्माण भइरहेको 'द लस्ट कन्ट्री' नामक फिल्मको डाइरेक्टरको भूमिका देखिएकी मन्दाकिनीको यस फिल्मको अर्का डाइरेक्टर डा. केग्योर रिम्पोछे हुन् भने डा. केग्योर नै मन्दाकिनीका पति हुन् । त्यसैले मन्दाकिनीको मन बुद्धधर्मप्रति आस्था बढेको हो भने निर्माणाधीन 'द लस्ट कन्ट्री' को लगत्तै उनले पुनः अरू फिल्म खेल्ने भएकी छिन् ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा,
भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण,
शान्ति प्रवर्द्धनमा अग्रसर हुनु सबैको कर्तब्य हो ।

---

अनुशासन र नैतिकता विहीन ब्यक्ति पशुभन्दा
पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक
आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता
कायम गर्न आजैदेखि आफैबाट
त्यसको शुरुवात गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
**सूचना विभाग**

# हिन्दू राष्ट्रको नाममा साम्प्रदायिक हिंसा भड्काउने तयारी

- **हिन्दू राष्ट्र कायम नगरिए संविधान बन्न नदिने**
- **जेठको पहिलो हप्ता राजधानीमा ५० हजार मानिस जम्मा गर्ने**
- **उपराष्ट्रपति परमानन्द झा, उपप्रधानमन्त्री एवं भौतिक योजनामन्त्री विजयकुमार गच्छेदार, पूर्वप्रधानसेनापति रूक्मांगत कटवाल, खुमबहादुर खड्का, रक्षामन्त्री विद्या भण्डारी, एमाले नेता के.पि. ओली, विमल केडिया र शंकर पाण्डे प्रत्यक्ष संलग्न**

संविधान जारी गर्ने दिन कम हुँदै जाँदा नयाँ संविधान बन्न नदिन धार्मिक हिंसा भड्काउने तयारीका साथ नयाँ संगठन खोलिएको छ ।

'राष्ट्रिय धार्मिक जागरण अभियान' नाम गरेको उक्त संस्थाको संयोजकमा नेपाली कांग्रेसका नेता एवं पूर्वसांसद शंकर पाण्डे रहेका छन् भने महासचिवमा तराई मधेस लोकतान्त्रिक पार्टीका सभासद्समेत रहेका उद्योगपति विमल केडिया रहेका छन् ।

नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने र संवैधानिक साँस्कृतिक राजतन्त्र राख्नुपर्ने अडानका साथ खोलिएको उक्त संगठनले आगामी जेठको पहिलो हप्तामा राजधानीमा ५० हजार मान्छे जम्मा पार्ने योजना बनाएको छ ।

पूर्व राजा ज्ञानेन्द्रको अप्रत्यक्ष र पुत्र पारसको प्रत्यक्ष दिर्देशनमा संचालन गरिएको उक्त अभियानमा नेपाली कांग्रेसका नेता खुमबहादुर खड्का, शिक्षण अस्पताल महारागन्जमा कार्यरत रेडियोलोजिष्ट डा. उमेश खनाल, बल्खु आश्रम संचालन गरी बसेका सम्बुद्धदेवजी महाराज र नेपाल जनता पार्टीका सचिव खेम आचार्य र हिन्दू राष्ट्र संरक्षक संघका अध्यक्ष रमेश कँडेल पनि सदस्य रहेका छन् । सो अभियानमा आर्थिक संकलन भने कमल थापाले गर्ने भएका छन् । अभियानमा उपराष्ट्रपति परमानन्द झा, वर्तमान सरकारका उपप्रधानमन्त्री एवं भौतिक योजनामन्त्री विजयकुमार गच्छेदार, रक्षामन्त्री विद्या भण्डारी, एमाले नेता खड्ग ओलीलगायतको पनि सहयोग रहने स्रोतले बतायो ।

नेपालमा साम्प्रदायिक हिंसा भड्काउने र नयाँ संविधान बन्न कुनै हालतमा नदिने भारतीय योजनामा उक्त संगठनकै एक स्रोतले बतायो । त्यसका लागि यसअघि प्रवचन दिने हिसाबले नेपाल आएका पाइलट बाबा, चन्द्रश्वामी महाराज र पछिल्लो अवधिमा पशुपति क्षेत्रमा यज्ञ सम्पन्न गरेका कालीबाबालाई सोही योजनाअनुसार नै नेपालमा ल्याइएको स्रोतले दाबी गऱ्यो ।

पशुपतिमा कालीबाबाले यज्ञ संचालन गर्दा पूर्वराजा ज्ञानेन्द्र र खुमबहादुरको भेट पनि त्यही योजनालाई मूर्तरूप दिन भएको उक्त स्रोतले बतायो ।

स्रोतका अनुसार कालीबाबाको नाममा यज्ञ चलिरहँदा राजधानीको डिल्लीबजारस्थित एक पार्टी प्यालेसमा अति हिन्दूवादीहरूको गोप्य बैठक बसेको थियो । १० दिनसम्म राती र विहान सबेरै चलेको उक्त बैठकले पहिले कायम भएका हिन्दू राष्ट्र संरक्षण संघलगायतलाई मर्ज गरी नयाँ संगठनको राष्ट्रिय धार्मिक जागरण अभियान राखिएको छ ।

हिन्दू राष्ट्र संरक्षणसंघ नै राख्ने कुरा पनि भएको थियो तर त्यस्तो नाम राख्दा नेपाली जनताले सजिलै पचाउन नसक्ने र आक्रमणमा परिने डरले नाम परिवर्तन गरिएको हो स्रोतले भन्यो ।

पारसले यस अभियानका लागि नेपालका राजनीतिक पार्टी, एनजीओ, प्रहरी, सेना, पत्रकार, डाक्टर, वकिल र नागरिक समाजका गरी पाँच सयजना नेतृत्व गर्नसक्ने व्यक्तिको खोजी गरिरहेका छन् । त्यसका लागि जति परेपनि पैसा दिने वचन पनि आएको छ स्रोतले भन्यो । जेठ १४ अगावै एउटा सैन्य प्रशिक्षण तालिम पनि संचालन गर्ने निर्णय गरिएको छ । त्यसका लागि माओवादीबाट पलायन भएका लक्ष्मण चौधरीसँग सहयोग लिने बारेमा छलफल चलेको छ । लक्ष्मण आफूले सघाउने बताएका छन् स्रोतले भन्यो ।

संविधानमा हिन्दू राष्ट्र र साँस्कृतिक राजतन्त्र नभए ठूलै हिंसा भड्काउने योजना छ, जसका लागि तराईमा संचालित प्रायः सबैजसो सशस्त्र समूहसँग कुरा गर्ने बारे भारतीय जनतापार्टीका सांसद योगी आदित्य नारायणसँग कुरा भएको छ । योगी आदित्य नारायणसँग हालसालै भारत गएर फर्किएका खेम आचार्यले सो क्रममा कार्यक्रमका लागि भनेर १० लाख पोष्टर भारतको गोरखपुरमा छपाएका छन् । सो पोष्टरहरू यही हप्ता नेपाल आउँदैछ । पोष्टर छपाइका लागि राप्रपा नेपालका अध्यक्ष एवं शाही मन्त्री कमल थापामार्फत ४० लाख लिइएको छ ।

अभियानका संयोजक पाण्डेले संगठन निर्माण गरिएको कुरा स्वीकारे तर उनले आफूहरू हिंसा नगर्ने बताए । उनले आफूहरू सनातन हिन्दू राष्ट्र बनाउने कुरामा आन्दोलनरत रहेको बताए । अभियानले यसै हप्ता राजधानीमै एक कार्यक्रम राख्न लागेको पनि पाण्डेले बताए ।

*(साभार - सन्तोष पौडेल, ४ चैत्र, २०६६, जनदिशा ९/१५७)*